# पहिलो परिच्छेद

# शोध परिचय

## १.१ विषय परिचय

होमनाथ सुवेदीको जन्म वि.सं.२००४ साल असोज २७ गते तदनुसार अक्टुबर १०, १९४७, ताकम, म्याग्दीमा भएको हो । उनले त्रि.वि.बाट नेपाली विषयमा स्नातकोत्तर र बी.एड.उत्तीर्ण गरेका छन् । उनको हालको बसोबास भर्जिनिया, अमेरिका रहेको छ । उनको साहित्यिक यात्रा वि.सं.२०२५ सालमा **हिमाल** साहित्यिक पत्रिकामा **अविवेक** कथा प्रकाशित भएपछि सुरु भएको हो । उनका सिर्जनाका विधाहरू कथा, उपन्यास, कविता, खण्डकाव्य, महाकाव्य, गजल, समालोचना हुन् । उनका प्रकाशित कृतिहरूमा **न्याउली** ( उपन्यास) २०४३, **रत्ना** (उपन्यास) २०४३, **त्रिमूर्ति** (उपन्यास) २०४४, **नजर** (उपन्यास) २०४४, **वीणा** (उपन्यास) २०४५, **चौराली** (उपन्यास) २०५१, **अंकुर** (उपन्यास) २०५३, **यमपुरीको महल** (उपन्यास) २०६४, **नेपाली लोककथा** (कथा सङ्ग्रह) २०५२, **चिरिएको मुटु** (कथा सङ्ग्रह) २०६४, **छन्त्याल लोककथा** (कथा सङ्ग्रह) २०६६, **प्रवासी स्वर** (कविता सङ्ग्रह) २०५४, **आप्रवासका सुसेली** (कविता सङ्ग्रह) २०६३, **सेतागजल** (गजल सङ्ग्रह) २०६४, **छयासीको छवि** (खण्डकाव्य) २०६४, **ग्रहग्रस्त दिवाकर** (खण्डकाव्य) २०६४, **नवछायावादको छवि** (समालोचना) २०६५, **समुद्रपारका समालोचना** (समालोचना) २०६५, **विविधमा मृद-लका गजल** (२०६६) र **ताकम दर्पण** (सहलेखन) २०५५ तथा प्रकाशोन्मुख कृति : **अन्तर्दाह** (उपन्यास), **डायस्पोराको पेन** (महाकाव्य) रहेका छन् । उनले विभिन्न सम्मान तथा पुरस्कारहरू प्राप्त गरेका छन्, तिनीहरूमा **रत्न श्रेष्ठ**, पश्चिमाञ्चल क्षेत्रीय पुरस्कार २०५४, अंकुर उपन्यासका लागि, **सूर्यनारायण पुरस्कार २०६२,** सूर्यनारायण गुठी म्याग्दीबाट भाषा र साहित्यमा गरेको योगदानका लागि**, रोहिणी शर्मा, धवलागिरी उत्कृष्ट पुरस्कार ई. २००७** आप्रवासका सुसेलीका लागि, **नेपाली साहित्य प्रथम पुरस्कार ई. २००७,** एएन्एबाट **कदरपत्र ई. १९९७, डायास्पोरा नृपध्वज कार्की पुरस्कर २०६४** रहेका छन् । उपन्यासकार सुवेदी विभिन्न सङ्घ संस्थाबाट अभिनन्दित भएका छन्, जसमा धवलागिरी जनक्लब, सनातन धर्म सेवा समिति,अन्नपूर्ण पुस्तकालय, आमा समूह,**"पोएट अफ दि मेरिट अवार्ड मेडल", "आउटस्ट्यान्डिङ् अचिभमेन्ट इन पोयट्री सिल्भर अवार्ड कप" अवार्डेड वाई दि इन्टरनेशनल सोसाइटी अफ पोएटस् ( आई.एस.पी.) २००३, पायोनियर अफ नेपाली लिटरेचर इन नेपाली डायस्पोरा**, २००४ आदि रहेका छन् ।

निरन्तर नेपाली साहित्यमा साधनारत सुवेदीका विभिन्न साहित्यिक विधाहरू मध्ये उपन्यास उर्वर विधाको रूपमा देखिएको छ । उनका प्रकाशित आठवटा उपन्यास मध्ये **यमपुरीको महल** (२०६४) एक चर्चित उपन्यास हो । यसै उपन्यासको भूमिका लेखनमा

कलम चलाउनु हुने साहित्यकार गोविन्द राज भट्टराई, मोहन सिटौला जस्ता प्रतिभाहरूबाट डायस्पोरिक नेपाली उपन्यासको रूपमा चर्चा परिचर्चा पाइसकेको र त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र सङ्कायको स्नातक तहको पाठ्यक्रममा समेत समावेश गरिएको यस उपन्यासको कृतिगत अध्ययन हुन जरुरी छ । यसैको समाधान तर्फ प्रस्तुत शोध केन्द्रित रहेको छ ।

## १.२ शोध समस्या

यमपुरीको महल होमनाथ सुवेदीका उपन्यासहरू मध्येको महत्त्वपूर्ण उपन्यास हो । प्रवासमा रहेर प्रवासी मानसिकताको नौलो चित्र प्रस्तुत गर्न सफल उपन्यासको रूपमा चिनिन सफल यस उपन्यासको औपन्यासिक विधातत्त्वका निम्न समस्याहरूको समाधान गर्ने प्रयास गरिएको छ :

(क) यमपुरीको महल उपन्यासमा वस्तु विधान, पात्र विधान र परिवेश विधान कस्तो छ ?

(ख) यमपुरीको महल उपन्यासमा उद्देश्य, दृष्टिविन्दु, विचारतत्त्व र भाषाशैलीको प्रयोग स्थिति कस्तो छ ?

(ग) यमपुरीको महल उपन्यासमा के कस्ता विशेषताहरू रहेका छन् ?

## १.३ शोधको उद्देश्य

होमनाथ सुवेदीद्वारा लिखित यमपुरीको महल उपन्यासको कृतिगत अध्ययन गर्नु यस सोधको मुख्य उद्देश्य हो । यस उद्देश्यलाई निम्न बुँदाबाट थप प्रष्ट पार्न सकिन्छ :

(क) यमपुरीको महल उपन्यासको कथानक, वस्तुविधान, पात्र विधान र परिवेश विधानको अध्ययन गर्नु,

(ख) यमपुरीको महल उपन्यासमा रहेको उद्देश्य, दृष्टिविन्दु, विचार तत्व र भाषाशैलीको प्रयोग स्थितिको निरूपण गर्नु,

(ग) यमपुरीको महल उपन्यासमा रहेका विशेषताहरूको अध्ययन र विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

**यमपुरीको महल** (२०६४), होमनाथ सुवेदीको चर्चित उपन्यास हो । नेपाली उपन्यास परम्परामा बाह्य परिवेशमा नेपालीहरूको अवस्था देखाउन सफल उपन्यासको रूपमा यस उपन्यासलाई लिइएको पाइन्छ । उपन्यासकार होमनाथ सुवेदी स्वयं डायस्पोरिक व्यक्तित्व हुन् । लामो समयदेखि अमेरिकामा बसेर नेपाली साहित्यको श्रीवृद्धिमा लागेका सुवेदीले यस उपन्यासमा विदेशी बसाई र भोगाइको बढी यथार्थ चित्र प्रस्तुत गर्न सफल भएका छन् । नेपाली उपन्यास परम्परामा बाह्य परिवेशको मार्मिक चित्र लिएर देखा परेको

यस उपन्यासको बारेमा विभिन्न समालोचक तथा विद्वान्हरूवाट केही समालोचनात्मक कार्य भएका छन् । यस शोधपत्रको तयारीका लागि जे जति अध्येता तथा समालोचकहरूका दृष्टिकोण युक्त सामग्री प्राप्त भएका छन् तिनीहरूलाई यहाँ सङ्क्षिप्त रूपमा काल क्रमिक ढङ्गले प्रस्तुत गरिएको छ :

गोविन्दराज भट्टराई (२०६४) ले **यमपुरीको महल** उपन्यासको भूमिकामा यस उपन्यासलाई नेपाली डायस्पोरिक प्रथम उपन्यास भनेका छन् । उनले यस उपन्यासलाई चेतना प्रवाह शिल्पको सचेततापूर्वक प्रयोग गरिएको भिन्न संरचनायुक्त चामात्कारिक शैली र नवीनतायुक्त आयाममा विस्तृत तिमिराच्छन्न ओडार भित्रको उज्यालोको रूपमा लिँदै उपन्यासको अन्तरवस्तुको उद्घाटन पनि गरेका छन् । यसै लेखका माध्यामबाट उनले यस उपन्यासको अनुच्छेद विभाजन र अध्ययहरूको बारेमा पनि स्पष्ट पारेका  छन् ।

मोहन सिटौला (२०६४) ले **यमपुरीको महल** उपन्यासको प्रकाशकीयमा यमपुरीको महललाई आधुनिक प्रयोगशील उपन्यास तथा नेपालबाट अमेरिका बसाइँ सर्ने नेपाली डायस्पोराको विहङ्गम अन्तरावलोकनका रूपमा चिनाउने काम गरेका छन् । यसका साथै यस उपन्यासलाई नेपाली उत्तरआधुनिक डायस्पोरिक समाजको आस्तित्ववादी पीडाको महल हो भनेका छन् ।

कुमार प्रसाद कोइराला (२०६४) ले **गरिमा** पत्रिकामा **यमपुरीको महल** उपन्यासलाई होमनाथ सुवेदीको महत्त्वपूर्ण उपन्यासको रूपमा चर्चा गरेका छन् । यस उपन्यासले नेपाली साहित्यमा महत्त्वपूर्ण योगदान दिएको कुरा उल्लेख गरेका छन् ।

गोरखनाथ सुवेदी (२०६५) ले **होमनाथ सुवेदीको उपन्यासकारिता** शीर्षकको स्नातकोत्तरको शोधपत्रमा होमनाथ सुवेदीको औपन्यासिक प्रवृत्तिका रूपमा आप्रवासी चेतना तथा नवचेनतावादी प्रवृत्तिको चर्चा गर्दा आप्रवासीय जीवन भोगाइको यथार्थ मनोदशाको उद्घाटन गर्न सफल मौलिक नेपाली उपन्यासका रूपमा यमपुरीको महललाई लिएका छन् । यसका साथै **यमपुरीको महल** उपन्यासको विश्लेषण पनि गरेका छन् । यस शोधमा औपन्यासिक तत्त्वका आधारमा यमपुरीको महलको विश्लेषण पनि गरिएको छ ।

मुरारी प्रसाद रेग्मी (२०६५) ले **भृकुटी**  पत्रिकामा यमपुरीको महललाई उत्तरआधुनिक विशेषता बोकेको (डायस्पोरिक) सफल नेपाली उपन्यास भनी चर्चा गरेका छन् । यमपुरीको महलका प्रत्येक अध्यायको उत्तर आधुनिक साक्ष्यमा राखेर विश्लेषण गरिएको छ ।

होमनाथ सुवेदी (२०६६) ले **स्रष्टा र डिजिटल वार्ता**  अन्तर्वार्ता संग्रहमा यमपुरीको महललाई पितृदेशको अभाव र तद्प्राप्तिको कामनामा तडपिएको अमेरिकामा बाँचेको एक नेपालीको दर्दनाक कहानीको अनुलोप त्रहो भनेका छन् ।

विष्णु प्रसाद ज्ञवाली (२०६७) ले **समसामयिक नेपाली उपन्यास** समलोचना कृतिमा डायस्पोरिक उपन्यासको सन्दर्भमा यमपुरीको महलको चर्चा गरेका छन् ।

नेत्र एटम (२०६७) ले **नेपाली डायस्पोरा र अन्य समालोचना** समालोचना सङ्ग्रहमा "नेपाली डायस्पोरा र यमपुरीको महल" शीर्षक लेख अन्तर्गत **यमपुरीको महल** नेपाली डायस्पोरिक उपन्यास परम्परामा कोसेढुङ्गो बनेको कुरा उल्लेख गरेका छन् । साथै यो उपन्यास जटिल कथारचना भएको उपन्यासको रूपमा लिएका छन भने विदेशमा कामको खोजीमा गएका मान्छेहरूले भोगेको दुःख एक्लोपना, अनिश्चितना र विफलताको कथा हो र आत्मीय जनसँग विछोडिनुको गहिरो पीडा र भयको प्रस्तुति हो भनेका छन् ।

महेश पौड्याल(२०६८) **नागरिक** दैनिक पत्रिकामा डायस्पोरा फेसन शीर्षक लेख अन्तर्गत नेपाली डायस्पोरिक उपन्यासको रूपमा यमपुरीको महललाइ हेर्ने प्रयत्न गरेका छन् । यमपुरीको महलको डायस्पोरिक सन्दर्भमा विश्लेषण गरिए तापनि कृति परक विश्लेषण छैन ।

यादवप्रकाश लामिछाने (२०६८) ले **एजुकेशन क्वाटर्ली पत्रिकामा प्रकाशित** मा "डायस्पोरिक कोणबाट यमपुरीको महल उपन्यासको विश्लेषण" शीर्षकको लेखमा **यमपुरीको महल** उपन्यासको डायस्पोरिक विशेषताका आधारमा यस उपन्यासको विश्लेषण गरिएको छ । आप्रवासीहरूको जीवन भोगाइ, अन्तरिक पीडा, सांस्कृतिक अन्तमिश्रण तथा भञ्जन, विचलन, माटोप्रतिको अनुराग, यस उपन्यास भित्रका गहनीय पक्ष मानिन्छन् भनी उनले भनेका छन् । तर उपन्यासको कृतिगत विश्लेषण गरिएको छैन ।

विभिन्न विद्वान्हरूले **यमपुरीको महल** उपन्यासको बारेमा विभिन्न किसिमले व्याख्या तथा विवेचना गरेका छन् । प्राय गरी सवैको विश्लेषणलई नियाल्दा यस उपन्यासलाई डायस्पोरिक उपन्यासकै आधारमा व्याख्या र विश्लेषण गरिएको पाइन्छ । त्यस मध्ये पनि गोविन्दराज भट्टराई, महेश पौड्याल, होमनाथ सुवेदी, मुरारी प्रसाद रेग्मी, यादवप्रकाश लामिछाने, जस्ता अध्येताहरूले नेपाली प्रथम डायस्पोरिक उपन्यासको रूपमा वढी जोड दिएका छन् भने  नेत्र एटम, मोहन सिटौला जस्ताअध्येताहरूबाट नेपाली डायस्पोरिक उत्कृष्ट उपन्यासको रूपमा मात्र चर्चा गरिको छ । यस उपन्यासको विधा तत्वको आधारमा औपचारिक अध्ययन विश्लेषण भएको देखिदैन । यसैको अभावलाई प्रस्तुत शोधले पूरा गर्ने अपेक्षा राखिएको छ ।

गोविन्दराज भट्टराईले अन्तर्राष्ट्रिय नेपाली डायस्पोरा प्राज्ञिक अध्ययन (२०६८) मा डायस्पोरा अध्ययनको नेपाली इतिहास शीर्षकमा **यमपुरीको महल** जस्तो कृति डायस्पोरिक जीवनको एक उत्कृष्ट नमुना भयो भनेका छन भने होमनाथ सुवेदीलाई नेपाली डायस्पोरालाई साहित्यमा भित्र्याउने सफल साहित्यकार तथा समालोचकको रूपमा प्रस्तुत गरेका छन् ।

## १.५ शोधको औचित्य

यमपुरीको महल विश्व परिवेशमा देखिएको समसमामयिक अवस्थालाई नेपाली पर्यावरण अनुसार ढालेर लेखिएको उपन्यास हो । विश्वव्यापीकरणले ल्याएका चुनौतीहरूको सामना गर्दै तथा अवसरहरूको सदुपयोग गर्न विश्वका कुनै पनि ठाउँका मानिसहरू विश्वका कुनै पनि कुनामा पुगेका छन् । यसरी आफ्नो थातथलो छाडेर पराई देशलाई आफ्नो कर्मभूमि बनाउन बाध्य भएकाहरूको मानवीय अवस्था र स्थितिको चित्रण गर्न सफल उपन्यासको रूपमा यस उपन्यासलाई लिन सकिन्छ ।

साहित्यकार होमनाथ सुवेदीका अघिल्ला उपन्यासहरूले पनि बाह्य देशमा बस्नेहरूको स्वदेशप्रतिको मोह र आफन्तजनसँग बिछोडिनु पर्दाको पीडालाई अभिव्याक्त गर्न सफल रहेका छन् । यसै परिप्रेक्ष्यमा आएको यस उपन्यासले बाह्य परिवेशमा नेपालीहरूको स्थिति र अवस्थालाई विश्वासनीय तवरले चित्रण गरेको छ । विभिन्न विद्वान् र समालोचकहरूले यस उपन्यासलाई डायस्पोरिक उपन्यासको रूपमा चर्चा गर्दै आएका छन् । नेपाली उपन्यास परम्परामा डायस्पोरिक उपन्यासको रूपमा मात्र चर्चा गरिएको यस उपन्यासको कृतिपरक विश्लेषण आफैँमा औचित्यपूर्ण छ । औपन्यासिक विधातत्त्वका आधारमा यस उपन्यासको विश्लेषणको विषयगत महत्त्व रहेको छ । यसका साथै उपन्यासको बारेमा थप अध्ययन, अध्यापन र खोज गर्नेहरूका लागि यो शोध उपयोगी रहने छ ।

## १.६ शोधको सीमाङ्कन

प्रस्तुत शोध **यमपुरीको महल उपन्यासको कृतिगत अध्ययन**मा सीमित रहेको छ । यस शोधमा विधातत्त्वका आधारमा यमपुरीको महल उपन्यासको विश्लेषण गरी यसमा रहेका विशेषता र प्रवृत्तिहरूको अध्ययन र विश्लेषणमा मात्र सीमित गरिएको छ ।

## १.७ शोध विधि

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोध साहित्यिक शोध भएको हुँदा यसका निमित्त आवश्यक सामग्रीको सङ्कलन पुस्तकालयीय अध्ययन कार्यबाट गरिएको छ । पुस्तकालयीय पद्धतिबाट सङ्कलन गरिएको हुनाले सम्पूर्ण सामग्रीहरूलाई द्वितीयक सामग्रीको रूपमा लिइएको छ । होमनाथ सुवेदीको **यमपुरीको महल** २०६४, उनको जीवनी व्यक्तित्व र कृतित्वको बारेमा बालकृष्ण शर्माले २०५८ मा गरेको शोध र उनको साहित्यिक विशेषताका बारेमा गरिएका अनुसन्धान, समीक्षा, समालोचना, विश्लेषण, टिप्पणी आदिलाई आवश्यकता अनुसार उपयोग गरिएको छ । सम्बन्धित सामग्रीको स्रोत त्रि.वि. पुस्तकालयका साथै अन्य निजी तथा सार्वजनिक पुस्तकालयहरू रहेका छन् ।

### १.७.२. विश्लेषणको सैद्धान्तिक आधार र ढाँचा

प्रस्तुत शोध साहित्यिक शोध अन्तर्गत उपन्यासको कृतिपरक अध्ययन भएकोले विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । औपन्यासिक विधा सिद्धान्त यसको मुकख्य आधार रहेको छ भने औपन्यासिक कृतिहरूको विवेचनाका क्रममा सम्बद्ध एवं प्रचलित ढाँचाको प्रयोग गरिएको छ ।

### १.८ शोधको रूपरेखा

प्रस्तुत शोधको संरचनालाई सुसंगठित र सुव्यवस्थित गर्नका लागि निम्न अनुसारको परिच्छेदहरूमा विभाजन गरिएको छ :

पहिलो परिच्छेद: शोधको परिचय

दोस्रो परिच्छेद : उपन्यास विश्लेषणको सैद्धान्तिक प्रारूप

तेस्रो परिच्छेद : यमपुरीको महल उपन्यासको वस्तु विधान, पात्र विधान र परिवेश विधान

चौंथो परिच्छेद : यमपुरीको महल उपन्यासको दृष्टिविन्दु, विचार तत्व र भाषाशैली

पाँचौ परिच्छेछ : यमपुरीको महल उपन्यासका वैशिष्ट्य

छैठौं परिच्छेद : उपसंहार तथा निष्कर्ष

# दोस्रो परिच्छेद

# उपन्यासको सैद्धान्तिक प्रारूप

## २ .१ उपन्यासको सामान्य चिनारी

'उपन्यास' शब्दले नेपाली साहित्यका विविध विधाहरूमध्ये महत्त्वपूर्ण एवं नवीनतम् विशेषताका साथ एउटा नयाँ विकसित विधालाई जनाउँदछ । यो हाल आएर विश्व साहित्यमै लोकप्रिय विधा भए तापनि यसको इतिहास साहित्यका अन्य विधाहरू जति पुरानो देखिँदैन । नेपाली साहित्यमा विकसित 'उपन्यास' तत्सम शब्द हो । 'अस्' धातुमा 'उप' र 'नि' उपसर्ग जोडी त्यसमा 'घञ्' प्रत्यय समेत जोडिई 'उपन्यास' शब्दको व्यूत्पति भएको छ । यसको अर्थ संस्कृतमा 'अर्थको यूक्तिपूर्ण प्रस्तुतीकरण', 'आनन्द गराउने वाक्य', 'प्रतिमुख सन्धिको एउटा भेद, 'प्रदर्शक वाक्य' भन्ने हुन्छ (बराल र एटम, २०५६ : ३)। यसरी संस्कृत साहित्यमा उप र न्यासको जोड बाट उपन्यास बनेको देखिन्छ । उप र न्यासले क्रमशः नजिक र राख्नुलाई बुझाउँदछन् दुबैको सान्दर्भिक अर्थ हुन्छ नजिक राखिएको वस्तु अर्थात त्यस्ता रचनालाई उपन्यास भनिन्छ जो हामीलाई आफ्नै जीवनको प्रतिच्छाँया जस्तो लागोस् (प्रधान, २०६१: १३) । उपन्यास शब्द सँस्कृतबाट बन्न पुगे पनि आधुनिक उपन्यासको प्रारम्भ विन्दु वा उद्भवको इतिहास सँस्कृत साहित्यतर्फ खोज्नु सान्दर्भिक देखिँदैन (प्रधान, २०६१: १३) । उपन्यासको मूल स्रोत मूलतः पाश्चात्य साहित्यबाटै खोजिनु पर्दछ । त्यतैबाट प्रवाहित विधाको रुपमा आधुनिक उपन्यासलाई अंगिकार गरेर कालान्तरमा नेपाली साहित्यमा पनि यसको विकास भएको हो । तसर्थ 'उपन्यास' शब्द संस्कृतबाट बन्न पुगेपनि हाल 'उपन्यास' शब्दलाई नोवेलकै पयार्यका रूपमा लिइने गरिन्छ ।

अँग्रेजी भाषाको 'नोवेल' शब्द इटालेली भाषाको 'नोवेले' बाट आएको हो । जसको अर्थ छोटा आख्यान वा समाचार भन्ने हुन्छ । यही शब्दले फ्रान्समा नयाँ कृतिलाई जनाउँदछ । यसप्रकार आख्यानात्मक साहित्यिक विधा उपन्यासको उत्पत्ति हुन लामो कालखण्ड बितेको छ । समाचार शब्दले इंगित गर्ने आसयको व्याख्या गर्दा अचेल देखिने उपन्यास अनुसार यसले सामान्य जीवनबाट चरित्र तथा घटनाहरु बटुलेर प्रचलित भाषामा प्रस्तुत गर्ने गुण विशेषलाई संकेत गर्दछ । जसबाट सर्व साधारणले बोल्ने भाषामा लेखिएको सामान्य जीवनका चरित्र र घटनाहरुको संकलन भन्ने भाव व्यक्तिन्छ (प्रधान, २०६१: १३) । इटालीयन कथाकार गिओवानी बोकासियोको **डेकामेराँ** (१३४८ - १३५८) ले यस्ता भावहरु अभिव्यक्त गरेका छन् । इटालीयन नोवेलेले जनाउने समाचारको अर्थ अनुरुप सामान्य घटनामा लेखिएका बोकासियोका **डेकामेराँ** ले आधुनिक उपन्यासको विकासको चरणलाई महत्वपूर्ण योगदान दिएका छन् । १६२० मा डेकामोराँको अँग्रेजी अनुवाद भएपछि यसको

प्रभाव अँग्रेजी साहित्यमा तीब्र रुपमा पऱ्यो यसै क्रममा अँग्रेजी साहित्यकार ड्यानियल डिफोको रविन्सन क्रुसो १७१९ देखापऱ्यो । यसले अँग्रेजी उपन्यासलाई एउटा नयाँ मोड दियो र विश्व साहित्यको परिप्रक्ष्यमा प्रथम नोभलको अभ्युदय भयो (बराल र एटम, २०५६ : ५) यथार्थ धरातल, कथा उपकथाहरुमा समेटेर एउटा सभ्य र शिष्ट व्यङ्ग्य परम्पराको सुरुवात यसै उपन्यासबाट भयो । यसपछि उपन्यास विधाले अठारौं शताब्दीमा आइपुग्दा यथार्थवादलाई अङ्गीकार गऱ्यो र लोकप्रिय पनि बन्दै गयो ।

उपन्यास जीवनको आन्तरिक र बाह्य संरचनाको वास्तविक तर कलात्मक अभिव्यक्ति हो । उपन्यास जीवनको पूर्ण कदको तस्वीर हो अझ कलात्मक प्रस्तुतिमा आउने हुनाले जीवनभन्दा बढ्ता साझा जीवनको प्रतिच्छाँया हो । अरु कलाकृति जस्तै उपन्यास पनि रूप, आकृति र संरचना आदिको अपेक्षा राख्ने विधा हो (सुवेदी, २०६४ : ५) । यसर्थ हाल आएर उपन्यासले वर्तमान जीवनको व्यापक तथा साङ्गोपाङ्ग परिवेशलाई समेटने हुनाले र यसका आफ्नै विशेषता पनि हुने हुनाले आफ्नो क्षेत्र वा परिधि फराकिलो पार्दै लगेको छ । केवल एकछिनको रमाइलो अवस्थामा मात्र होइन, घटना र जीवनका सूक्ष्म तहहरूको संयोजनमा नै उपन्यासको सम्पूर्ण स्वरूप अडेको हुन्छ (बराल र एटम, २०६६ : ८) । उपन्यासमा सिङ्गो समाज अटाएको हुन्छ भने परिवेश पनि व्यापक हुन्छ ।

उपन्यासले विषयवस्तुहरू पनि समाजबाटै ग्रहण गरेको हुन्छ र त्यस विषयवस्तुलाई रमाइलो बनाइ आफ्नो कलाकौशलले सिँगारेको हुन्छ । उपन्यासले समयको गतिसँगै सामाजिक भेदभाव, शोषण, दमन, अन्याय, अत्याचार, सामाजिक तथा राजनैतिक र सांस्कृतिक समस्याको यथार्थतालाई समेट्नुका साथै यथार्थवादी र आलोचनात्मक यथार्थवादी उपन्यासले विशेष स्थान लिए । पात्रको जीवनशैली र उपन्यासको उद्देश्यमा विषमता हुने हुँदा जीवनको भोगाइ र मानव नियति लेखकले निर्धारण गरेको उद्देश्यभन्दा फरक हुनसक्छ । किनकी प्रत्येक उपन्यास एउटा यन्त्रमा निर्मित वस्तुजस्तो एकै ढाँचाको हुँदैन (सुवेदी, २०६४ : १३) । उपन्यास कुनै निश्चित समय र स्थानको सीमामा हुन्छ भन्ने हुँदैन । यस सीमायुक्त स्वतन्त्रताले गर्दा नै उपन्यासमा सम्पूर्णता समेटिन्छ । समाजका यथार्थलाई कल्पनाको मिश्रण गराई कौशलताले सिँगार्ने सहजता हुन्छ । प्रत्येक समाजमा वा प्रत्येक देशमा आ-आफ्नै भाषा संस्कृति हुन्छ । नयाँ-नयाँ संस्कृति तथा परिवेशसँगै नवीन प्रवृत्तिहरू देखापर्दछन् । यस आधारमा आख्यान-उपाख्यानको फरक-फरक परम्परा हुन्छ । यो उपन्यासको आफ्नै विशेषता हो ।

उपन्यास एउटै जीवनको सीमित आयतनमा मात्र समेटिने विधा होइन यो त कलाको व्यापक पक्षमा, सभ्यताको व्यापक परिधिमा, जीवनको व्यापक निरन्तरतामा व्यापक क्षितिज भएर फैलिन सक्छ (सुवेदी, २०६४ : १६) । यसरी उपन्यासमा जीवन प्रतिबिम्बित हुन्छ । जीवनमा घटेका वास्तविक घटनाहरूको प्रतिनिधित्व हुने भएकाले पनि यो विश्व

साहित्यमा लोकप्रिय बन्दै गएको हो । कुनै पनि साहित्यिक विधाले उपन्यासको तुलनामा जीवन र जगतलाई सहज रूपमा चिनाउन र समाजका आन्तरिक र बाह्य यथार्थलाई सम्पूर्णतामा प्रस्तुत गर्न वर्तमान सन्दर्भमा असक्षम बनेका छन् (प्रधान, २०५२ : ३) । उपन्यासले आर्जन गरेको लोकप्रियता समाज र समाजमा घटने घटनाहरूको यथार्थ विवरणलाई जान्छ । समाजमा राम्रा-नराम्रा दुवै पक्षहरू हुन्छन् । यसरी मनन गर्दा उपन्यासको उद्‌गम स्थल मानव जीवन र यही मानव रहने सामाजिक धरातल तथा पात्रहरूको आन्तरिक तथा सत्यतथ्य चित्रणमा निहित हुने देखिन्छ ।

## २.२ उपन्यासको परिभाषा एवं स्वरूप

स्रष्टाले आफ्नो रचना जब प्रकाशन गर्न थाल्दछ तब यो रचनाले पाठकलाई पारेको प्रभावको आधारमा त्यसको व्याख्या, विश्लेषण, टिका-टिप्पणीको सुरुवात हुन पुग्छ । विभिन्न विद्वान् तथा उपन्यासकारहरूले आफ्नो समयसम्ममा प्रकाशित भएका उपन्यासहरूको आधारमा उपन्यासलाई चिनाउने प्रयासहरू गरेको पाइन्छ । उपन्यासलाई चिनाउने क्रममा उपन्यासका विभिन्न भागहरूको आधारमा चिनाएको पाइन्छ । जस्तै- शैलीको आधारमा, भावका आधारमा, मूल्यको आधारमा अथवा लेख्य कलाको आधारमा विभिन्न विचार भएका ठाउँमा एउटै परिभाषाले उपन्यासलाई चिनाउन गाह्रो छ । त्यसमा पनि विश्व साहित्यमा नै एउटा नवीन तथा जागरुक विधाका रूपमा विकसित उपन्यासलाई एउटा निश्चित परिधि भित्र समेटने प्रयास विवादपूर्ण बन्न जान्छ । समयसँगै हुँदै गएको अन्तरले वा युगीन परिवर्तन र मूल्य मान्यताले हिजोका साहित्यिक विधामा पनि परिवर्तन ल्याउँदै गइरहेको छ । यसर्थ हिजोका परिभाषाहरू आज आएर मेल नखाने वा अपूर्ण हुने स्थितिमा छन् । हिजोका उपन्यासको परिभाषाले आजका उपन्यासलाई बाँध्न सक्दैन । त्यस्तै आजका उपन्यासले भोलिका उपन्यासलाई पनि निश्चितता प्रदान गर्न सक्दैन । यसर्थ उपन्यासको दीर्घकालीन र सर्वसम्मत परिभाषा ठम्याउन गाह्रो पर्ने देखिन्छ । तर पनि विगत र वर्तमानका उपन्यासहरूका आधारमा उपन्यासको मोटामोटी स्वरूप पहिल्याउन विद्वान्‌हरू दत्तचित्तका साथ लागिपरेका छन् । यस्ता विद्वान्‌हरूले दिएका केही परिभाषाहरू निम्नानुसार उल्लेख गर्न सकिन्छ :

विशेष देशकाल र चारित्रिक समूह समावेश भएको क्रमवद्ध घटनाहरूको माध्यमद्वारा अभिव्यक्ति हुने आवश्यक लम्बाइ भएको तथा बनाइएको त्यस्तो साहित्यिक वर्णनात्मक गद्यविधालाई उपन्यास भनिन्छ, जसमा मान्छेका अनुभवहरूलाई केही जटिलताका साथ कल्पनाको सहयोगले प्रस्तुत गरिन्छ ।

- द न्यू इन्साइक्लोपेडिया ब्रिटानिका, भोलम १८, (उद्‌धृ. सुवेदी, २०६४ : ११)

उपन्यास त्यो हो, जसमा काल्पनिक तथा धेरै लामो कथ्य धेरै पात्रहरू र तिनका जीवनका विविध पक्षको चित्रण हुन्छ ।

- हिन्दी शब्दकोश (उद्धृ. सुवेदी, २०६४ : ११)

उपन्यासको रुचि र अस्तित्त्व जहाँ पनि नारी र पुरुषका जीवनका साथै मानवीय कार्य र भावनाको भव्य चित्रण गर्नामा रहेको छ ।

- डब्लु एच हड्सन (उद्धृ. सुवेदी, २०६४ : ११)

"उपन्यास चरित्र एवं घटनाहरूको माध्यमले समाजको बाह्य र आन्तरिक रूप तथा अवस्थालाई चित्रित गर्ने सुनियोजित कथानक र निश्चित आयाम भएको गद्यमय आख्यान हो ।"

(उपाध्याय, २०५९ : १३२)

उपन्यासले कल्पनाका आधारमा एउटा संसार खडा गरिदिन्छ । कहिलेकाहीं त उपन्यासमा यति सबल भ्रम प्राप्त हुन्छ -हामी त्यस भित्रै हराएर सन्तोष प्राप्त गर्न पुग्दछौं ।

-डा. गोपाल राय (उद्धृ. सुवेदी, २०६४ : ११)

"उपन्यास जीवन र जगतप्रति नै एक विहङ्गम दृष्टि हो, जसलाई बुझ्ने, केलाउने र चित्रण गर्ने प्रयत्न अत्यन्त यथार्थिक हुन्छ । यथातथ्य उद्घाटन मात्र नभएको यो एक सम्पूर्ण मनुष्य-जीवित मनुष्यको संसार हो ।"

(प्रधान, २०५२:४)

"पूर्वापर तारतम्यमा सुसम्बद्ध गरेर लेखिएका आख्यानात्मक रचनालाई उपन्यास भनिन्छ । मानवजीवनसँग सम्बद्ध भएर आउने पक्षलाई जतिसम्म समेट्न सकिन्छ, त्यतिसम्मको अनुवीक्षण गराउने रचनालाई उपन्यास भनिन्छ ।"

(सुवेदी, २०६४:१०)

उपन्यास सम्बन्धी माथि लेखिएका परिभाषाहरू कुनै पनि मिल्दा छैनन् । प्रत्येक विद्वान्ले आफूलाई लागेअनुसार र बुझेअनुसारको परिभाषा दिएका छन् । यसर्थ यी नै परिभाषाहरू आधुनिक उपन्यासका सन्दर्भमा पर्याप्त हुन्छन् भन्ने छैन । उपन्यासले समयसँगै आफूलाई परिष्कृत र परिमार्जित गर्दै लैजान सफल भएकोले कुनै समयमा कुनै एक विद्वान्ले गरेको परिभाषाले उपन्यासलाई नसमेटन सक्छ । यसर्थ माथिका परिभाषाहरू अध्ययन गरेपश्चात् निष्कर्षतः उपन्यासलाई यसरी परिभाषित गर्न सकिन्छः

"मानव समाजसँग सम्बन्धित वास्तविक घटनालाई कलात्मकतामा ढाली उपयुक्त पात्र, परिवेश, आयाम, शैली समेटिएको आख्यानयुक्त गद्य रचना नै उपन्यास हो, यसले मानवजीवनको सम्पूर्णतालाई समेट्न सक्नुपर्छ ।"

उपन्यास पाश्चात्य साहित्यको उपज हो । पाश्चात्य साहित्यदेखि नेपाली साहित्यसम्म आइपुग्दा यसले आफूलाई आफ्नो स्थानमा सुरक्षित राख्न सफल भएको छ । पाश्चात्यदेखि नेपाली साहित्यसम्मको दौरानमा विभिन्न विद्वान्हरूले उपन्यासलाई विभिन्न किसिमले चिनाएको पाइन्छ । समाजका यथार्थ घटनाहरूलाई कल्पनाले सजाउँदै काल्पनिक पात्रहरूका माध्यमले समयको विकास क्रमसँगै उपन्यासले आफूलाई नयाँ-नयाँ कुरामा समावेश गराउँदै लगेको छ । जस्तोसुकै प्रविधि र प्रक्रियाको अनुशरण गरे पनि जीवनलाई बुझेर निष्कर्ष दिने प्रयास गरिनु उपन्यासको मौलिक धर्म हो (सुवेदी, २०६४ : १४) । मानव जीवनको अन्तरकुन्तर केलाउँदै कुनासम्म पुगी अध्ययन गरिने भएकाले उपन्यास वर्तमान मानव जीवनको एउटा महत्त्वपूर्ण पक्ष बनेको छ । मानिसले गरेका सामाजिक सङ्घर्षको प्रतिफल नै उपन्यासभित्र गुञ्जिएको हुन्छ । यसैले मान्छेले अनायासै समीकरण गरेका जीवनकणहरू अनियमित रहँदारहँदै पनि ठोस र नियमबद्ध झैं बन्न पुग्दछन् र यिनै परिणतिको स्वभाविक प्रस्तुति हो उपन्यास (सुवेदी, २०६६ : १६) । मानव समुदायले भोगेको वा अनुभव गरेका कुराहरूलाई आख्यानवद्ध बनाइ कलाकौशल थपेर उपन्यासको निर्माण गरिएको हुन्छ । समाजका नगन्य झिनामसिना घटनाहरूलाई पनि सूक्ष्म निरीक्षण र विश्लेषण गरी उपन्यासमा राखिएको हुन्छ । यस विधालाई सत्यतथ्य घटना ओकल्ने विधाका रूपमा चिनिन्छ । सर्वसाधारण वर्गको लोकप्रिय विधा उपन्यास नयाँनयाँ साहित्यिक धारा आँगाल्दै समय र परिस्थिति अनुसार परिवर्तन हुँदै छोटो समयमा नै हरेक धारा र उपधारामा उपन्यास लेखिनुले यसको उज्ज्वल भविष्यलाई प्रकाश पारेको छ । यो समयको गतिसँगै नयाँ-नयाँ प्रयोगका साथ अगाडि बढेको यथार्थ तथा गद्य भाषा भएको विधा हो । साहित्यिक मूल्यलाई अनुशरण गर्दै समग्र मानव जीवन जगतलाई गद्यात्मक भाषामा कलाकौशलको पगरीले सिँगारी प्रस्तुत गर्नु उपन्यासको आफ्नै विशेषता एवं स्वरूप हो ।

## २.३ उपन्यासका तत्त्वहरू

उपन्यासले आफूलाई स्पष्ट रूपमा चिनाउनका लागि वा स्वरूप खडा गराउनका लागि निश्चित् आफ्नो अवयवहरू आफूभित्र समाहित गरेको छ । विभिन्न उपकरणहरूको मेलबाट मात्रै कुनै पनि वस्तुको स्वरूप निर्माण गरिन्छ । त्यसै गरी उपन्यासको स्वरूप निर्माणका लागि पनि निश्चित् तत्त्वहरूको संयोजन हुनु आवश्यक हुन्छ । विभिन्न आवश्यक तत्त्वहरूको संयोजनबाट मात्र उपन्यासले आफ्नो स्वरूप स्पष्ट गरी अस्तित्त्वलाई दीर्घकालीन तुल्याउँदछ ।

उपन्यासको व्यापकता, स्वरूप र विषयगत भिन्नताले यसका तत्त्वहरूमा पनि एकरूपता नआइ विभिन्न विद्वान्हरू बिच मतभिन्नता पाइन्छ । विद्वान्हरूले आफूले आवश्यक ठानेका तत्त्वहरूलाई महत्त्व दिई उपन्यासको स्वरूप चिनाउँदै आएका छन् । अधिकांश उपकरणका बारेमा सहमती हुन सकिन्छ । किनभने उपन्यासमा जीवन, परिवेश र सिङ्गो दैनन्दिनी र त्यस जीवनको अन्तर्पक्षहरू समेत अवभासित भएका हुन्छन् (सुवेदी, २०६४ : १७) । यसर्थ उपन्यासमा आवश्यक मूलभूत तत्त्व के हुन् भनी निरूपण गर्न सकिन्छ । उपन्यासका तत्त्वका रूपमा पहिलेदेखि कथानक, चरित्र संवाद, देशकाल र वातावरण, भाषाशैली र उद्देश्यलाई लिइने गरेकोमा हिजोआज नवीन पद्धतिको पनि प्रयोग गरेको पाइन्छ (बराल र एटम, २०६६ : २०) । पूर्वीय र पाश्चात्य दुवैतर्फ तत्त्व नामाकरण गरिएका शब्द फरक परे पनि अर्थ प्रायः एकै किसिमको भएको देखिन्छ ।

उपन्यासका तत्त्वहरूको चर्चा गर्ने क्रममा कृष्णचन्द्र सिंह प्रधानले आधारभूत तत्त्वका रूपमा कथानक, चरित्र, कथोपकथन, शैली, भाषा, वातावरण र उद्देश्यलाई मानेका छन् भने ऋषिराज बरालले उपन्यास संरचनाका तत्त्वका रूपमा कथानक, चरित्र, विचार, दृष्टिविन्दु, भाषाशैली र परिवेशको उल्लेख गरेका छन् । यसरी नै केशवप्रसाद उपाध्यायले कथावस्तु, चरित्र, संवाद, जीवनदर्शन, देशकाल, वातावरण र भाषाशैली गरी ६ वटा तत्त्व मानेका छन् । त्यस्तै बिभिन्न समालोचकले कथावस्तु, चरित्रचित्रण, परिवेश, भाषाशैली र उद्देश्य वा जीवनदर्शन गरी ५ मूल तत्त्व र कौतुहल, द्वन्द्व, कथोपकथन र दृष्टिविन्दुलाई सहायक तत्त्व मानेका छन् । अर्का चिन्तक राजेन्द्र सुवेदीले वस्तु, चरित्र, कथोपकथन, द्वन्द्व, परिवेश र उद्देश्य गरी ६ वटा उपकरण मानेका छन् भने कृष्णहरि बराल र नेत्र एटमले कथानक, चरित्र र चरित्रचित्रण, पर्यावरण, दृष्टिविन्दु, सारवस्तु, भाषा, प्रतीक र बिम्ब, गति र लय गरी ८ तत्त्व मानेका छन् (बराल र एटम, २०६६ : २०) ।

समग्रमा हेर्दा कथानक, चरित्र, उद्देश्य, विचार तत्त्व, परिवेश, दृष्टिविन्दु र भाषाशैलीलाई सबैले समेट्न पुगेका छन् । केशवप्रसाद उपाध्यायले संवादलाई महत्त्व दिएका छन् भने दृष्टिविन्दुको कुरा गरेका छैनन् । यसैगरी राजेन्द्र सुवेदीले द्वन्द्वलाई राख्नुपर्ने देखाएका छन् भने भाषाशैलीलाई राखेका छैनन् । त्यस्तै बराल र एटमले बिम्ब र प्रतीक तथा गति र लयलाई थपेका छन् । विभिन्न विद्वानहरूले आआफ्नो विचारअनुसार विभिन्न तत्त्वहरूको समायोजन गर्नुपर्ने धारणा राखे पनि किटानी गर्न गाह्रो हुने हुनाले र सबैलाई उपन्यासका तत्त्व पनि मान्न सकिने हुनाले हामी यहाँ सर्वसम्मत स्वीकृत आधारभूत तत्त्वहरूलाई लिन्छौं ।

१) कथानक/कथावस्तु

२) चरित्र

३) उद्देश्य

४) विचार तत्त्व

५) दृष्टिविन्दु

६) परिवेश र

७) भाषाशैली

### २.३.१ कथानक/कथावस्तु

उपन्यासको सबैभन्दा महत्त्वपूर्ण र आधारभूत तत्त्वका रूपमा कथानकलाई लिइन्छ । कथानक सिधै मानव समाजसँग सम्बन्धित हुन्छ । समाजमा मानिसहरूले भोगेका यथार्थ घटनाहरूको उपन्यासमा राखिएको व्यवस्थित रूपनै कथानक हो । कथानकलाई कथावस्तु पनि भन्ने गरिन्छ । कथानकको स्पष्ट रूपमा समाजमा भइरहेका घटनाहरूलाई शब्दजालमा कलाले सिँगारीसकेपछि उजागर हुन्छ । यसमा आउने घटनाहरू कार्यकारण सम्बन्धद्वारा कसिएका र व्यवस्थित गरिएका हुन्छन् (बराल र एटम, २०६६ : २०) । कथानकमा उपन्यासकारले आफ्नो विचार तथा अनुभूतिलाई पात्रको माध्यमबाट मूर्तरूप दिएको हुन्छ । समाजमा घटेका घटनाहरूमाथि उपन्यासकारको विचार र कलाकारिताको शैली मिश्रण भएपछि कथानक बन्दछ । समाजमा घटेका घटनाहरू कच्चा सामग्री हुन् । यी सामग्रीलाई संगठित र व्यवस्थित गरेपछि कथानक बन्दछ । उपन्यास क्षीण भए पनि वस्तुका अभावमा अड्ने स्थिति नै रहँदैन यसर्थ क्षीण हुनसक्छ तर वस्तुहीन हुन सक्दैन (सुवेदी, २०६४ : १७) । कथानकको लागि सानै भए पनि कथाको आवश्यकता पर्दछ । यथार्थतः कथानक समाजमा घट्ने आकस्मिक घटनाहरूको सिलसिलेवार रखाइ हो ।

कथा र कथानकमा प्रशस्त भिन्नता पाइन्छ । कथा भनेको समय चक्रमा घटेको एउटा घटना हो भने कथानक भनेको त्यो घटनाको सिलसिलेवार कारण सहितको वर्णन हो । कथा एउटा खाका हो वा रेखाचित्र हो र कथानक रंगले यथास्थान भरिएको पूर्ण र सर्वाङ्गिण चित्र हो (उपाध्याय, २०५९ : १३८) । कथानकलाई अगाडि बढाउने तत्त्व कथा श्रृङ्खलाहरू हुन् । उपन्यास निर्माण गर्ने आधार कथा हो र कथा भन्नासाथ समयको श्रृङ्खलामा व्यवस्थित गरिएका घटनाहरूको कथन भन्ने बुझिन्छ भने अर्कातिर कथानक चाहिँ कारणसमेत भएको घटनाक्रमको वर्णन हो (बराल र एटम, २०६६ : २१) । उपन्यास आख्यानात्मक विधा भएकोले यसको विषयवस्तुले कथावस्तुको रूपमा कथानक बनेर मूर्तता प्रदान गर्दछ र यो प्रदान गराउने अभिभारा उपन्यासकारको हुन जान्छ । यसरी कथा र कथानकको आशय एउटै आए पनि प्रस्तुतिमा फरक हुन्छ । उपन्यासमा वेद, पुराण, इतिहास, लोकपरम्परा, यथार्थसमाज, स्वैरकल्पना आदि स्रोतबाट विषयवस्तु लिइन्छ ।

कथावस्तुलाई पात्रपात्राद्वारा अगाडि बढाइन्छ । उपन्यासको कथानकमा मौलिकताको साथै कार्यकारण श्रृङ्खला पनि मिलेको हुनुपर्छ ।

उपन्यासमा कथानकको विकासमा तीन भाग हुन्छन्, आदि, मध्य र अन्त्य भाग । कथानकको विकासका पाँच अवस्था हुन्छन् । आदि भागमा आरम्भ र संघर्ष विकास, मध्य भागमा संकटावस्थाको श्रृङ्खला र चरम तथा अन्त्य भागमा संघर्षह्रास र उपसंहार रहेको हुन्छ (बराल र एटम, २०६६ : २४) । आरम्भमा पात्र परिचय तथा मूल समस्याको बारेमा जानकारी दिइन्छ । कौतूहलता वा समस्या र परिस्थितिका कारण द्वन्द्व तथा संकटावस्था सृजना हुँदै कथानक अघि बढ्ने स्थिति संघर्ष विकास हो । चरममा आएपछि कथानकले एउटा यस्तो मोड लिन्छ जसले पात्रहरूलाई गम्भीर तथा निर्णायक अवस्थामा पुऱ्याउँदछ । संघर्षह्रासमा आए पछि अनेकौं घटना तथा उपकथालाई समेटिन्छ र द्वन्द्व तथा क्रियाको शृङ्खला कमजोर हुँदै जान्छ । उपसंहारमा आएपछि कथानकको समाप्ति र फलप्राप्ति हुन्छ । एउटा मूल कथावस्तुलाई अगाडि बढाउँदै जाँदा उपन्यासमा विभिन्न मोडहरू क्आउँदछन् । वर्तमान परिप्रेक्ष्यमा आउँदा कथानकको विकासलाई रैखिक र वृत्तकारीय ढाँचामा राखेर हेर्ने गरिन्छ । रैखिक ढाँचाको उपन्यासमा आदि, मध्य र अन्त्यको श्रृङ्खला क्रमिक रूपमा आउँछन् भने वृत्तकारीय ढाँचामा कथानक सरलरूपमा अगाडि नबढी पूर्वदिप्ती शैलीमा अगाडि बढ्दछ । यसमा कथानक अन्त्यबाट सुरु भएको वा खज्मजिएको हुन्छ ।

उपन्यासमा प्रस्तुत भएको कथानक पनि विभिन्न प्रकारका हुन्छन् । यसभित्र मुख्य र सहायक कथानक, सुगठित र अव्यवस्थित कथानक सरल र संयुक्त तथा दुःखान्तक, व्यङ्ग्यात्मक, रागात्मक आदि प्रकारमा बाँडिएको पाइन्छ (बराल र एटम, २०६६ : २६) । कथानकलाई प्रस्तुत गर्ने तरिकाको आधारमा पनि उपन्यासलाई साहसिक उपन्यास, नाटकीय उपन्यास, घटनाप्रधान उपन्यास तथा चरित्रप्रधान उपन्यास गरी ४ भागमा विभाजन गर्न सकिन्छ (सुवेदी, २०६४ : १९, २०) । सुरुका उपन्यासहरूमा कथानकलाई बढी जोड दिइन्थ्यो र उपन्यासको विकाससँगै कथावस्तुको महत्त्व घट्दै गएको र घटनाप्रधान तथा चरित्रप्रधान उपन्यासलाई विशेष जोड दिन थालिएको पाइन्छ । यसरी उपन्यासको विकाससँगै कथानकको महत्त्व घट्दै गएको पाइए तापनि कथानक विना उपन्यास नहुने यथार्थता पनि स्पष्टै छ । यसर्थ कथानकको महत्त्व र आवश्यकता अक्षुण्ण नै रहेको छ ।

### २.३.२ चरित्र

उपन्यासमा नभई नहुने अर्को महत्त्वपूर्ण तत्त्व चरित्र हो । उपन्यासमा प्रयोग भएका मानवीय तथा मानवेतर पात्रहरू नै उपन्यासका चरित्र हुन् । पात्रविना उपन्यासमा कथानक नै अगाडि बढ्दैन । यसर्थ कथानकलाई साकार तुल्याउने माध्यम वा सम्पूर्ण उपन्यास बोल्ने माध्यम नै चरित्र हो । चरित्रले नै कथानकलाई गति दिने भएकाले उपन्यासकारले दिने जीवनदर्शनको संवाहक पनि पात्र वा चरित्र नै हो । आधुनिक उपन्यासमा कथानकभन्दा महत्त्वपूर्ण तत्त्वको रूपमा चरित्रलाई लिइने गरिन्छ । विगतलाई र अनागतलाई वर्तमानसम्म तानेर ल्याउने तत्त्व चरित्र हो, त्यसरी तानेर ल्याएको वस्तु पाठकसम्म सम्प्रेषण गर्न जाँगर देखाउने वस्तु पनि चरित्र हो र उपन्यासमा प्रयुक्त पात्रको चरित्र पुरै युग र परिवेशको संवाहक भएर उपस्थित भएको हुन्छ (सुवेदी, २०६४ : २३) । यसर्थ उपन्यासलाई सार्थक पार्ने तत्त्व नै चरित्र हो । प्रारम्भिककालीन उपन्यासमा मानवीय भन्दा मानवेतर पात्रको बढी प्रयोग गरीन्थ्यो भने वर्तमानमा आइपुग्दा मानवीय चरित्रको प्रयोग बढी हुनथाल्यो । काल्पनिक पात्रको प्रयोगले जीवनजगतको चित्रण गर्नुको साथै कथानकलाई आवश्यक गति र उपर्युक्त मार्गनिर्देशन समेत गर्दछ । उपन्यासमा देखिने चरित्र भौगोलिक तथा सामाजिक प्रभावका आधारमा भिन्नाभिन्नै विशेषता बोकेका हुन्छन् ।

उपन्यासमा उपन्यासकारले विभिन्न किसिमका पात्रहरूको प्रयोग गरेका हुन्छन् । उपन्यासमा प्रयोग गरेका पात्र हेर्दा सामान्यतया कार्यको आधारमा प्रमुख, सहायक र गौण गरी ३ किसिमका हुन्छन् । लिङ्गका आधारमा पात्रलाई उसको जन्मजात गुण हेरी पुलिङ्गी र स्त्रीलिङ्गी गरी दुई प्रकारमा विभाजन गरिएको छ । त्यस्तै प्रवृत्तिका आधारमा भूमिका हेरी सकारात्मक भूमिका निर्वाह गर्दा अनुकूल र नकारात्मक भूमिका निर्वाह गर्दा प्रतिकूल गरी २ प्रकारका हुन्छन् । स्वभावका आधारमा गतिशील र गतिहीन गरी दुई प्रकारका हुन्छन् । जीवनचेतनाका आधारमा पात्रले कुनै वर्गको प्रतिनिधित्त्व गरे वर्गीय र व्यक्तिगत प्रतिनिधित्त्व गरे वैयक्तिक गरी दुई प्रकारका छन् । आसन्नताका आधारमा उपन्यासमा स्वयम् प्रस्तुत भई कार्य गर्ने मञ्चीय र उपन्यासमा प्रस्तुत नभएको वक्ताद्वारा नाम मात्र उच्चारण गरिएको नेपथ्य पात्र गरी दुई प्रकारका हुन्छन् । त्यस्तै आवद्धताको आधारमा बद्ध र मुक्त गरी दुई भागमा नै बाँडिएको छ । उपन्यासमा प्रयोग हुने चरित्रका प्रकारहरू यसप्रकार छन् :

- गतिशील र गतिहीन
- यथार्थ र आदर्श
- अर्न्तमुखी र बहिर्मुखी

- गोला र च्याप्टा
- सार्वभौम र आञ्चलिक
- पारम्परिक र मौलिक आदि (बराल र एटम, २०६६ : २७-२८)

उपन्यासमा एकभन्दा बढी पात्र हुने भएकाले यसमा विभिन्न खाले चरित्रहरू आउन सक्छन् । उपन्यासमा परम्परागत नायकजस्तो पात्र शूरवीर, बहादुर, बलवान्, सम्पन्न चरित्रवान् जस्ता गुणले युक्त नभइ कतिपय उपन्यासमा अनायकको प्रयोग भएको पाइन्छ । पात्रहरू जे जस्ता गुणका वा जस्तासुकै प्रकारका भए पनि उपन्यासलाई जीवन्तता दिन पात्रको आवश्यक हुन्छ ।

### २.३.३ उद्देश्य

कुनै पनि साहित्य रचना गर्नुको पछाडि कुनै न कुनै उद्देश्य रहेको हुन्छ । उपन्यासकारले आफ्नो उपन्यासमा व्यक्त गर्न खोजेको मूल विचार नै उद्देश्य हो । पाठकलाई आनन्द दिनुको साथै समाजको चित्रण गरी  त्यसबाट निश्चित निष्कर्ष निकाल्दै पाठकलाई शिक्षा वा सन्देश दिनु नै उपन्यास लेखनको उद्देश्य हो । जीवनको अध्ययन गरी  आफूले अनुभव गरेको त्यसै धारणा वा मान्यतालाई कलात्मकरूपमा आभिव्यक्त गर्नु उसका कृतिको उद्देश्य हुन्छ (उपाध्याय, २०५९ : १४६) । प्रत्यक्ष वा अप्रत्यक्ष जुनरूपमा भए पनि उपन्यासले कुनै न कुनै उद्देश्य बोकेकै हुन्छ । उद्देश्यलाई जीवनदर्शन वा सारवस्तु पनि भन्ने गरिन्छ । सारवस्तुलाई स्थानीय र विश्वजनीन गरी  दुई प्रकारमा बाँडिन्छ र सारवस्तुकै माध्यमबाट उपन्यासमा उद्देश्य वा सन्देशको अनावरण हुन्छ किनभने सारवस्तुको कलात्मक प्रस्तुति नै उपन्यासको उद्देश्य हो (बराल र एटम, २०६६ : ३९) । उपन्यासले मानव जीवनको समग्र पक्षको चित्रण गर्ने हुँदा जीवन जगतप्रतिको समस्या तथा दृष्टिकोण प्रकट हुन्छ । यसर्थ उपन्यासमा चित्रित जीवन जगतसम्बन्धी दर्शन नै उद्देश्य हो । लेखक समाजको कुन पक्षसँग सम्बन्धित छ र संवेदनशील छ, त्यो पक्ष नै स्रष्टाको वैचारिक सम्पत्ति हुनजान्छ किनकी विचार सम्प्रेषण गर्ने नाममा उपन्यास नै औपदेशिक आचारशास्त्र भएर आयो भने कला नभएर सिद्धान्त बन्दछ, साहित्य नभएर विचारको दस्तावेज बन्दछ (सुवेदी, २०६४ : २६) । यसर्थ उपन्यासले पाठकलाई आनन्द दिन सक्नुपर्छ । साथै सामाजिक वा वैयक्तिक जीवनको चित्रण गरी  शिक्षा वा सन्देश दिन सक्नुपर्छ, यो नै उपन्यास लेखनको मूल उद्देश्य हो । उपदेशका कुराहरूलाई सम्प्रेषण गर्न कलाले सिँगार्नुपर्छ किनकि उपन्यासकारले औपन्यासिक मूल्यलाई सदा ध्यानमा राख्नुपर्छ ।

विषयानुसार पाठकलाई आनन्द तथा मनोरञ्जन दिनु, धार्मिक सन्देश दिनु, पुण्य कमाउनु उपन्यास लेखनका प्रारम्भिक उद्देश्य थिए भने समाजलाई चेतनशील बनाएर

परिवर्तनको पक्षमा हिँडाउनु उपन्यास लेखनको समसामयिक उद्देश्य हो । समाजमा भएका विकृति, विसङ्गतिको चिरफार गर्नु, राजनैतिक, सांस्कृतिक, आर्थिक चेतनाका लागि प्रचारप्रसार गर्नु तथा समसामयिक खराबीहरू पाठकलाई पस्किएर खास ज्ञान दिनु उपन्यास लेखनको उद्देश्य हो । जीवनका घटनाक्रमलाई लिएर उपन्यासकारले उपन्यासको प्रारम्भदेखि अन्त्यसम्म नै आफ्नो विचारलाई मूल रूपमा प्रस्फूटन गरेको हुन्छ । आफ्नो विचारलाई पाठकसामू पुऱ्याएर निश्चित दिशा प्रदान गर्ने आशा राखेको हुन्छ । जीवनको बाह्य वर्णनमात्र भएको रचना उत्तम कलाकृति मानिदैन । प्रारम्भिक वा समकालिक जस्तो उपन्यास भए पनि त्यसमा उपन्यासकारले निश्चित उद्देश्य वा विचार सम्प्रेषण गरेको हुन्छ । कुनैपनि घटनामा आवद्ध उपन्यासकारको विचारको प्रस्फूटन नै उपन्यासमा नीहित हुन्छ । उद्देश्य विना कुनैपनि कृतिको परिकल्पना हुँदैन । यसर्थ उद्देश्य उपन्यासको मूलभूत वा केन्द्रीय पक्ष हुन जान्छ ।

### २.३.४ विचार तत्त्व

जुनसुकै रचनाको सिर्जना गर्दा रचनाकारले कुनै न कुनै विचार लिएकै हुन्छ । उपन्यासमा समाविष्ट सारतत्त्व नै विचार हो । कुनै पनि उपन्यासकारले विचारलाई उद्देश्य मार्फत पाठकसम्म पुऱ्याउने कार्य गरेको हुन्छ । विचार तत्त्वबाट लेखकको जीवनदर्शन वहन हुन्छ । सम्पूर्ण उपन्यासमा व्यञ्जित भाव वा उपन्यासको समग्र लक्ष्य विचार तत्त्वमा आधारित हुन्छ । । प्रत्येक उपन्यास चाहे त्यो यथार्थवादी होस् या उत्तर आधुनिकतावादी, कुनै न कुनै वैचारिक भित्तिमा अडेसिएको हुन्छ, सारतत्त्व तथा उद्देश्य त्यही विचार संवाहनको क्रिया हो (बराल, २०६३ : ३७) । उपन्यासकारले जहिले पनि आफ्नो एउटा केन्द्रीय विचारमा अडिग भएर नै उपन्यासको सिर्जना गर्दछ । विचार तत्त्व कुनै उपन्यासको एक भागमा वा कुनै पात्रको भनाइमा देखा पर्दैन । यसको लागि कथावस्तुको समग्रताको आवश्यकता पर्दछ । तसर्थ उपन्यासको विचार तत्त्व पत्ता लगाउन सम्पूर्ण उपन्यास अध्ययन गरी सक्नु पर्दछ । किन कि समग्र उपन्यासले के भन्छ भनी पत्ता लगाउनु नै विचार तत्त्व हो।

उपन्यासकारले आफ्ना उपन्यासमार्फत विचारलाई पाठकजगतमा प्रक्षेपण गर्दछ । आफ्ना जीवनका अनुभूतिहरूलाई उपन्यासमा विचार बनाउँदछ । आफ्नो समाजप्रतिको दृष्टिकोणलाई कलाकौशलले रङ्ग्याई औपन्यासिकीकरण गर्दछ । युगीन र विश्वपरिवेशका व्यापक मूल्यहरू, पारदर्शी र जीवनमूखी दृष्टिकोणहरू उपन्यास सिर्जनाको क्षणमा स्रष्टाको विचार बनेर पात्रका आचरणमा प्रक्षेपित भएका हुन्छन् (सुवेदी, २०६४ : २६) । विचारले उपन्यासको समाजसँग सम्बन्ध स्थापित गराउँदछ । उपन्यासमा वैचारिक पक्षले कुनै न कुनै सन्देश प्रवाह गर्ने अपेक्षा लिएको हुन्छ । यसर्थ उपन्यासमा व्यक्त विचार तत्व समाज+लेखक+कृति+पाठक बिचको सम्बन्धको चिनारी हो (बराल, २०६३ : ४०) ।

उपन्यासमा प्रयुक्त विचारबाट लेखकको समाज प्रतिको धारणा थाहा हुन्छ । विचारलाई उपन्यासको महत्त्वपूर्ण केन्द्रीय पक्ष मानिन्छ किनकी विचार बिनाको लेखक र विचार विनाको उपन्यास सिर्जना सम्भव हुँदैन । उपन्यासकारले उपन्यासमा विचारको प्रस्फूटन गर्नुका साथै कुनै विचार प्रतिको आफ्नो मत उद्घाटन गरेको हुन्छ । उपन्यासकारले आफ्नो विचारलाई कति प्रभावकारी रूपमा प्रक्षेपण गऱ्यो भन्ने कुरा उपन्यासकार स्वयंको कलाकौशल र संरचनागत वैशिष्ठ्यमा भर पर्दछ । उपन्यास जीवनको साङ्गोपाङ्ग चित्रण भएकाले कुनै न कुनै जीवनसम्बन्धी वैचारिकताको उद्घाटन गरिएको हुनुपर्दछ । विचार तत्त्व विना उपन्यास संरचनाको कुनै अर्थ छैन । तसर्थ विचार तत्त्व उपन्यास संरचनाको एक महत्त्वपूर्ण तत्त्व हो ।

### २.३.५ दृष्टिविन्दु

दृष्टिविन्दुलाई उपन्यासमा आधारभूत तत्त्वका रूपमा स्वीकारिएको पाइन्छ । उपन्यासकारले कथा भनाउने व्यक्ति र कसरी कथा भनाइएको छ, भन्ने कुरा नै दृष्टिविन्दु हो । यसबाट कथयिताले कसरी घटना एवम् चरित्रहरूको वर्णन तथा उपस्थापन गर्छ भन्ने कुराको निर्धारण हुन्छ साथै यसले कसले कथा भनेको छ र कसरी कथा भनिएको छ भन्ने कुरालाई बुझाउँछ (बराल र एटम, २०६६ : ३५) । दृष्टिविन्दुबाट उपन्यासकारको स्थान कहाँ हो र कस्तो भावको प्रकटीकरण गरी रहेको छ भन्ने थाहा  हुन्छ । यसमा कतै उपन्यासकार आफैं औपन्यासिकतामा छिरी बोल्ने गर्दछ भने कतै घटनास्थलभन्दा बाहिर रहेर अरुका बारेमा टिप्पणी गर्दछ । यस आधारमा दृष्टिविन्दुको प्रकारलाई पनि आन्तरिक र बाह्य गरी  दुई प्रकारले हेर्ने गरिन्छ । आन्तरिक दृष्टिविन्दुलाई प्रथम पुरुष र बाह्य दृष्टिविन्दुलाई तृतीय पुरुष दृष्टिविन्दु भन्ने गरिन्छ ।

आन्तरिक दृष्टिविन्दुमा उपन्यासकारले घटना र पात्रको वर्णन गर्दा आफूलाई पनि उपन्यासभित्रै समावेश गरी  आफ्नो विचार प्रकट गर्दछन् । आन्तरिक दृष्टिविन्दुमा कथयिताले सबै कुरा 'म' का रूपमा व्यक्त गर्दछन् । आन्तरिक दृष्टिविन्दुमा व्यक्त गरेका कुराहरू आत्मकथामा जस्तै गरी  आएका हुन्छन् । पात्रको कार्यका आधारमा यसलाई केन्द्रीय र परिधीय भनी छुट्याउन सकिन्छ (बराल र एटम, २०६६ : ३७) । 'म' लेखक स्वयंको उपस्थितिमा देखिने भोक्ता प्रथम पुरुष हो (सुवेदी, २०६४ : २७) । केन्द्रीय दृष्टिविन्दुमा नै लेखक आफै भोक्ताको रूपमा रहने हो । यसै गरी  उपन्यासकार सम्पूर्ण कुराको ज्ञाता भई घटनास्थलभन्दा बाहिर रही अरुको माध्यमबाट कुनै पनि विचारको टिकाटिप्पणी गर्दछ भने त्यो बाह्य वा तृतीय पुरुष दृष्टिविन्दु हो । यस दृष्टिविन्दुमा अन्य पात्रहरूको योजना गरिएको हुन्छ । उपन्यासमा कथयिताको अधिकारका आधारमा यसलाई सर्वज्ञ र सीमित गरी  दुई वर्गमा बाँड्न सकिन्छ (बराल र एटम, २०६६ : ३६) । उपन्यासमा प्रयोग भएका पात्र र घटनाका कुरालाई कथयिता आफै सर्वज्ञझैं बनेर वर्णन

गर्ने तथा सबैकुरा आफ्नै नियन्त्रणमा लिएमा सर्वज्ञ बाह्य दृष्टिविन्दु र कथयिताले पात्र र घटनाका कुरालाई आफ्नै अनुभवमा लिप्त गराउँदछ र सीमित पक्षबाट मात्र कुनै कुराको व्याख्या गर्दछ भने सीमित बाह्य दृष्टिविन्दु हुन्छ । यसरी लेखक स्वयं उपस्थित हुने वा पात्रद्वारा विचार सम्प्रेषण गर्ने आदिको आधारमा दृष्टिविन्दुको पहिचान गरिन्छ ।

### २.३.६ परिवेश

उपन्यासमा पात्रले कार्यव्यापार गर्ने स्थान, समय र वातावरणलाई परिवेश भनिन्छ । पात्रको कार्यव्यापारको निर्माणमा परिवेशले गहन जिम्मेवारी निर्वाह गर्दछ (सुवेदी, २०६४ : २५) । पात्र र कथानकको आधारभूमि परिवेश भएकाले सुरुदेखि अन्त्यसम्म नै यसको कथानकसँग सम्बन्ध जोडिएको हुन्छ । उपन्यासकार जुन समाजमा जन्मेको हुन्छ, त्यहाँको संस्कृति, परम्परा, रीतिस्थिति आदिको उपस्थिति उपन्यासमा गराएको हुन्छ । उपन्यासकारले जुन ठाउँको विषयवस्तु ग्रहण गरेको छ, त्यहींको परम्परा, संस्कृतिको छनौट गर्दछ । यस्तो कथावस्तुसँग मेल खाने गरी  सिर्जित वातावरणले पाठकको मनमा वास्तविकताको अनुभूति दिलाउन सक्षम हुन्छ । यसर्थ केवल कल्पनाको भरमा गरिएको परिवेश चित्रण कृत्रिम र अस्वभाविक मात्र होइन, असत्य भएकाले अनर्थकारी पनि हुन्छ (उपाध्याय, २०५९ : १४५) । परिवेशले गर्दा उपन्यासमा प्रयुक्त पात्र कस्तो छ भन्ने निर्क्योल हुन्छ ।

परिवेश अन्तर्गत देशकाल र वातावरण पर्दछन् । देशकाल भन्नाले उपन्यासमा घटना र चरित्रलाई उचित पृष्ठभूमि प्रदान गर्ने तथा त्यहाँको प्राकृतिक स्थिति एवं पात्रको सामाजिक भावभूमि, रीतिस्थिति, रहनसहन आदिको समष्टि हो । वातावरण भन्नाले उपन्यासमा हुने कार्यव्यापारले पाठकमा छाड्ने प्रभाव हो (बराल र एटम, २०५८ : ३६) । कथानक अघि बढ्दै जाँदा त्यसमा घट्ने घटनाले पाठकमा विभिन्न किसिमका भावनाको उद्बोधन हुने गर्छ, त्यो नै वातावरण हो । यसले पाठकमा कहिले सुख, कहिले दुःख, कहिले घृणा, कहिले कारुणिकता, त्रासदजस्ता विविध भावनाहरू उद्वेलित हुन्छन् । यसले उपन्यासको लोकप्रियता र विश्वसनीयतालाई अघि बढाएको पाइन्छ ।

उपन्यासमा घटित परिवेशलाई आन्तरिक र बाह्यमा पनि बाँड्न सकिन्छ । आन्तरिक परिवेशमा व्यक्तिको वैयक्तिक मनोजगत पर्छ भने बाह्य परिवेशमा प्राकृतिक, राजनैतिक एवं सामाजिक सेरोफेरो पर्दछन् । परिवेशको सजिव चित्रणले नै उपन्यासलाई कलात्मक बनाउन सक्छ । यसले नै उपन्यासलाई स्वभाविक र यथार्थमूलक पनि बनाउन सहयोग गर्दछ । घटनाप्रधान उपन्यासमा परिवेशको उपस्थिति अधिक हुन्छ भने चरित्रप्रधान उपन्यासमा यसको प्रयोग कम हुन्छ । त्यस्तै ऐतिहासिक, सामाजिक उपन्यासमा यसको प्रयोग बढी हुन्छ भने मनोवैज्ञानिक उपन्यासमा यसको प्रयोग कम हुन्छ । परिवेशको प्रयोग कम, बढी त हुन सक्छ तर नभई नहुने भने हुँदैन । अहिले आधुनिक एवं उत्तरआधुनिक

उपन्यासमा परिवेशको प्रयोग भए पनि परिवेशबिहीन शून्य भने हुँदैन । यसर्थ औपन्यासिक सफलताका लागि परिवेशलाई समय, पात्र तथा कथावस्तु सापेक्ष बनाएर प्रस्तुत गर्नु आवश्यक देखिन्छ ।

### २.३.७ भाषाशैली

भाषा अनुभूति र अभिव्यक्तिको माध्यम हो । यसबाट नै उपन्यासकारले आफ्ना कुरा पाठक समक्ष राख्न सक्छ । उपन्यासमा कथावस्तुको विस्तार तथा उपन्यासकारको विचार पनि भाषाद्वारा नै सम्प्रेषित हुन्छ । शैली भनेको अभिव्यक्तिको ढंग वा तरिका हो । यो लेखकको आफ्नोपन हो । अभिव्यक्तिको व्यक्तिगत विभिन्नताले अन्यभन्दा नयाँपन बक्त्याउँछ र यही निजत्वको विशिष्ट रूप शैली हो (प्रधान, २०५२ : ९१) । भाषा र शैलीको यही विशेषताले गर्दा वाङ्मय र अन्य कलालाई छुट्याउँछ । शैलीको कुनै रूप रंग नदेखिए पनि उपन्यासलाई सौन्दर्य प्रदान गर्नु आफ्नै वैशिष्ट्य हो । उपन्यासको कथावस्तु अनुरूप शैलीको प्रयोग गरिन्छ । सबै उपन्यासमा समग्र जीवनजगतको प्रस्तुति हुन्छ तर एउटै प्रस्तुतिमा पनि शैलीले गर्दा फरक फरक ढाँचाको उपन्यास बन्न पुग्छ । आधुनिक उपन्यासमा विभिन्न नयाँ नयाँ शैलीहरूको प्रयोग गरेर उपन्यासकारले नवीनता ल्याउन खोजेको पाइन्छ । यस्ता शैलीहरूमा वर्णनात्मक, विवरणात्मक, विश्लेषणात्मक, आत्मकथात्मक, प्रतीकात्मक, नाटकीय, चेतन प्रवाह आदि विविध रहेका छन् । यिनै विविध शैलीले सबै उपन्यासलाई एकै हुनबाट जोगाउँदै लेखकपिच्छे फरक फरक ढाँचाको बनाउँछ ।

उपन्यास श्रव्य तथा पाठ्य विधा भएकाले यसमा भाषाको अनिवार्यता हुन्छ । पात्र तथा विषयवस्तु अनुरूपको भाषाले गर्दा उपन्यासलाई यथार्थ बनाउँछ । शैली चाहिँ भाषा प्रयोगकै एक तरिका भएकाले यी दुवैसँगै आउँछन् । यसबाहेक व्यञ्जन, संकेत, रूपक, प्रतीक आदिलाई पनि विद्वानहरूले अभिव्यक्ति शैलीकै श्रेणीमा राखेको पाइन्छ । उपन्यासकारले उपन्यासलाई कलात्मक बनाउन विभिन्न बिम्ब र प्रतीकको पनि प्रयोग गर्दछ । अमूर्त वस्तुलाई बुझाउन मूर्त वस्तुको प्रयोग गरी भावलाई व्यक्त गर्न प्रतीकको प्रयोग गरिन्छ । यसरी प्रयोग गरिने बस्तु वा घटना जसले सामान्य वा सोझो अर्थ नबुझाएर त्यसभन्दा निकै परको अर्थ बुझाउँछ भने त्यस्तो वस्तुलाई प्रतीक भनिन्छ (बराल र एटम, २०५८ : ४३) । थोरै शब्दमा धेरै व्यक्त गरेर उपन्यासकारले शैलीमा मिठास ल्याउन प्रतीकको प्रयोग गर्दछ । उपन्यासमा भाषाका माध्यमले अदृश्य वस्तुलाई पनि दृश्य रूप दिन बिम्बको प्रयोग गरिन्छ । यसले पाठकको मष्तिष्कमा कुनै स्थिति, स्थान वा पात्रको यथार्थसदृश छायाँ पारिदिने काम गर्छ ।

## २.४ निष्कर्ष

उपन्यास शब्द तत्सम शब्द भए पनि उपन्यास विधा पाश्चात्य साहित्यको उपज हो । आख्यान परम्परा युरोपबाटै विकास भए पनि आधुनिक उपन्यास जापानमा जन्मियो, बेलायतमा हुर्कियो र संसारभर फैलियो । नेपाली साहित्यको उपन्यास लेखनका सुरुका दिनहरूमा पाश्चात्य प्रभाव परे पनि आधुनिक कालमा भने यसले आफ्नै मौलिक संरचनाका साथ विकसित हुने अवसर पायो । वि.सं. १९९१ बाट सुरु भएको नेपाली उपन्यास परम्परा पुग नपुग आठ दशक पार नगर्दै विविध प्रवृत्ति अँगाली अघि बढ्न सक्षम भएको देखिन्छ । 'उपन्यास' का लागि पनि विभिन्न संरचनागत तत्त्वहरू, को आवश्यकता हुन्छ । विभिन्न विद्वानहरूले तत्त्वहरूका सम्बन्धमा आआफ्नै प्रकारका मतहरू राख्ने गरेको पाइन्छ । अधिकांश तत्त्वहरू समान देखिन्छन् भने केही तत्त्वहरूमा विवाद देखिन्छ । यस्तो परिप्रेक्ष्यमा उपन्यासको संरचनालाई गहिरिएर नियाल्दा कथानक, चरित्रचित्रण, उद्देश्य, विचार तत्त्व, परिवेश र भाषाशैलीलाई नै उपन्यासका महत्त्वपूर्ण घटकका रूपमा लिन सकिन्छ ।

# तेस्रो परिच्छेद

# यमपुरीको महल उपन्यासको वस्तु पित्र विधान र परिवेश विधान

## ३.१ विषय परिचय

यमपुरीको महल होमनाथ सुवेदीको आठौं उपन्यासको रूपमा देखिएको चर्चित उपन्यास हो । सुवेदीका अघिल्ला उपन्यासहरूले सामाजिक एवं राजनीतिक पक्षहरूमा देखिएका र भोगिएका भ्रष्टतालाई प्रकट गरी तिनको आलोचना गर्ने मूल पद्धति लिएका छन् । यी उपन्यासहरूबाट सुवेदीलाई मार्क्सवादी सौन्दर्य चिन्तनबाट प्रभावित भई उपन्यास लेख्ने साहित्यकारका कोटिमा देखा पर्दछन । समाजका शोषित पीडित र निमुखाको पक्ष लिई शोषण र दमनको तीब्र आलोचना गर्नु उनको औपन्यासिक प्रकृति देखिएको छ ( एटम, २०६७ : ३७ ) । यसै परिप्रेक्ष्यमा देखिएको उपन्यास यमपुरीको महलमा उनले पीडित र शोषितकै पक्ष लिएका छन् तर नयाँ परिवेशमा । यस उपन्यासमा उनले अमेरिकामा रहेका नेपाली समुदायको पीडा, चिन्ता र परिचय हराउने सन्त्रासलाई प्रस्तुत गरेका छन् । जन्मभूमि र कर्मभूमिको तानातानीमा बाँचेकाहरूको जीवन देखाउन यो उपन्यास सफल देखिन्छ । विदेशमा लुकेर बसे पनि स्वदेश सम्झी राख्न विवश अहिलेका मान्छेका पीडालाई यस उपन्यासको पात्र मार्फत प्रस्तुत गरिएको छ । गोविन्दराज भट्टराई, नेत्र एटम जस्ता समालोचकहरूले प्रथम नेपाली डायस्पोरिक उपन्यासको कोटिमा राखेको यस उपन्यासको विश्लेषण जरुरी छ । यस परिच्छेदमा वस्तु विधान, पात्र विधान र परिवेश विधानको आधारमा यमपुरीको महलको विश्लेषण गरिएको छ ।

## ३.२ यमपुरीको महल उपन्यासको वस्तु विधान

प्रस्तुत **यमपुरीको महल** उपन्यासको कथावस्तु १८ खण्डमा विभक्त छ । यसका सबै खण्डमा रोजी - रोटी र नयाँ सम्भावना अनि अवसरको खोजमा अमेरिका हानिएको नेपाली युवक 'प्रेम'को कथा छ । यस उपन्यासको नायक प्रेमको बसाई विश्वको सम्भ्रान्त देश अमेरिकामा छ । ऊ आप्रवासी नेपाली हो । विदेश बसाईको क्रममा प्रेमको मनमा तरङ्गित भएका भावनाहरूलाई एकलापीय शैलीमा उसले अभिव्यक्त गरेको छ । उपन्यासको संगठन जटिल र नौलो रहेको (एटम, २०६७ : ३९) यसको कथावस्तुलाई सिलसिलामा यसरी प्रस्तुत गर्न सकिन्छ :

**म पीडित युवक प्रेम विपनामा नेपालमा थिएँ** (पृ.१) । वाक्यबाट यस उपन्यासको कथानक सुरु भएको छ । यस उपन्यासको नायक प्रेम नेपालको पश्चिमाञ्चल क्षेत्र अन्तर्गतको म्याग्दी जिल्लाको राखु गाउँको हो । ऊ बी.एड. उत्तीर्ण माध्यमिक विद्यालयको शिक्षक हो । शिक्षक पेशाबाट ऊ सन्तुष्ट हुन सकेको छैन । उसको परिवार कृषिमा निर्भर छ । त्यस पेशाबाट परिवारको सम्पूर्ण आर्थिक व्यायभार उसले थेग्न सकेको छैन । शिक्षक

हड्तालबाट शैक्षिक पेशा लुटिएको छ । आत्ममूल्याङ्कनको क्रममा आफूलाई भुस्याहा कुकुर जस्तै हीन मानवको रूपमा चिनाएको छ । ऊ अमेरिका गएर फर्किएको एघार वर्षपछि लुकेर अमेरिका मै नबसेकोमा पश्चाताप गर्दैछ । आफ्नो अवस्थाबाट सन्तोष प्राप्त गर्न सकेको छैन । पीडित युवक प्रेम विपनामा नेपाल र सपनामा अमेरिकाको अस्पतालमा भएको कथानक उपन्यासको प्रथम खण्डमा छ ।

उपन्यासको **दोस्रो** खण्डमा सपनामा प्रेम अमेरिकाको अस्पतालमा छ । अमेरिका पुगेर ऊ वृद्ध भएको छ । उसको उमेर ७२ वर्षको छ । ऊ असक्त रोगी बनेर अस्पतालको बेडमा सुतेको छ । उपचारको क्रममा उसमा बाँच्ने रहर पलाएको छैन । डाक्टर र नर्सका कुरा आधामात्र सुन्छ । ऊ अनेकौं कल्पनामा हराएको छ । उसको अन्तरचेतनामा अमेरिका बसाईका पूर्व घटनाहरू क्रमहीन रूपमा आइ रहन्छन् । उसमा मृत्युको अन्तिम घडीमा अमेरिकाको लुरेक्याभर्नमा हराएको प्रत्यक्ष सम्झना छ ।

उपन्यासको **तेस्रो** खण्डमा सपनामा प्रेम अमेरिकाको लुरेक्याभर्नमा लुकेर हराएपछि यस उपन्यासको कथानकले गति लिन थाल्दछ । प्रेम लुरेक्याभर्नमा हराउँदा त्यस ठाउँलाई नेपालको पोखरामा रहेको महेन्द्र गुफासँग तुलना गर्न पुगेको छ । उ अमेरिकामा लुकेर बस्ने योजनामा छ । उसलाई कसैले पनि नदेखुन भन्ने छ र लुकाइएको क्रममा निकै त्रसित देखिन्छ । नोभेम्वर १६ तारिखका दिन आफ्ना परम मित्र थमबहादुरसँग गरेका कुरा सम्झन्छ । थमबहादुरसँग मातृभूमि छोडेकोमा निक्कै पश्चाताप गर्दछ । पश्चातापको बीचमा पनि अमेरिकानै बस्ने इच्छा जाहेर गर्दछ । थमबहादुरसँग आफ्नो कुरा खोलेकोमा चिन्तित पनि छ । कल्पनामा बतासिँदै बारम्वार नेपाल राखु र काठमाडौंलाई सम्झन्छ । पैदल यात्राको बीचमा एक अधवैंसे आइमाईले उसलाई लिफ्ट दिन्छे । लिफ्ट दिने आइमाई हीरा थिई । हीराको कारबाट बलस्ट्रिन स्टेसनमा मन नलागे तापनि प्रेम उत्रन्छ । ऊ लुरेक्याभर्नबाट वासिङ्टन डिसीको भूमिगत रेलभित्र बास हुने देखिन्छ ।

उपन्यासको **चौथो** र **पाँचौ** खण्ड वासिङ्टन डिसीमा रहेको भूमिगत रेलभित्रको प्रेमको बसाईसँग सम्बन्धित रहेको छ । वासिङ्टन डिसीमा भूमिगत रेलभित्रकै बास बस्ने त होला भन्दै प्रेमले आफ्नो लङ्गडो मनलाई घिसारेको छ । संशयकूल मनस्थितिमा वलास्ट्रिनको सब वेमा पस्न एस्केलेटरमा बस्दछ । त्यहाँ कालो धर्ती रहेको उसले अनुभुति गर्दछ, आफूलाई निश्चल उभिएको वृक्ष जस्तै ठान्दछ । उसको भिसाको म्याद सकिएको छ, ग्रीन कार्ड छैन । तसर्थ ऊ लुकेर बस्न चाहन्छ । एकल गन्तव्यहीन पथिक जस्तै आफूलाई ठान्दछ । उसलाई राखु र आफ्नो परिवारको सम्झनाले विरक्त बनाएको छ । आफू शिक्षकको नेता बनेको, पैसाको मोहमा चुर्लुम्ब डुबेको, मदनबहादुरको उन्नतिको विषयमा कुरा गरेको सम्झन्छ । घरका लालाबाला, आफ्नी पत्नी लक्ष्मीप्रिया सम्झिएर मोहित हुन्छ । मानसपटलमा यिनै कुरा खेलाइरहेको अवस्थामा धङ्धङाउँदै सब वेको प्लेटफर्मको बेन्चमा

बस्न पुग्दछ । ऊ नजिकै आएर बसेको भारतीयले पुजारी बन, तिमी यसबाट ग्रीन कार्ड पनि प्राप्त गर्न सक्दछौ भन्दा प्रेमले अन्य काम गर्ने तर पुजारी नबन्ने इच्छा प्रकट गर्दछ । मुसाफिर जस्तो भएर कहाँ ओर्लन्छ, कहाँ बस्दछ त्यो उसैलाई पत्तो हुँदैन । ऊ रेलबाट यात्रा गरिरहेको छ । रेल रोकिएको ठाउँ न्यूक्यारोल्टनलाई अन्तिम विश्रामस्थल बनाउँदछ । भूमिगत रेलभित्र निराहार बसेको दुब्लो, निन्याउरो, मरनच्याँसे, मैलो पोसाक र लामालामा दाह्रीमा ऊ देखिन्छ । डिसेम्बरको जाडोमा अपराधी जस्तै भएर रेलभित्र गन्हाएर बसेको छ । एक्कासी एक डलर भेट्टाउँदा प्रेम प्रफुल्लित बन्छ । तर फेरि त्यस एक डलरले उसको सबै समस्याको समाधान गर्न नसक्ने कुराको बोधले सुकेको पात जस्तै नीरस जीवन भोगाईको पीडामा छ । वर्तमानको मगन्ते र मुर्दा समानको जिन्दगीबाट मर्माहत बनी एक्कासी अतितको सम्झनामा रमाउन पुग्दछ । छोराछोरीको हात समातेर हिँडिरहेकी लक्ष्मीप्रियालाई देखि हात हल्लाउँदै हाँसेको सम्झन्छ । फुटपाथमा हिँडिरहेकी हीरालाई एक्कासी खम्बामा ठोकिएको देखी उठाउन पुग्दछ ।

उपन्यासको **छैटौं** खण्डमा प्रेम भूमिगत रेलभित्र बेल्चाधारी कामदार बन्ने लक्षण देखिएको छ । खम्बामा ठोकिएकी हीरालाई सहयोग गरेवापत हीराबाट पाँच डलर उपहार (टिप्स) पाएको छ । पारिश्रमिक स्वरूप पाएको पाँच डलरले प्रेमको मन निकै हर्षित गरेको छ । ऊ आइरहेको रेलमा प्रवेश गर्दछ । रेलको गतिभन्दा तीब्र गतिमा उसको मनले यात्रा गरिरहेको छ । अनेकौं योजना निर्माणमा उसको मनले फन्को मारेको छ । परिवार अमेरिकामा बोलाउने, एउटा घर निर्माण गर्ने, व्यापार गर्ने यिनै योजनाको कल्पनामा ऊ हराउन पुग्दछ । पहिलो पटक हिउँ सोर्ने (स्नो मुभर) काम पाउँछ तर त्यसबाट प्राप्त ज्यालाले ऊ सन्तुष्ट हुँदैन । हिउँ सोर्ने क्रममा निकै कठिनाई झेलेको छ । ठगिएको, उचित ज्याला नपाएको, शोषित, ठेगाना बिहीन मजदुरको रूपमा आफूलाई ठान्दछ । अँध्यारोमा दिग्भ्रमित भई राखुको आफ्नो घर सम्झन पुग्दछ । आफू अमेरिकामा असुरक्षित भए पनि पत्नी लक्ष्मीप्रिया र छोराछोरी घरमा सुरक्षित होलान, यिनै कल्पनाको बीचमा स्नो मुभर हीराको घर आउन बाँकी रहेको सङ्केत उसको मनले गर्दछ ।

उपन्यासको **सातौं** खण्डमा काम नपाएको प्रेमले हीराको घरमा हिउँ फाल्ने (स्नो मुभर) काम पाउँछ । ऊ नेपालमा श्रम नगरी बसेको र ठगी खाएको सम्झन्छ । उसको बासस्थान बेसमेन्ट (जमिन मुनीको छिंडी) हुन्छ । उसले बीच-बीचमा हीराको कोठाको काममा सघाउँछ । हीरालाई देख्दा आफ्नी पत्नी लक्ष्मीप्रियालाई सम्झन्छ । बर्षौ नुहाउन नपाएको उसले हीराको घरमा नुहाउँदछ । उसलाई बाल्यकालिन स्मृतिमा हराउँदै राखुमा धना, गोपालहरूसँग बाल क्रिडामा मस्त भएको सम्झन्छ, अतितको मोहले सताईरहन्छ, कतिबेला लक्ष्मीप्रियासँग अंकमाल गरी सुतेको भ्रममा पर्दछ त कतिवेला हीरा र हीराको पति भरतको सहयोगले ऊ सेभेन एलेभेन नामको बिशाल बजारमा काम गर्न पाउँदछ ।

काम गने ठाउँमा उसलाई डम डमी भनी गाली गरेकोमा खिन्नता छ । तर त्यसमा ऊ केही प्रतिक्रिया जनाउन सक्दैन । विशाल बजारमा सयौं वर्षसम्म काम गर्ने अवसर र ग्रिन कार्ड समेत दिलाईदिने भरत र हीराले विश्वास दिलाउँदछन् तर ग्रिनकार्डको स्पोन्सर गर्लान भन्ने विश्वास प्रेममा नभए पनि मुस्कुराएर स्वीकारोक्ति प्रकट गर्दछ । प्रेम बेल्चाधारी कामदारबाट भूमिगत अमेरिकाको जागिरमा पदार्पण गर्दछ ।

उपन्यासको **आठौं** खण्डमा प्रेम भूमिगत अमेरिकाको जागिरमा पदार्पण गरेको छ । हीरासँग उसको सम्बन्ध नजिकिँदै जान्छ । नेपाल छाडेको आठ वर्ष र हीरा र भरतको सङ्गतमा आएको तीन वर्ष पुग्दा पनि ग्रिनकार्डको अत्तोपत्तो नहुँदा त्यसलाई ऊ आकाशको खेती सम्झन्छ । हीरा उसलाई यौनको प्यास मेटाउने माध्यम बनाउँछे । राती ११ बजे फोनको घण्टी आएपछि ऊ यौन सम्बन्धको लागि तयार हुनुपर्दछ । सेभेन- एलेभनमा ईश्वरीसँग झगडा परेपछि ऊ रेष्टुरेन्टमा काम गर्न थाल्छ । सहयोगी कामदारबाट पनि पीडित छ । तिनीहरूको संगत उसलाई नरपिचासको जस्तो लागेको छ । जागिर पाएपछि उसले वासिङ्टन डिसीमा यमपुरीको महल बनाउने परिकल्पना गर्दछ ।

उपन्यासको खण्ड **नौ** मा वासिङ्टन डिसीमा यमपुरीको महल बनाउने परिकल्पनामा प्रेम पुरिएको छ । यो परिकल्पना पूरा हुने लक्षण उसले देखेको छैन । आफू नै यमपुरीको महल भएको भन्ने उसलाई लागेको छ । ऊ नेपालको राखुलाई नरक र अमेरिकालाई स्वर्ग ठान्दछ । कहिलेकाहीँ काठमाडौं र अमेरिकालाई यमपुरी र राखुलाई स्वर्ग सम्झन्छ । यसक्रममा स्वयं प्रेम नै उपन्यासकारमा रूपान्तरित हुन्छ र घरका सरसामानलाई उपन्यासका सामग्री भनेर कथानक खण्ड विभाजन यथार्थ र कल्पना शैलीका बारेमा चिन्तन गर्न थाल्दछ । वासिङ्टन जस्तो यमपुरीमा पनि पाटोम्याक नदीको स्वच्छ जलधारा देख्दा भावुक बनेको छ । जीवनमा द्रव्य आर्जन गरेर सन्ततिलाई मात्र सुम्पनु ठीक हो वा होइन भन्ने दोधारमा छ । यिनै कल्पनाले ऊ व्यथित बनेको छ । साथी प्रतापको अनुरोधमा 'गो' 'गो' हेर्न गएको बेला आफूलाई आधारहीन इन्चार्ज बन्नु पर्ने आशंकामा देख्दछ ।

उपन्यासको **दशौं** र **एघारौं** खण्डमा प्रेम भरतको स्टोरमा इन्चार्ज बन्छ । उसले कमाएको पैसा सबै नेपाल पठाएको छ । त्यो पैसाले घर बन्न नसकेकोमा ऊ व्यथित देखिन्छ । हीरासँग विहे गरी बस्ने कल्पनामा छ । हीरालाई स्वीकार्दा लक्ष्मीप्रियाले के भन्लिन भन्ने मनोद्वन्द्वमा परेको छ । बेसमेन्टमा बसेर लेखेका दैनिकीहरू पढ्दछ । उसले यमपुरीको महलको निर्माण, त्यसमा गरिएको लगानी, जन्म- मृत्यु, आदर्श र यथार्थका बारेमा चिन्तन गर्न पुग्दछ । पैसाबाट इच्छा पुरा हुँदैन । पैसाले गर्दा इच्छाहरू बढ्दै जान्छन भन्ने उसको सोच छ । आफू अन्धकारमा रहेको अनुभव गर्दछ । उसलाई राखु र घरको सम्झनाले सताउँदछ । जीवनमा कसैलाई पनि दुःख नदिएको सम्झना उसमा छ । इमान्दार बनी काम गरेको छु तापनि मेरो इमान्दारी लुटिएको, खोसिएको छ भन्ने उसलाई लाग्दछ । नेपालमा

चिटिक्क परेको घर बनाउने इच्छा छ । अमेरिकालाई तुच्छ भूमि ठानेको छ । पिताको काठमाडौंमा छाप्रो बनाउने इच्छा र डिसीमा यमपुरीको महल बनाउने आफ्नो चिन्तनलाई एकै ठान्दछ । रेमिट्यान्सबाट सम्मृद्ध नेपालको कल्पना गरेको छ । नेपाल फर्किएर शान्ति पाइन्न कि भन्ने प्रश्न उसको मनमा छ । बेचैनी भई अमेरिका र नेपाल सम्झी आफू एक्लो भएको अनुभूति गर्दछ । सीमान्तीकृत हुनुको पीडा उसमा छ । सत्य के हो ? स्वर्ग वा नरक ? अमेरिका वा नेपाल ? प्राचीन वा आधुनिक ? चीन वा भारत ? जीवन वा मृत्यु ? यस्तै मनोद्वन्द्वमा ऊ छट्पटिरहन्छ । कामदारका विरोधका कारण बस्न नसक्ने भइरहने होला भन्ने चिन्ताले ग्रसित हुन्छ ।

कामदारका अन्तर्विरोधले छट्पटिएको प्रेम आफ्ना तिनवटी पत्नी {लक्ष्मीप्रिया, हीरा र कला (साहित्य, सिर्जना)} भएको कल्पना गर्दछ । तिनै पत्नीलाई प्रेम गर्दछ । तिनैजनासँग अस्तित्व रक्षाका लागि निरन्तर खटिरहन्छ । आफ्नो सानो शरीर कतिजनालाई विलो लगाउने हो ? यस्तै कारणबाट ऊ विदीर्ण हुन्छ, राखुदेखि डिसीसम्म डलरको कार्पेट विछ्याउन चाहन्छ तर यसको संयोजन गर्न नसक्दा ऊ खण्डित भएको छ । दुई दशक अमेरिका विताए पनि आफ्नो आर्थिक धरातल पूर्ववत राखुको जस्तै भएको अनुमान लगाउँदछ । अमेरिकामा वियर नखाने, उत्तेजित भएर डान्स नगर्ने, सिगरेटको धुवाँ नउडाउनेलाई जीवन नभएको मानिस ठानिन्छ । प्रेम यी कुरामा स्वीकृति जनाउँदैन । यी क्रियाकलापलाई विसङ्गतिका कारक सम्झन्छ । नेपालका कुनै पार्टीको सदस्य भएपनि यो भन्दा पर आफू विवेकको पार्टी भएको कल्पना गर्दछ । उसको मन विदीर्ण छ तर मलमपट्टी लगाउने कोही नभएकोमा आफैंले आफैंलाई थप्पड हानेको अनुभूति गर्दछ । आत्मसञ्चेतनका कारण ऊ पीडित देखिन्छ । लक्ष्मीप्रिया, हीरा र कला वा सिर्जनाको त्रिकोणत्मक पीडाले पोलिरहेको महसुस गर्छ ।

उपन्यासको **तेह्रौ** औं खण्डमा प्रेमलाई पत्नी, प्रिया (हीरा) र सिर्जनाको त्रिकोणात्मक पीडाले पोलेको छ । दोस्रो पटक अमेरिका आफ्नो भएको देख्न चाहने इच्छाले प्रेम मन्त्रमुग्ध भयो किन की जेवन भिसाबाट ऊ सुरक्षित बन्न सकेन । नत प्रेमले हीरा र भरतको आश्वासनले ग्रिनकार्ड प्राप्त गर्न सक्यो । यस्तै यस्तै पीडाबाट ऊ विक्षिप्त छ । एउटी श्रीमतीको इच्छापूर्ति गर्न नसकेर भागेको मान्छे हुँ, नत भरतले नै मलाई स्पोन्सर गर्न सक्यो । लक्ष्मीप्रिया राखुमै छिन वा यमपुरीमा, पत्राचार केही छैन । एकालापमा ऊ लक्ष्मीप्रियालाई सम्झन पुग्दछ । ऊ राखुमै हराउँछ । सपनामा लक्ष्मीप्रियाको सतित्वहरण भएको देख्दछ र हीरा लक्ष्मीप्रियामा परिणत भएको पाउँछ । आफू निकै बुढो भएको महसुस गर्छ । एकपटक मातापिताको मुख हेर्ने इच्छा जाहेर गर्छ तर घरको इच्छा प्रेम अमेरिकाबाट डलर मार्फत पूरा गरोस भन्ने हुन्छ । यसै बीचमा जीवन र मृत्युको आत्मचिन्तनमा हराउँछ ।

पुनः यमपुरीको महल निर्माण नगरी नहुने विचार प्रकट गर्दछ । यमपुरीको महलको सपनाले बैंसमा नै जराग्रस्त भएको पाउँछ ।

प्रेम आफूले प्राप्त गर्न खोजेको घर, ग्रिनकार्ड र परिवारबाट माया प्राप्त हुन नसक्दा खिन्न बनेको छ । उसमा बाहिरी भन्दा आन्तरिक पीडा बढी छन् । ऊ भन्छ - काम, प्रेम र पत्नीको पीडाबाट मुक्तिको चाहना जो कोहीलाई पनि हुन्छ । ऊ वायरहाउसमा छ तर उसको कल्पनामा घरको विद्रीण अवस्था घुमिरहेको छ । राखुको घर परिवारले आफूलाई बोलाइरहेको अनुभूति उसमा छ । राखुमा पिताको र अमेरिकामा आफ्नो कमाईको तुलना गर्दछ । पाकिस्तानीले 'विटु' भिसाको स्पोन्सर गर्ने भनेको थियो तर त्यो नगरिँदा नेपालबाट जेवन भिसामा आउनुपर्दा दुःखेसो व्यक्त गर्दछ । तत्काल हीराले सँगै जाने आग्रह गर्छे । आफूलाई पशुजस्तै सम्झी पछि लाग्दछ । आफ्नो मुडो शरिरलाई अमेरिका छोडी नेपालको राखुलाई सम्झिन्छ । अमेरिकालाई शोषक र आफू शोषित बनेको अनुभूति छ । कहिले पत्नी, प्रेमिका र सिर्जनाका तीक्ष्ण प्रहारबाट मुक्ति पाइएला एवं अपार्टमेन्ट र वेसमेन्टको भूमरीबाट छुटकारा पाइएला भन्ने चिन्तामा छ ।

उपन्यासको **पन्ध्रौं** खण्डमा प्रेम भन्छ - हीरा भरतबाट यौन शोषित नारी हो । भरतले हीरालाई पत्नीको दर्जा दिएको छैन । हीराको भर्भराउँदो यौवन रहुन्ज्याल भरत हीराको साथ थियो अहिले उसैलाई वास्ता गर्दैन भन्ने सम्झन्छ । हीरा अहिले अधवैंशे छे । अमेरिकामा अधवैंशे मानिस ट्र्यासमा फालिंदो रहेछ । म भने हीराको निर्देशन अनुसार यौनक्रिडामा तयार हुनुपर्दछ । पूर्वीय सभ्यता अनुरूप प्रेम र यौन बारे हीरासँग खुलस्त कुरा गर्न सक्दैन । ऊ हीरासँगको स्वरै कल्पनामा हराउँछ । उसले लक्ष्मीप्रिया प्रति अपराध गरेको ठान्दछ । हीराले भरत वा मलाई कति माया गर्थिन यो प्रश्न भूमिगत नै भएको अनुभूति प्रेममा छ । मृत्यूको अन्तिम घडीमा यो यमपुरीमा हीरा नै अन्तिम पानी दिने व्यक्ति हुनेछिन भन्ने कल्पनाको भ्रममा पर्दछ ।

उपन्यासको **सोह्रौं** खण्डमा प्रेमले यमपुरीको महल बनाउने इच्छा निरासा र जिजिविषामा परिणत भएको कल्पना गरेको छ । नेपालमा सात दल र माओवादीको सम्झौताले देशमा शान्ति छाउने परिकल्पनामा छ । हीरासँग आफू दास बनेको छ । नेपालमा पुरुषले नारीलाई दास बनाउथे तर अमेरिकामा आफू नारीबाट दास भएको छ । ऊ यसैबाट ग्रीनकार्ड प्राप्त गर्ने आशामा छ । उसको यमपुरीको महलको कल्पना 'उत्पधन्ते प्रलीयन्ते दरिप्राणां मनोरथा' (दुःखीको मनमा धेरै सपना आउँदछन् तर तुरुन्तै हराउँछन् ) पानीको फोका जस्तै भएको छ । इच्छा मानिसका चन्द्रमा छुने हुन्छ तर मेरो इच्छा इच्छामै सीमित रह्यो भन्ने सोचाइ छ । ऊ दैनिकी लेख्दै मनका वेदनाहरू पोख्न थाल्दछ, त्यो वेदना अमेरिकाको बसाई र राखुको सम्झनामा रहेको छ । धनहीन भएर बन्धुको बीचमा बस्नु राम्रो होइन भन्छ । पितृभूमि प्रेमी एन.आर.एन. बन्नुपर्छ भन्ने उसको चिन्तन छ ।

यमपुरीको महलको रूप तीनवटा देख्छ; अचेतन, अर्धचेतन, चेतन । मानौं अमेरिका, काठमाडौ र राखु अथवा स्वर्ग, मर्त्य र पातल ।

उपन्यासको **सत्रौं** खण्डमा प्रेम अमेरिकाको अस्पतालमा छ । ऊ सख्त विरामी छ । ऊ आफ्नो आत्ममूल्याङ्कन गर्दछ । उसको मुख र गुद्वारबाट रगत बगिरहेछ । उसलाई रगतको आवश्यकता छ । भरत र हीराले रगत दिन अस्वीकार गर्दा उसलाई आत्मग्लानी हुन्छ । राखुका आफ्ना सन्ततिलाई गरीब र भिखमङ्गा देख्छ । यमपुरीको निर्माणसँगैका अनन्त इच्छाहरू भन्नु नै आफूलाई यमपुरीमा धकेल्नु हो भन्ने छ । मृत्युको नजिक पुग्दा अतितमा यमपुरीको सेवा गरी बसेकोमा आफूलाई घृणा गर्दछ । ऊ अमेरिकाबाट नेपाल फर्की शोषकसँग लडेर किसानसँग मिली बस्न चाहन्छ । ऊ सपनाबाट विपनामा नेपाल फर्किन चाहन्छ ।

उपन्यासको **अठारौं** खण्डमा प्रेम बिपनामा नेपाल देख्छ । सम्पूर्ण युवाजोश, श्रम र पसिना अमेरिकामा अर्पेको तर अस्थिपञ्जर भई नेपाल फर्किनुमा ऊ दुःखी छ । सम्पूर्ण श्रम, सीप, उत्साह र जाँगर स्वदेशमा खर्चिएको भए वेस हुने थियो भन्नेमा ऊ पुग्दछ । मृत्युको अन्तिम घडिमा नेपाल प्रतिको वात्सल्यले भुटभुटिएको छ । कुनैपनि युवा विदशिनु नपरोस भन्ने उसको चाहना छ । ऊ चाँडै अमेरिकाबाट डिपोर्ट हुन चाहन्छ । किनभने ऊ आफूलाई नरकमा डलर निर्यात गर्ने स्मग्लर सम्झन्छ । यो उसको चरम अपराध बोध हो । अनेकौं भ्रमित लहरहरू उसका मनमा आउँदै बिलाउँदै गर्छन् । मृत्युको नजिक हुँदा उसलाई यमपुरीको महलका लागि गरेको प्रयास निरर्थक लाग्दछ र गाउँकै प्रतिस्पर्धालाई ऊ नरक ठान्दछ । नाकबाट कोचेको सुथरी डाक्टरले स्वाट्ट तान्दा प्रेम टुक्रा- टुक्रामा छरिन्छ र ऊ लास बनिसकेको बेला हठात विउँझन्छ । नेपालकै गाउँमा पल्टेको ऊ बिपनामा भएपनि आफूलाई मृत व्यक्ति नै ठान्छ । उसले कतैबाट 'स्वर्गमा भाग्ने हैन, नरकलाई बदल्ने गर'..... बाहिर अँध्यारो भैसक्यो शनै ! शनै भित्र पसेर दियो बाल्ने गर भनेको सुन्छ ।

ऊ त यत्रो समयसम्म सपनायात्रामा पो रहेछ, सपनाकै भएपनि सङ्कटबाट मुक्त भएकोमा ऊ खुसी छ । लक्ष्मीप्रियाप्रति उसको प्रेम उम्लेर आउँछ । फेरी भिसा नआएकोले ऊ चिन्तित हुन्छ; किनभने गरिबी त उसलाई व्यङ्ग्य गर्दै उसको घर, छिमेक सबैतिर हाँसिरहेकै छ । यमपुरीको महल भोग गर्न खोज्ने अभिसापले प्रेमजस्ता नेपालीहरू आजीवन छटपटाइरहेकै छन् ।

### ३.२.१ यमपुरीको महल उपन्यासको कथानक

**यमपुरीको महल** उपन्यासको कथानक आदिदेखि अन्त्यसम्म शृङ्खलित नभएर टुक्रिएको देखिए तापनि कथावस्तु जोडिएको नै छ । मूलतः यस उपन्यासको कथानक विदेशमा काम र सु-अवसरको खोजीमा पैसा कमाई स्वदेश फर्कन खोज्नेहरूले विदेश गई

भोगेका पीडा, दुःख, एक्लोपन, अनिश्चितता र विफलताको कथा र देशका आत्मीयजनसँग विछोडिनुको गहिरो पीडा र भयसँग सम्बन्धित छ । यस उपन्यासको कथानक यथार्थ नभई सपना बृतान्त हो । उपन्यासको मूख्य पात्र (प्रेम)ले सपनामा देखेका घटनाहरूमा आधारित कथानकले यस उपन्यासलाई डोहोऱ्याएको छ । प्रेम म्याग्दीको राखुमा घर भएको एक मध्यम वर्गीय पात्र हो । एक पटक टुरिष्ट भिसामा अमेरिका पुगेको थियो । एउटा पाकिस्तानीले फेरि टुरिष्ट भिसाको लागि स्पोन्सर पठाउँछु भनेकाले आफ्नी प्रिय नयाँ दुलही लक्ष्मीप्रियालाई संझेर नेपाल फर्कन्छ । तर एघारौँ वर्ष वितिसक्दा पनि नत भिसा नै आउँछ नत राम्रो काम नै केही हुन्छ, त्यसै ढाक्रे भएर पल्टेको प्रेमले टुरिष्ट भिसामा अमेरिका गई उतै भागेर बसेको सपना देख्दछ । उपन्यासको प्रथम खण्ड प्रेम विपनामा नेपालमै भएको अवस्थाबाट आरम्भ भएको छ । दोस्रो खण्डमा प्रेम फेरि अमेरिकाको अस्पतालमा सपनाको अन्तिम अवश्थामा रहेको देखाइएको छ । यसरी पहिलो र दोस्रो खण्डमा कथानकले लिएको मोडबाट पाठक अल्मलिन खोजे पनि तेस्रो खण्डमा प्रवेश गर्दा पहिलो खण्डको प्रेमको स्वप्निल अवस्था जोडिएपछि उपन्यासको  कथानकले रेखिय पद्धति अँगाल्न पुग्दछ । पहिलो खण्डमा नेपालमा सुतेर सपना देख्न थालेको प्रेम तेस्रो खण्डमा सपनामा अमेरिकाको लुरेक्याभर्नमा लुकेर हराएपछि कथानकले पनि  गति लिन थालेको छ ।

अमेरिका बसी डलर कमाउने र काठमाडौंमा महल ठड्याउने आफ्नो उद्धेश्य पुरा गर्न प्रेम लुकी लुकी अमेरिकाको लुरेक्याभर्नमा कामको खोजीमा भौंतारिन थालेपछि उसका संघर्षका दिनहरू सुरु भएका छन् भने कथानकले पनि द्रुत गति समात्न पुगेको छ । भूमिगत रेलभित्र निराहार बसेको दुब्लो पातलो र मरन्च्याँसे भएको प्रेमले १ ञडलर भेट्टाउँदा आत्मवल प्राप्त गरी कामको खोजमा निस्कनु, हीरालाई खम्बामा ठोकिनबाट बचाउँदा 'टिप्स' स्वरूप पाएको ५ डलरबाट बेल्चा किन्नु, बेल्चा लिएर काम खोज्दै यताउता भौंतारिनु, पैसा कमाउन र यमपुरीमा महल बनाउन जस्तोसुकै काम गर्न पछि नपर्नु, नेपालमा काम प्रति लिइने नकारात्मक सोचलाई धिक्कार्दै आफूले गर्नु परेको कठोर श्रमलाई सजाय हो भन्दै सान्त्वना दिनु, हीरासँग भेट हुनु उनले आफन्तको जस्तो गरी सहयोग गर्नु र भरतसँग चिनजान गराउनु, भरत र हीराको सहयोगमा उसले काम पाउनु, उनीहरूले ग्रीनकार्ड दिलाईदिने आश्वासन दिनु, भरतको सेभेन एलेभेनमा काम गर्दै जाँदा ईश्वरीले नराम्रो शब्दले गाली गर्दा डटेर सामना गर्नु, सजिलो काम भएपनि नैतिकतालाई निचो बनाई त्यहाँ काम गर्नुभन्दा गाह्रो काम भएपनि रेष्टुरेन्टमा सर्नु र आफ्नो सँस्कृति र सँस्कारको विपरित हो भन्ने जान्दा जान्दै पनि ग्रीनकार्डको लागि हीरालाई खुसी पार्न उनीसँग पत्नीको जस्तो सम्बन्ध गाँस्न खोज्नु यस उपन्यासका मुख्य घटनाहरू हुन र यी नै घटनाहरूबाट मुख्य पात्र प्रेमले पैसाको लागि गरेका संघर्षहरूलाई अगाडि बढाई कथानकको संघर्ष विकासलाई गति दिने कार्य गरेको छ ।

प्रेमले जहाँ काम गर्न गए पनि हीन, निरीह, एक्लो र दास बनेको स्वीकार गर्नु, जतिसुकै राम्रो दृष्य अमेरिकामा हेर्न पाइने भएपनि उसलाई नेपालकै ममता जाग्नु, “म विकसित देशमा भएपनि ममता चाहिँ नेपालमै जीवित छ ।” (यमपुरीको महलः ८१) । पैसाको लागि आफू बेचिएको अनुभव हुन थाल्नु, “मेरो घर कति ठूलो वंगालको खाडी होला ! जत्ति भएपनि अपूरै बस् ! मलाई त्यो पैसा कमाउन यहाँ कति दिन दास बन्नु पर्छ होला ! ” (पृ., ६०),

स्वदेश र जन्मस्थल राखु अनि आफ्ना जनको संझनाले सताउन थाल्नु, हीराको प्रेम र सहयोग उनको सीमित स्वार्थ होकी भन्ने उसको मनमा पर्नु, सेभेन एलेभेनमा आफूसँगैका कामदारको अन्तर्विरोधले बसिनसक्नुको महशूस गर्नु, नेपाल फर्की घर बनाउने की अमेरिकामा नै व्यवस्थित हुने भन्ने द्वन्द्वमा प्रेम फस्न थाल्नु, “म फर्कन चाहन्न । को गइराखोस् यो आकाशगङ्गामा वहन छोडेर । हीरा बूढी छन् त के भयो? मलाई विमार हुँदा आमाको ममता वासना....श्रीमतीको भन्दा बढी प्यार .... आपदमा भाइ....के उनै उनै बनेकी छैनन र ? किन जाने ? भरत त उनको लागि नाम शेष मात्र रहेको छ ” (पृ., ६२) । तत् क्षण फेरि नेपालमै फर्कने छटपटी हुन थाल्नु, “उसो त मेरा आमा बाबु, भाइ, बहिनी र रानी तथा सन्ततिहरू.....जसको माया र मोहले म सदा सर्वदा छटपटी रहन्छु । उनकै लागि न हो यमपुरीको महल यो जीवनी पनि” (पृ.,६२) ।

ग्रीन कार्ड बनाउने इच्छा र यमपुरीको महल ठड्याउने कामना निरासा र जिजिविषामा परिणत भएको महशूस गर्न थाल्नु, “न घर बन्यो न ग्रीनकार्ड, यो जेलले न मान दियो परिवारलाई न पद दियो प्रेमलाई,” (पृ., १०२), प्रेम विरामी परी हस्पिटलमा भर्ना हुनु, उसलाई रगतको खाँचो पर्नु, डाक्टरले उसलाई दोस्रो दर्जाको नागरिक ठानी मानवीय प्रयोगशालाको रूपमा लिनु जस्ता घटनाले यस उपन्यासमा संकटावस्थाको सृजना गरेका छन् ।

प्रेम बिमारी परेर जब हस्पिटलमा भर्ना हुन्छ र उसलाई रगतको खाँचो पर्दछ त्यतिवेला जीवनको लामो समय भरी सेवा र सहयोग गरेकी हीराले र उसलाई काम लगाउने भरतले एक बुँद रगत दिन अस्वीकार गर्नु , “जीवन भर मेरो रगत दिए, हीरालाई मैले अहिले एक बुद रगत औषधी पनि पाइन” (पृ.,१२७) ।हीरा र भरत दुबैले प्रेमलाई अन्जान व्यक्तिको व्यवहार गरी घृणित नजरले हेरी थुइक्क भन्दै हिँड्नु,“मैले हीरालाई देखाएँ । उनी थुइयया गरी मलाई थुक्दै भरतको पछि लागिन”(पृ.,१२७) ।

उपन्यासमा देखिएका यस्ता घटना यस उपन्यासका चरम अवस्था हुन् । यहीँबाट प्रेमले विदेशी मोह त्याग गरी स्वदेशमै फर्कने अठोट गरेको छ र यी घटनाहरुले काम, माम र नयाँ अवसरको खोजीमा विदेशीएका आप्रवासीहरूको चरम दुरवस्थालाई प्रस्तुत गरेको

छ । यमपुरीको महल बनाउने सपनाभित्रको कल्पना यस घटनाले धुजाधुजा पारेको छ । यही घटनाबाट प्रेमले आफ्नै मर्त्यमा फर्कने र किसानको पक्षमा रही सेवा गर्ने अभिलाषा व्यक्त गरेको छ । उसको यही नवचेतना र परिवर्तनको मिर्मिरेले यस उपन्यासमा संघर्ष ह्रासको चरण ल्याएको छ भने आफ्नो मातृभूमि, आफन्तजन, पत्नी र सन्ततिप्रतिको प्रेम, वात्सल्य र सामीप्य यसका उपसंहारको रूपमा देखिएका छन् ।

### ३.३ यमपुरीको महल उपन्यासमा पात्र विधान

नेपालको पश्चिमाञ्चल म्याग्दी जिल्लाको राखुदेखि काठमाडौ र सात समुद्रपारिको अति विकसित देश अमेरिकासम्मको भावभूमि रहेपनि यस उपन्यासमा मुख्य रूपमा एकल पात्रको प्रस्तुति रहेको छ । प्रमुख पात्रको रूपमा रहेको प्रेमको सपना वर्णनका आधारमा यस उपन्यासको कथानक अगाडि वढेकाले उसले देखे भोगेका र सुनेका पात्रहरूमात्र अन्य पात्रको रूपमा आएका छन् । प्रेमकै विश्लेषण शक्तिका अधारमा अन्य पात्रको चरित्र चित्रण भएको छ, उनीहरूका आफ्ना स्वतन्त्र अभिव्यक्तिहरू प्रकट छैनन् । यसो भएतापनि कथानकलाई पूर्णता दिनका लागि अन्य पात्रहरू पनि उत्तिकै महत्त्वपूर्ण छन् । कथानकलाई गति दिने कथयिता प्रेम स्वयं उपन्यासको प्रमुख पात्र हो । उसकै कथालाई पूर्णता दिनका लागि आएका सहायक पात्रहरू लक्ष्मीप्रिया, हीरा, भरत र मदनबहादुर छन् । डा.जर्ज, जुडी, रविन्द्र, थमबहादुर मञ्चीय तर गौण पात्रको रूपमा छन् भने अम्वर, धनानाथ, ईश्वरी, प्रताप, पाठक, काजीमान, ज्याक, मेरी, श्याम, गोपाल, धना, बिमला, बिप्लव, शिव, सुन्दर, शान्ती र कान्ती आदि पात्रहरूको उल्लेख पनि पाईन्छ तर यी पात्रहरू मुक्त र गौण पात्रका रूपमा रहेका छन् ।

यमपुरीको महल उपन्यासका पात्रहरू यस उपन्यासको कथानकलाई गति दिनका लागि कथाको भावभूमि अनुसार स्वभाविक छन् । यस उपन्यासका केही महत्त्वपूर्ण पात्रको चरित्र चित्रण यस प्रकार गरिएको छ ।

#### ३.३.१ प्रेम

प्रस्तुत उपन्यासको कथावाहक तथा मुख्य पात्र दुवै प्रेम हो । म्याग्दीको राखुमा जन्मिएको प्रेम समकालीन मध्यम वर्गीय नेपाली शिक्षित युवकहरूको जिउँदो जाग्दो प्रतिनिधि पात्रको रूपमा देखिएको छ । समकालीन नेपालको गतिहीन र असहिष्णु राजनीतिक खेल र त्यसले नेपाली शिक्षित युवाहरूको स्वदेशमै भविष्य खोज्ने भावना माथि तुषारापात गरिदिएकोले विदेशिनु पर्ने वाध्यता र प्रवृत्तिलाई यस उपन्यासको मुख्य पात्र प्रेमको माध्यमबाट देखाईएको छ । प्रेम देशमा कामको अवशर भए विदेशिन नचाहने अनन्त देशप्रेमी युवकको रूपमा रहेको छ । यस्तो हुँदाहुँदै पनि उसको विदेशिनु पर्ने वाध्यता उपन्यासमा यसरी देखिन्छ : "थर्थरी कामेका मेरा दुई जुम्ले हात जोडेर नमस्कार गर्दछु मेरो

मातृभूमिलाई । विना पद र पैसा पतित भएको तिम्रो प्यारो पूतलाई । पालेर राख तिमी माथि घोडा चढ्ने सपूत भएका सहिदलाई" (पृ. १०) ।

मुटुभरी देशप्रेम बोकेर परिवार प्रतिको आफ्नो कर्तव्य निभाउनका लागि कसरी नेपाली युवाहरू विदेशी भूमिमा जकडिनु परेको छ भन्ने कुरा प्रेमका अभिव्यक्तिबाट स्पष्ट हुन्छन् ।

प्रस्तुत उपन्यासमा प्रेमलाई संघर्षशील र जीवन चेतनाले भरिपूर्ण पात्रका रूपामा देखाइएको छ । आफ्नो परिवार प्रतिको दायित्व पुरा गर्नका लागि ऊ विदेशिन वाध्य छ तर जस्तोसुकै अवश्थामा पनि स्वाभिमान गुमाउन चाहँदैन भन्ने कुरा उसले ईश्वरीलाई झापड हानेको घटनाबाट स्पष्ट हुन्छ । अर्काको स्वाभिमानमा धक्का पुऱ्याउने ईश्वरी जस्ता बदमासहरू जहाँ पनि हुन्छन् भन्ने उसको तर्क छ, जुन स्वाभिमानी हुनुको परिचय हो । ऊ भन्छ -

> एक मात्र होइन असंख्य छन् इश्वरीहरू... जहाँ जहाँ जान्छु उहीँ पाउँछु ... कति सर्वव्यापी रहेछन् ! हामी त सदा सर्वदा उनकै गाली गलौज र असभ्य नामहीन आतङ्क भित्र मुरमुरिनु पर्ने ! वाह ! ठूला वडाहरू हो कस्तो छ त तिम्रो संसार । ....हर एकदिन अमानवीय निर्माण कठोर प्रहार कति सहनु .... (पृ. ४५) ।

प्रेम स्वतन्त्रताप्रेमी निर्भीक चरित्र हो । उसको स्वतन्त्रतामाथि मदनबहादुर जस्ताले हस्तक्षेप गरेको उसलाई सह्य हुन्न र त्यस्तालाई समाज विरोधी तत्त्वका रूपमा लिएको छ । त्यस्ताको सामना गर्न हरदम तत्पर देखिन्छ । ऊ पैसाको लागि विदेशिएको हो, कर्ममा रमाउने र कामलाई सम्मान गर्ने व्यक्ति भएको कुरा उसले कठोर परिश्रम गरी बेल्चाले हिउँ फालेकोबाट थाहा हुन्छ । नेपालमा काम प्रति लिइने नकारात्मक धारणालाई ऊ भित्रैदेखि घृणा गर्छ ।

प्रेममा सामाजिक र पारिवारिक कर्तव्य बोध पनि उत्तिकै छ भन्ने कुरा उसले आफ्नो परिवारको दायित्व सामाजिक परम्परा अनुसार पतिले नै लिनु पर्दछ र सामाजिक परिवेश अनुसार आफ्ना परिवारको भौतिक आवश्यकता पुरा गर्नु पर्दछ भनी विदेशिनुले नै देखाउँदछ । पैसा नकमाउने अगतिलो भनि समाजको नजरमा ठानिएपछि समाजको गतिलो पैसा कमाउँदा मात्र हुने होकी भनि निर्वासन चित्तले आक्रान्त छ । मदनबहादुर ठकुरीले काठमाडौमा घर बनाउन नसक्ने तँ अगतिलो भनेपछि उसको स्वाभिमानले डाँडा काट्छ र काठमाडौंमा एउटा गतिलो महल ठड्याउने चाहनाले उसलाई सपनामा भएपनि अमेरिका पुऱ्याएको छ । यहाँ प्रेम समकालीन नेपाली समाजमा शिक्षित युवाहरूको प्रतीक पात्र बनेको छ । नेपाली युवाहरू सामाजिक कारणबाट पनि कसरी विदेशीनु परेको छ भन्ने प्रष्ट हुन्छ । पैसा कमाउनको लागि प्रेम जव अमेकिा पुग्दछ त्यस ठाउँमा आफ्नो अस्तित्व रक्षाको लागि

उसले गरेका संघर्ष र भोगेका पीडाबाट उज्वल भविष्यको कामना बोकी विदेशिनेहरूको मनमा हज्जारौँ प्रश्नहरू तेर्स्याएका छन् ।

प्रेम एक कर्मशील चरित्र हो । ऊ विदेशमा जस्तोसुकै श्रम गर्न तत्पर छ किनकी ऊ उसमा भएका श्रमप्रतिका खराब दृष्टिकोणलाई विदेशमा श्रमकै पसिनाले पखाल्न चाहन्छ । उसले नेपालीहरू कामलाई हेला गरी पछि परेका हुन भन्ने कुरा बुझेको छ र त्यहाँ जस्तो सुकै कठीन काम गर्नुपरे पनि अति मेहनतका साथ गर्दछ किनकी उसलाई मैले नेपालमा ऊ भन्छ : "तैंले यस्तो कालका काल दुःख काटेर काम नगरे अरु को गर्छ ?"...."कठ्याङग्रिने जाडोमा पनि पसिना चुहाएर हिउँको खात लगाइरहेको थिएँ " (पृ.३०) । काम खोज्दै जाँदा हीराको घर अगाडिको हिउँ सफा गर्ने काम पाउँदा ऊ मिहिनेत साथ काम गर्दछ ।

उपन्यासको कथानक प्रेमकै स्वप्न वर्णनमा आधारित छ । सपनाको वर्णनलाई जस्ताको तस्तै वनाउन र कथानकलाई वास्तविक जस्तो राख्न प्रेमका विचारका लहरहरू तारतम्य रूपले मिलाइएका पनि छैनन् र वास्तवमै ऊ के चाहन्छ भन्ने स्पष्ट रूपमा पाठकले बुझ्न नसक्ने अवस्था उपन्यासमा रहे पनि उपन्यासमा आएका उसका अभिव्यक्ति अनुसार उसको चरित्र नियाल्न सकिन्छ । ऊ अन्याय सहन नसक्ने पात्र हो भन्ने कुरा सेभेन एलेभेनमा काम गर्दा ईश्वरीले 'डम' भनेको र तीक्ष्ण नजरले हेरेर हेपेर बोलेको सन्दर्भमा प्रेमले बोलेका निम्न वाक्यहरुबाट स्पष्ट हुन्छ : "तिमी सभ्य । हामी असभ्य । ठूलाको आदर गर्नुपर्दछ । सानाको गलो घोट्नु पर्दछ ? ....मलाई घोक्रो समात्न मन लाग्दछ । एक तीक्ष्ण मुक्का हानेर नाथ्री फूटाइदिन मन लाग्दछ" (पृ. ४४) । ईश्वरी सेभेन एलेभेनको मैनेजर हो, मेनेजर हुँदैमा कामदारलाई नचाहिँदो गरी हेप्न हुँदैन भन्ने उसको बिचार यहाँ प्रकट भएको छ । यी विचारले उ अन्याय सहन नसक्ने पात्रको रुपमा देखिएको छ ।

प्रेम स्वतन्त्रताप्रेमी पात्र हो, उसको स्वतन्त्रता प्रेमलाई उपन्यासकारले यस प्रकार चित्रण गरेका छन, "मैले उसलाई केही गरी आघात पुऱ्याउँला वा उनले मेरो स्वतन्त्रताको हरण गरिदेलान् । मैले भनेर नहुने यी अरुहरू नभएको यौटा मौन गणराज्य निर्माण गर्नपाए कस्तोहुँदो हो...."(पृ., १७) ।

आफ्नो इच्छामा अडिग, "म भोक भोकै मर्छु बरु, बरु म ढुङ्गा बोक्छु..... पुजा गरेर ग्रीनकार्ड मलाई चाहिन्न..." (पृ. १९) । नेपालबाट टुरिष्ट भिसामा अमेरिका छिरेको प्रेम अमेरिकामानै लुकेर बस्न थाल्दछ, कामको खोजीमा चारैतिर भौंतारिइरहेको ऊ सबवे प्लेटफर्मको एउटा बेन्चमा काम नपाएर झोक्राएर बसिरहेको बेला एउटा भारतीय नौजवानले पुजारीको काम गर्ने भए ग्रिनकार्ड दिलाईदिने कुरा गर्दा के खोज्छस काना आँखो हुनुपर्ने हो तर प्रेम मन्दीरको पुजारी बनेर पैसा नखाने आफ्नो इच्छामा अडिग रहेको छ ।

प्रेम संघर्षशील, नारीप्रति कोमल भाव राख्ने र उनीहरूको सम्मान गर्ने, परिवर्तन प्रेमी, भौतिक सुखभन्दा मानवीय कोमल भावनालाई प्राथमिकतामा राख्ने, सामाजिक कर्तव्यवोधले युक्त, धार्मिक ज्ञान र नैतिक चरित्र भएको, समकालीन राजनीतिक चेतनाले भरिपूर्ण, "गिरिजा, प्रचण्ड र माधव नेपालका चेलाहरूलाई यौटा मौन गणराज्यमा भेंडाबाखा जस्तै धकेली दिउँ जस्तो" (पृ. ६६), एक होनहार योग्य नेपाली युवक हो जो विवशतामा बाँच्न बाध्य छ । मातृभूमिको अथाह प्रेम र भौतिक सुखको द्वैध मानसिकतामा विभाजित उसको चेतन र अवचेतन मनले सँधै जुवारी खेली रहन्छन् । यसैको सेरोफेरोमा ऊ कहिले अमेरिकाको हीराको घरमा काम गरिरहेको हुन्छ भने तत्क्षण आफ्नो घरमा आफ्नी प्रियासँग रमाइरहेको हुन्छ । बिदेशिएका व्यक्तिहरू आध्यात्मिक र भौतिक सुखको द्वन्द्वमा परेर जसरी विदेशिन तत्पर भएका छन् त्यसरी नै बिदेशिनेको पंक्तिमा आवद्ध हुने एक निरीह नेपाली पात्र हो प्रेम ।

२००७ साल भन्दा अघि नेपालीहरू आसाम र बर्मातिर भौंतारिए, त्यसपछि मलेशिया र कतार अनि शिक्षित ठानिनेहरू युरोप र अमेरिकालाई आफ्नो सपना नगरी सम्झँदै वर्षेनी बिदेशतिर लाग्ने ताँती र तिनीहरूले भोग्नुपर्ने अथाह त्रास, शंका र उमङ्ग अनि यथार्थबोध यस उपन्यासको पात्र प्रेमले दिन्छ ।

प्रेम हरेक पल विभाजित मानसिकताको सिकार हुन्छ । अमेरिका स्वर्ग हो वा नरक वा नेपाल सत्य वा असत्य डलर र ग्रीनकार्ड ठूलो हो की आफ्ना सन्ततीसँगको सामिप्यता ? यिनै द्वैध मानसिकतामा डोहोरी रहेको छ ऊ । विदेशी भूमिमा आफू एक्लो हुनुको पीडा, परादेशीय हुनुको चिन्ता, पुर्ख्यौली भूमि छोड्नु र इच्छित भूमिको आकर्षण बढ्नुले उसको तन र मनलाई छुट्याइरहेका छन् । ऊ सत्य र असत्यको तानातानमा छट्पटाइ रहेको छ । प्रकाशकीय लेखमा मोहन सिटौलाले भनेजस्तो "प्रेम आजको जीवन हो । यो म, तँ, तिमी, हामी, उनी र अरुहरूको वीचको एकताको सुत्र हो यो अनाम नायक अनेकमा एक हो, त्यो एक नै अनेक बन्छ जसले पुरुष, लिङ्ग र वचनमा भेदभाव विना नै विविध दृष्टिविन्दुबाट यो बस्तु जगतमा अस्मिताको अभिव्यक्ति दिन्छ ।"

प्रेम यस उपन्यासमा आदर्श होइन एक यथार्थ पात्र बनेर आएको छ । औपन्यासिक सिद्धान्त अनुसार भन्ने हो भने उसमा देखिएका विशेषताहरूले उसलाई एकातिर शुरो, वीर, लडाकु र देशप्रेमले युक्त योग्य पात्रको रूपमा देखाइएको छ भने अर्कोतिर आफ्नो जन्मभूमि र आफन्तजनलाई छाडेर टाढा दूर देशमा गई पैसाको लागि श्रम गर्ने युवकहरूको मनमा उत्पन्न हुने हीन भावना - "म बुद्धी नभएको गोबर गणेश" (पृ. १८) "म जहाँ जहाँ जान्छु यो अशान्ति उहीँ पुग्छ" (पृ., ७९) । नैराश्यता, दैध मानसिकता र सीमान्तीकृत हुनुको पीडामा छटपटिएको पनि देखाइएको छ । जीवनमा दुःखको क्षण आउँदा अतित स्मरणबाट भुल्ने प्रयास गरेको छ ।

प्रस्तुत उपन्यासको गतिवाहक पात्र प्रेमले जीवन भोगाइको ज्ञानबाट आफूमा परिवर्तनको नवसंचार गराई उपन्यासको मोडलाई फेर्न सफल भएको छ । यस अर्थमा यस उपन्यासलाई चरित्र प्रधान उपन्यास पनि भन्न सकिन्छ । उपन्यासका घटनाहरू पात्रको विचार अनुसार बदलिएका छन् । पैसाको लागि जस्तोसुकै हालतमा पनि विदेश बस्न उत्प्रेरित प्रेम सपनाबाट ब्युँझिएपछि किसानहरूको पक्षमा लागि स्वदेशमै क्रान्ति गर्ने सोच राख्दछ । त्यसैले प्रेम यस उपन्यासको गतिशील पात्र हो । उपन्यास भरि यसै पात्रको विशिष्टता रहेबाट उसलाई वद्ध र मञ्चीय पात्रको रूपमा लिनु पर्दछ । समग्र नेपाली शिक्षित युवाहरूको भावना प्रतिनिधित्व गर्ने वर्गीय चरित्रको रूपमा रहेको प्रेम कहिले आफैँसँग र कहिले समाजसँग संघर्ष गर्दै अघि बढ्ने जीवन्त र गोलो पात्रको रूपमा रहेको देखिन्छ ।

### ३.३.२ हीरा

हीरा यस उपन्यासमा प्रेमको स्वप्न लोक अमेरिकाकी आश्रयदाता, सहृदयी, ममतामयी प्रेमिका र स्वप्नसुन्दरी सबै थिइन । प्रेमलाई आफ्नो घरमा ल्याएर ससम्मान राख्ने, काम खोजेर लगाइदिने र ग्रीनकार्ड समेत दिलाईदिने आश्वासन यिनैले दिएकी थिइन । प्रेमको प्रत्येक अप्ठ्यारो परिस्थितिमा साथ दिई उसलाई जगाउने यिनै थिइन् । आफ्ना मनोभावना प्रेमलाई सुनाएर प्रेम प्रति आत्मीय भाव जगाउन सफल नारीपात्र थिइन यिनी । प्रेमले भेट्दा यिनी भरतकी पत्नी थिइन । रहँदै बस्दै जाँदा प्रेमसँग आत्मियता वढेजस्तो देखाउने गर्थिन । मुख्य थलो भारत भएकी र अमेरिकामा घर समेत भएकी हीरा परिस्थिति अनुकुल रहुन्ज्याल भरतसँग रमाउने र दुःख दर्द सुनाउनु पर्दा प्रेमलाई डाक्ने यथार्थमा प्रेम र भरत दुवैकी प्रेमीका जस्ति लाग्थिन । प्रेम यिनैलाई हेरेर द्रौपदीको कल्पना गर्दथे । भरतबाट वर्षौंसम्म सन्तान नभएको भन्ने पीडा प्रेमलाई सुनाउँदा प्रेमले धार्मिक र नैतिक परम्परालाई ख्याल राख्दै सन्तानको लागि मात्र उनलाई स्वीकार्ने स्पष्ट आश्वासन पनि दिएका थिए । प्रेम वास्तवमै हीराले गरेको सहयोगको साटो उनको भित्री आत्माले नमाने पनि उनको सन्तानप्रतिको इच्छालाई पुरा गरिदिँदा धर्म नै हुने मानी हीरालाई संझाउँथे । तर प्रेम जसरी हीरालाई विश्वास गर्थे वास्तवमा हीरा त्यस्ती रहिनन् ।

पाश्चात्य शैलीमा रमाइसकेकी हीरा परिस्थिति अनुकूल रहुन्ज्याल प्रेमलाई मरिमेट्ने जस्ती देखिए पनि परिस्थिति प्रतिकूल बनेपछि छेपाराले रङ्ग फेरेजस्तो यिनी फेरिइन् । जब प्रेम विरामी परी अस्पतालमा भर्ना भइसकेर उनलाई रगतको खाँचो पर्‍यो तव डाक्टरले तिमी प्रेमको को हो भनी सोध्दा म चिन्दिन भनी थुइक्क गरेर हिँडिन । जीवनभर सँगै बसेको प्रेमलाई एकथोपा रगत दिन पनि तयार नहुने यिनी मानवीय संवेदना नभएकी नारी पात्र हुन् । एकै पलमा मानवतालाई लत्याउन पछि नपर्ने यी नारी पात्र छातीमा घृणा बोकेर

पनि देखावटी प्रेम देखाउन सक्ने दैध चरित्र बोकेकी व्यक्तिगत  गतिहीन पात्रको रूपमा रहेकी छन् ।

उपन्यासले अघि बढ्ने क्रममा र औपन्यासिक कथानकलाई गति दिएर चरम विन्दुमा पुऱ्याइ नयाँ मोड लिनुमा यी पात्रको अहम भुमिका रहेको छ । प्रेम यहीँबाट मोहभङ्ग भएको छ त्यसैले यी पात्र यस उपन्यासकी वद्ध, मञ्चीय र प्रमुख सहायक पात्रको रूपमा रहेकी छन् ।

**३.३.३ लक्ष्मीप्रिया**

लक्ष्मीप्रिया यस उपन्यासमा प्रेमको यथार्थ लोक म्याग्दीको राखु गाउँमा रहेकी धर्मपत्नी हुन् । यी प्रेमकी प्रिया र समस्या दुवै हुन् । समाजको देखावटी रहनसहनले पिरोलिएकी यिनी आफ्ना सन्तानका लागि पतिलाई विदेश पठाउन वाध्य नेपाली मध्यमवर्गीय श्रीमतीहरूकी प्रतिनिधि पात्र जस्ती देखिन्छिन् । समयको उतार चढाव सँगै मानव आवश्यकताको रूपमा खड्कीएका राम्रो शिक्षा, स्वास्थ्य, आभुषण, घर, कार असंख्य बस्तुको आवश्यकता छ यिनलाई । यी कुराहरू स्वयं प्रेम यसरी प्रकट गर्दछन् "लक्ष्मीप्रियाका प्रेम स्पर्शले त मेरो परिवारको पेट भरिन्न । उनी स्वयंलाई मेरो भन्दा सन्ततिको शिक्षा, स्वास्थ्य, आभुषण, संस्कार, घर, कार र असंख्य बस्तुको आवश्यकता छ । म मरुँ भलै उनलाई ती चीज चाहिएको छ । उनलाई चुम्वन गर्नु अघि यमपुरीको महल मैले तयार गर्नु छ।(१०७) ।

प्रेमको मानसपटलमा सधैँ झझल्को बनेर आइरहने लक्ष्मीप्रिया नेपाली ग्रामिण समाजकी प्रतिनिधि पात्र हुन । विश्व परिवेशसँगै बदलिँदो जीवनशैली अनुकुल समाजका जो कोही वर्गले पनि आफूले सक्ने कार्य गरी आर्थिक उन्नति गर्नुपर्दछ  भन्ने जस्तो यिनको धारणा देखिन्छ । यिनले हरदम कार्य गरिरहेको देखाउनुले यिनी मिहिनेती पात्रको रूपमा देखिन्छिन् । पाँचजना छोराछोरीको जिम्मा लिएर आफू एक्लै बस्न सक्ने र पतिलाई विदेश पठाई आफ्नो आर्थिक अवस्था उकास्नु पर्दछ भनी साहस गर्ने यिनी संघर्षशील नारी पात्र हुन् ।

उपन्यास भरि प्रेमको प्रत्येक पल पलमा साथमा नभए पनि संझनाको साथसाथमा रहने प्रेरणादायी पत्नीको रूपमा रहेकी छन् । प्रेम यिनैको कारणबाट अमेरिका गएर पैसा कमाउन वाध्य छन् भने प्रेमलाई अमेरिकाको मोह भङ्ग गराउन पनि यिनकै प्रेमले तानेको छ । यसरी यस उपन्यासमा लक्ष्मीप्रिया बद्ध र मुख्य सहायक नारी पात्रको रूपमा रहेकी छन् ।

### ३.३.४ भरत

भरत यस उपन्यासमा दैध चरित्र बोकेको पात्रको रूपमा रहेको छ । प्रेमलाई पहिलो भेटमा सहयोग गर्ने, काममा लगाईदिने र ग्रिनकार्ड दिलाइदिने आश्वासन दिने, भरतले सुरुसुरुमा उसको स्टोरमा प्रेमलाई काम लगाइदिन्छ । त्यही स्टोरमा काम गरेर प्रेमले पैसा कमाई नेपाल पनि पठाउन सक्षम बनेको छ  तर पछि प्रेम हीरासँग नजिकिएको शंका गरी भरतले प्रेमलाई अनेकन दु:ख दिन थाल्दछ । आफू हीराको सच्चा प्रेमी संझने भरत हीरालाई चाहिँ प्रेम गर्छ वा गर्दैन त्यो नै पहिल्याउन सक्दैन । नारीलाई भोग्याको रूपमा मात्र लिने भरत यस उपन्यासको निकृष्ट चरित्र हो । प्रेमको नजरले हेर्दा उमेर छउन्जेल हीरालाई अपनाउने र हीराको सौन्दर्यले साथ दिन छाडेपछि उनलाई ट्रयास जस्तो फालिदिने मानवीय संवेदना विहीन पात्र हो । उपन्यासको अन्त्यमा प्रेम उसलाई भित्रभित्रै घृणा गर्दछ ।

उपन्यासको अन्त्यमा प्रेम विरामी परेको बखत एकथोपा रगतको जोहो गर्न असक्षमता देखाउने दरित्र चरित्रको प्रतिनिधित्व गर्ने भरत प्रतिकुल प्रवृतिको पात्र हो । कथानकलाई चरम अवस्थामा पुऱ्याउन गति दिने र प्रेमको विदेश मोह भङ्ग गरी उसको विचारलाई मोड्न सहयोग गर्ने वद्ध, मञ्चीय र व्यक्तिगत पात्रको रूपमा देखिन्छ ।

### ३.३.५ मदन बहादुर

मदन बहादुर यस उपन्यासको नेपथ्यीय तर वद्ध पात्रको रूपमा रहेको छ । उसको वसोवास म्याग्दीको राखु हो । पढेलेखेको शिक्षित प्रेम एकपटक अमेरिका पुगेर स्वदेश र आफन्तजनको मायाले तानिएर घर फर्किएको युवक हो । “पढेलेखेको भएर पनि काठमाडौँमा घर बनाउन नसक्ने तँ अगतिलो” भनी प्रेमलाई बिझाउने पात्र मदनबहादुर नै हो । मदनबहादुरको यस्तो बचन सुन्दा प्रेमले सहन नसकी एक झापड हानेको पनि थियो तर यो बचन प्रेमको मनमा काँडा झैँ बस्यो । यही बचन सहन नसकी प्रेम फेरि सपनामा भएपनि अमेरिका भासिएको छ । प्रेमको विदेश मोह बढाउन र उपन्यासको गति मोड्नको लागि यस उपन्यासमा मदन बहादुरको भूमिका महत्त्वपूर्ण देखिन्छ । मदनबहादुरका तीक्ष्ण बचनलाई प्रेमले बेलाबेलामा नमिठो गरी सम्झिरहन्छ । समाजका केही बुज्रुक जस्ता व्यक्ति जो अर्काको स्वतन्त्रता माथि ठाडो हस्तक्षेप गरी आफूलाई महान भनाउन चाहने प्रवृत्तिका हुन्छन् त्यस्तो पात्रको प्रतिनिधित्त्व यस उपन्यासमा मदनबहादुरले गरेको छ । यसरी अर्काको स्वतन्त्रता माथि ठाडो हस्तक्षेप गर्ने समाजका शोषक प्रवृत्तिका पात्रको रूपमा मदनबहादुरलाई लिन सकिन्छ ।

अर्काको अनावश्यक चियो चर्चो गरी उनीहरूको असक्षमता र बिवशताको नमिठो उपहास गर्ने नेपाली समाजको सामन्ती संस्कृति बोकेको पात्रको रूपमा देखिन्छ मदनबहादुर । मदनबहादुरको आफूमाथिको अपशव्दलाई प्रेमले भुल्न सकेको छैन । समाजका युवाहरूलाई

सही मार्ग देखाउनुको सट्टा अफबाह फैलाएर आफू बुज्रुक बन्न खोज्ने आडम्बरी प्रवृत्तिका मानिसहरूको सिँगो प्रस्तुति हो- मदनबहादुर । आफूलाई समयअनुसार ढाल्न नसकी अरुको स्वतन्त्रतामा बाधा हाल्दै हिंड्ने परम्परागत र गतिहीन पात्रको रूपमा उसलाई यस उपन्यासमा लिन सकिन्छ ।

### ३.३.६ अन्य पात्रहरू

यमपुरीको महल एकल पात्रको एकलापीय मनोवादमा आधारित उपन्यास हो । यस उपन्यासमा भएको मूख्य पात्र प्रेमको स्वप्न लोकको वर्णन रहेको छ र प्रमुख भूमिका पनि उसैको भएता पनि उसको जीवन भोगाइएको क्रममा अरु पात्रहरू पनि आएका छन् । माथि उल्लेखित पात्रहरू बाहेक यस उपन्यासको कथानकलाई पूर्णता दिनको लागि आउने पात्रहरूमा डा. जर्ज अमेरिकामा प्रेम सिकिस्त बिरामी परेको बखत उपचारको क्रममा देखिएको छ । यस उपन्यासमा ऊ गौण र अनुकुल पात्रको हो । आफ्नो पेसाको काम गर्ने बर्गीय पात्र हो । त्यस्तै उसैको काममा सहयोग गर्ने जुडी नर्स हो । बिरामीको सेवा गर्ने भन्दा मानवीय संवेदना नै नभएकी संवेदन बिहीन नारीको रूपमा उसलाई यहाँ देखाईएको छ ।

अन्य पात्रहरूमा थमबहादुर प्रेमको आत्मिय मित्रको रूपमा आएको छ । प्रथम पटक प्रेमलाई अमेरिका पुऱ्याउने र उतै भाग्न खोजेको प्रेमलाई आफन्तको महत्त्व र राष्ट्रप्रेम देखाई फर्काउने पात्र हो । प्रेमकै विचारमा पनि प्रेमलाई राम्ररी चिन्ने र बुझ्ने पात्र हो थमबहादुर । अम्बर, धनानाथ, ईश्वरी, प्रताप, पाठक, काजीमान, ज्याक, मेरी, श्याम, गोपाल, धना, बिमला, रविन्द्र जस्ता पात्रहरू पनि यस उपन्यासमा देखिएका छन् । शिव, सुन्दर, शान्ती र कान्ती प्रेमका सन्तान हुन् । जसलाई प्रेम सम्झिरहन्छ । यी पात्रहरू यस उपन्यासमा उल्लेखित भएता पनि गौण पात्रको रूपमा रहेका छन् ।

एकल पात्रको एकलापीय वार्तालापमा बुनिएको यस उपन्यासमा धेरै पात्रहरूको नाम उल्लेख भए पनि मञ्चीय पात्रको रूपमा प्रेम नै शक्तिशाली पात्र रहेको छ । उसकै कथा वर्णनको क्रममा आएका अरु पात्रहरूले कथानकलाई पूर्णता दिने काम मात्र गरेका छन् । प्रवासी भूमिमा आफूलाई असुरक्षित र एक्लो पाउँदा मानवीय मनमा उत्पन्न हुने भय, आतङ्क, चिन्ता, असुरक्षा, र अनिश्चिततालाई प्रस्तुत गर्ने प्रेमका अभिव्यक्तिहरू सफल रहेका छन् । त्यसैले उपन्यासको विषयवस्तु अनुसार पात्र चयन पनि उत्कृष्ट रहेको छ ।

## ३.४ परिवेश विधान

**यमपुरीको महल** नेपालको पश्चिम जिल्ला म्याग्दीको राखु अनि काठमाडौ र अमेरिकाको वासिङ्टन डि.सी.को पृष्ठभूमिमा तयार पारिएको स्वप्नलोकको यथार्थ चलचित्र हो । प्रेमको स्वप्नलोकको वर्णन भए तापनि यो समसामयिक नेपाली युवाहरूको साझा

समस्या हो । मोहन सिटौला **यमपुरीको महल** २०६४ को प्रकाशकीयमा शीर्षकमा भन्नुहुन्छ - "यो अध्यात्मवादको काल्पनिक यमपुरीको महल हैन । बरू वस्तुगत समाजमा दयनीय अस्तित्वको खोजको महल हो । समाज अध्ययन र स्वतन्त्रताको पाठशाला हो ।" वास्तवमै सिटौलाले भनेजस्तो कल्पनाको महल मात्र नभएर यो आजका ती युवाहरूको चित्र हो जो बिवसताको भुमरीमा कुहिराको काग सरह भ्रमित हुन बाध्य बनाइएका छन् । यो उपन्यासले लिएको खास काल त प्रेम घरको आँगनमा सुतेको र उठेको करिव तीन चार घण्टाको समय मात्र हो बाँकी ५२ वर्षको कथा सबै सपनामा बुनिएको छ । सपनामा प्रेमको २० वर्ष देखि ७२ वर्षसम्मको चित्रण प्रस्तुत छ यसो हुँदा करिव १९७० देखि २००६ समय लिएको देखिन्छ तथापि यो सर्वकालिक छ ।

बाह्य रूपमा यो उपन्यासको परिवेशले उत्तर अमेरिकामा दुःखजिलो गरेर जीवन बिताउने आप्रवासीको संघर्षमय जीवनलाई इङ्गित गरेको छ भने आन्तरिक रूपमा नेपालको गरिबी, शोषण, दमन र मानवमात्रको उन्नतिको बाधकपूर्ण परिवेशको चित्र प्रस्तुत गरेको छ । नेपालको सन्दर्भमा हेर्दा २०५२ साल पछि माओवादी द्वन्द्वले चरम चुली छोएपछि र देशका शासक वर्गले देश विकासका लागि गतिलो कदम नचालेपछि नेपाली नवयुवामा देखिएको नैराश्यता, कुण्ठा, सन्देह, भ्रान्ती र अनिश्चितताको भुँमरीबाट सुनौलो भविष्यको कामना बोकी विदेशतिर पलायन हुनुपर्ने बाध्यात्मक परिवेशलाई यस उपन्यासले समेटेको पाइन्छ तथापी यो परिवेश अध्यावधि कायमै छ ।

यथार्थमा भन्ने हो भने नेपाली समाजमा दयनीय अस्तित्वको खोजको महल नै यसको परिवेश हो । उपन्यासमा आएका असन, राखु, काठमाडौ र अमेरिकाको वर्णन भित्र एकातिर मान्छेका अँध्यारो जीवनको प्रक्षेपण छ भने अर्कोतिर स्वतन्त्र र संयमित मानव समाजको आलोकको परिवेश पनि चित्रित छ । यो खासगरी निर्वासितहरूको परिवेश हो जहाँ मानवीय हीनता, बाध्यता, विवशता त्यसपछिका संघर्ष अनि निस्सारताले जीवनलाई तुच्छ देखाएका छन् भने त्यही दीन हीनता र तुच्छताबाट फक्रिएको सुन्दर फूलको दृष्य यो उपन्यासको अन्त्यसँगै देखिएको छ ।

उपन्यासको समय सीमा साँगुरो भए पनि यसले समेटेको क्षेत्र विशाल छ । सटिक रूपमा भन्नुपर्दा नेपालको दुर्गम गाउँ राखुदेखि काठमाडौ अनि संभ्रान्त मुलुक अमेरिकाको वासिङ्टन डि.सी.सम्मको महायात्रा यसको परिवेश हो भने विदेशी मोहमा परेर प्रवासी हुने प्रत्येक गरीब देशका निम्न वर्गका त्यस्ता व्यक्तिहरूको कथा हो जो आफ्ना सारा प्रियपात्रहरू र मुलुक त्याग गरी परदेशीय हुन बाध्य छन् । यसरी यस उपन्यासको समय सानो भए पनि वा एक व्यक्तिको स्वप्नलोकको महल भएता पनि आधुनिक भौतिकताले मानव मनमा जन्माएका तुच्छ मनोकांक्षा मनभित्र मडारिन थालेपछि मान्छेले भोग्ने असिम वेदनामय कठिनतालाई उजागर गर्न सफल रहेको समसामयिक वस्तु जगतको यथार्थ चित्र

हो यमपुरीको महलको परिवेश । यसका पात्र, घटना, काल, स्थान, उत्पति, प्रकृति सवै भौतिक संसारसँग गाँसिएका छन् ।

## ३.५ निष्कर्ष

**यमपुरीको महल** २०६४ को कथावस्तु जटिल संरचना र वृत्ताकारीय ढाँचामा लेखिएको छ । अत्याधुनिक सामाजिक परिवेश झल्काउने यस उपन्यासको कथावस्तु घट्ना प्रधान भन्दा पनि विचार प्रधान देखिन्छ । मानवीय अर्न्तमनको यात्रामै यसको कथानक अगाडि बढेको छ । सरल रूपमा कथानक अगाडि बढेको नभए तापनि यस उपन्यासमा आदि, मध्य र अन्त्यको अवस्था देखाउने घटनाहरू भने छुट्याउन सकिन्छ । यस उपन्यासलाई घटना प्रधान भन्दा पनि चरित्र प्रधान उपन्यासकै कोटीमा राख्न सकिन्छ । एउटै पात्रको अन्तर्मनमा आधारित भए पनि उपन्यासको परिवेश भने फराकिलो देखिएको छ । नेपालको पश्चिमाञ्चल क्षेत्रको म्याग्दी वा राखुदेखि काठमाडौंको बानेश्वर र अमेरिकाका विभिन्न सहरहरूको चित्रण यस उपन्यासमा रहेको छ । परादेशीय परिवेशमा रहने पात्रको मनस्थिति उतार्न यो उपन्यास सफल छ । खास गरी काम र माम अनि नयाँ अवसर र संभावनाको खोजीमा आफ्नो ठाउँ छोडी पराई भूमिमा बस्न पुगेका नेपालीहरूको अवस्था र स्थितिलाई यस उपन्यासले आफ्नो विषयवस्तु बनाएको छ भने त्यस्तो ठाउँमा रहने पात्रहरुको मानसिक अवस्था देखाउने पात्रको चयन पनि उत्कृष्ट देखिन्छ ।

उपन्यासको मुख्य पात्र एकल नै छ । उसैको वर्णन क्षमताको आधारमा आएका अरू पात्रहरूले मुख्य पात्र प्रेमको कथालाई पूर्णता दिएका छन् । उपन्यासको धेरै ठाउँमा विरक्ति र विसंगतिका पाटाहरूबाट मूख्य पात्र गुज्रिएको भएता पनि उपन्यासको अन्त्यसँगै उसका आशावादी र क्रान्तिकारी स्वरहरू प्रस्फुटित भएका छन् । उसले जीवनमा सङ्घर्ष गर्न पछि पर्नु हुन्न भन्ने सन्देश आम पाठकलाई दिएको छ । यस अर्थमा यस उपन्यासमा ऊ गोलो, गतिशील र सार्वभौम पात्रको रूपमा देखिएको छ । उपन्यासको कथानकलाई डोहोऱ्याएर अन्तिम मोडमा पुऱ्याइ कथालाई सार्थक बनाउन उसको भूमिका महत्त्वपूर्ण रहेको छ । कथावस्तुलाई यथार्थ बनाउन मद्वत गर्ने उपन्यासको परिवेश कथानक सुहाउँदो रहेको छ ।

# चौथो परिच्छेद

# यमपुरीको महल उपन्यासको दृष्टिविन्दु, विचार तत्त्व र भाषाशैली

## ४.१ विषय परिचय

यस परिच्छेदमा औपन्यासिक विधातत्व अन्तर्गत दृष्टिविन्दु, विचार तत्त्व र भाषाशैलीको आधारमा उपन्यासको विश्लेषण गरिएको छ । उपन्यासमा उपन्यासकारले आफ्नो विचार कहाँ बसेर प्रकट गरेको छ, कस्तो विचारको प्रकट गरेको छ र त्यस्तो विचार प्रकट गर्न कस्तो शैली अपनाएको छ भन्ने कुरा यस परिच्छेदले प्रष्ट पार्दछ । **यमपुरीको महल** उपन्यासको दृष्टिविन्दु, विचारतत्त्व र भाषाशैलीको विश्लेषण यस प्रकार गरिएको छ ।

## ४.२ यमपुरीको महल उपन्यासको दृष्टिविन्दु

**यमपुरीको महल** उपन्यासको सम्पूर्ण कथा प्रेमको स्वप्न वर्णनमा आधारित छ । प्रेमले प्रत्यक्ष रूपमा उपन्यासका सम्पूर्ण कुराहरूको वर्णनका गर्नुका साथै उसको क्षमताको आधारमा विश्लेषण पनि गरेको छ । उपन्यासमा उपन्यासकार र मुख्य पात्र दुवै प्रेम नै हो र उसैका अनुभवका आधारमा सबै घटना र पक्षहरू स्पष्ट गरिएका छन् । स्पष्ट रूपमा 'म' पात्रको प्रयोग भएको र म पात्रले नै प्रमुख पात्रको भूमिका निर्वाह गरेको हुँदा यसमा केन्द्रीय आन्तरिक दृष्टिबिन्दु प्रयोग गरिएको छ । उपन्यासको प्रारम्भमा प्रेम वा उपन्यासकार स्वयं म पात्रको रूपमा यसरी देखिन्छन् - "म पीडित युवक प्रेम बिपनामा नेपालमा थिए । तीन तले घर ढल्नै थालेको थियो तैपनि मलाई कुनै भय थिएन ।" (पृ. १) यसरी यस उपन्यासको प्रमुख पात्र प्रेम स्वयं उपन्यासकारका रूपमा सम्पूर्ण कुराहरू सुनाइरहेको छ - दैनिकीको रूपमा, संस्मरणको रूपमा र अनुभवको रूपमा । यस उपन्यास भरी सर्वत्र कथा भन्ने कथयिता बनेर म पात्र नै देखा पर्दछ । उसैको भुक्त भोगाइमा कथानक अगाडि बढेको छ - "न मलाई स्वदेशमा स्थान छ, न त परदेशमा, किनकी स्व र पर को ईंटामा मैले महल बनाउनै सकेको छैन "(पृ. ८३) ।

उपन्यासको मुख्य पात्र प्रेम आफ्नो सशंकित मनासाय यसरी पोख्दछ "म बनाउँदैछु महल तर त्यही महलले मलाई त्यसभित्र बस्न नाक खुम्च्याउँदैछ ।",(पृ. ८३ ) आफ्नै छायाले हरायौ कि क्या हो ? भनी सोधेको प्रश्नमा प्रेम यसरी जवाफ दिन्छ : "मैले गम्भीर भएर उत्तर दिएँ म बरालिएको साँचो हो । हराएको छु । किन, कहाँ, कसरी, कुन कुनामा ?", "म मेरो जीवनको लागि लडेको छु, जसको अभिव्याक्ति घर र उपन्यास दुवैमा हो र त्यो भन्दा बढी नेपालभित्र र आप्रवास तथा समाज समग्रमा हो" (पृ.५४) ।

उपन्यासको अन्त्यमा उपन्यासकार अर्थात म पात्र यसरी आफ्नो वास्तविकता वर्णन गर्दछन् - "एउटा पोलिएको सिरकको टुप्पोले दम्कोमा पलेंटी कसेर मलाई हेरिरहेको थियो ।

यौटा अनौठौ आकृतिको ध्वनिले त्यही मेरो तीनतले घरभित्रको भित्ता भित्तामा टेकेर रन्किएर स्वर दिइ रहेको थियो (पृ.,१३८)" ।

प्रस्तुत उपन्यासका आदि, मध्य र अन्त्यका प्रस्तुतिहरूबाट यस उपन्यासमा केन्द्रीय आन्तरिक दृष्टिविन्दु प्रयोग भएको स्पष्टसँग देख्न सकिन्छ ।

## ४.३. यमपुरी महल उपन्यासको विचार तत्त्व

**यमपुरीको महल** परादेशीय परिवेशमा केन्द्रित भएर लेखिएको उपन्यास हो । मनोसंवादको क्रममा थुप्रै परिवेशहरू नेपालको पृष्ठभूमिमा रहेपनि उपन्यासको भावभूमि परदेश नै हो र मूलपात्र नेपाली भएपनि प्रवासी नै हो । मन र मुटुमा जन्मभूमिको माया, ममता र स्मृति साँचेर परदेशलाई कर्मभूमि बनाएकाहरूको अन्तर्मनको स्थिति र बस्तुगत यथार्थतालाई यस उपन्यासमा मार्मिक ढँगले चित्रण गरिएको छ । उपन्यासको मुख्यपात्र प्रेमको माध्यमबाट अमेरिकी होस या अन्य आप्रवासी नेपालीहरूको आत्म पहिचानको खोजी र चाहना यस उपन्यासको मुख्य उद्देश्य देखिन्छ । आफ्नो जन्मथलोबाट टाढा टाढा हुँदै अर्कैको देशलाई कर्मथलो बनाउन पुगेका कतिपय नेपालीहरूले योग्यता, क्षमता र इमान प्रदर्शन गर्दै देह सुखको भौतिक वातावरण सिर्जना त गरेका छन् तापनि जन्मभूमि, मातृभूमिको अनुराग र ममताले उनीहरूको मनोजगतलाई उद्वेलित गराईरहेको हुन्छ, शारीरिक उपस्थिति जहाँ रहे पनि मन त सँधै आफ्नो जन्मभूमि, आफ्नै देशमा पुगेको हुन्छ, अव्यक्त पीडाबोधले निरन्तर घोचिरहेको हुन्छ, आत्मपरिचयको लालसाले सताइरहन्छ भन्ने सन्देश यस उपन्यासले दिन्छ ।

उपन्यासको प्रमुख पात्र प्रेम यमपुरीको महल निर्माणार्थ अमेरिका पुगेको र त्यहीँ नै उसले अनुभूति गरेको ऐकान्तिकता, परवसता, एक्लोपना र भय अनि त्रासबाट जोगिँदै निरर्थक जीवन विताउनु पर्दाको प्रसंगबाट जन्मभूमि छाडेर विदेशी भूमिमा त्यो पनि लुकेर जीवन व्यतित गरेको क्षणलाई मार्मिक ढङ्गले उपन्यासमा चित्रित गरिएको छ । अपरिचय, असम्बन्ध तथा एक्लोपना वा पृथकतावोधले तड्पिनु प्रेमको दिनचर्या बनेको छ । मान्छेको भिडमा पनि एक्लोपन बोध गर्नु तथा कहीँ कतैबाट पनि सहयोगको स्थिति नदेखिनु प्रेमका लागि पीडादायी अवस्था हुन् । प्रेमबाट भएको अतितको संस्मरण, आफ्नो आदिम थलोको स्मरण, मूल समाजका गतिविधिसँगको सहचार्य, आफ्नो ठाउँको भाषा र संस्कृतिप्रतिको मोह र त्यसबाट विच्छिन्न हुँदाको छटपटी अनि त्यही सांस्कृतिक ऐकान्तिकताको अनुभूति उपन्यासका मार्मिक र विचरणीय पक्ष देखिन्छन् । वर्तमानको मान्छे हरेक क्षण केवल डलरसँग आकर्षित भएको आफ्नो चाहिँ सर्वस्व गुमाउन बाध्य भएको परिस्थिति यस उपन्यास भित्रको तितो यथार्थ हो ।

उपन्यासको मुख्य भाव परदेशीय पीडा हो भने यसैको माध्यमबाट अति कम विकसित देशको राजनैतिक अस्थिरता, सामाजिक शोषण र आर्थिक दूरवस्थाले त्यस्ता देशका नवयुवाहरूको पलायनवादी प्रवृत्ति दर्शाउनु पनि अर्को महत्त्वपूर्ण पक्ष देखिन्छ । प्रेम आर्थिक संकट र सामाजिक कारणले नै परदेशिएको देखिन्छ । आफ्ना परिवारको आधारभूत आवश्यकता पूरा गर्न नसकेको पीडा उसले आफ्नो मुलुकमा हुँदै बोध गरेको छ । विश्वव्यापीकरणले ल्याएका नयाँ अवसरसँग आफ्ना सन्तानलाई परिचित गराउन नसक्नुलाई प्रेमले आफ्नो कमजोरी ठानेको छ । पैसा कमाउने माध्यम उसले अमेरिका मात्र देख्दछ । यसबाट विश्वमा राजनीतिक उपनिवेश समाप्त हुँदै गए पनि अति कम विकसित देशहरू शक्तिशाली राष्ट्रका आर्थिक, सामाजिक, सांस्कृतिक र भाषिक उपनिवेश बन्दै गएको यथार्थलाई उपन्यासले समेट्न खोजेको देखिन्छ । आफ्नो देशको राजनैतिक अवस्थावाट प्रेम पिरोलिएको देखाउनु र देशको राजनैतिक समझदारी सुनेर पनि उत्साहित नहुनुले स्वदेशीय राजनीतिप्रति नवयुवाको वितृष्णालाई पनि संकेत गरेको छ ।

उपन्यासमा व्यक्त भएका "जिते यौटा धरती हारे पनि दुःखकै समाप्ति" (पृ. २३), "युद्वको मैदानमा नउत्री जिउन पाउँला भन्ने त तिमीले कल्पनै नगर, युद्व बिना कुनै पनि कुनामा कसैले सास फेर्न पाउन्न " (पृ. ९३), भन्ने  अभिव्यक्तिले श्रमजीवीहरूको आत्म पहिचानको उद्गारलाई समेटेको छ । यसले मार्क्सवादी दर्शनप्रतिको आकर्षण र शोषणप्रतिको आक्रोशलाई व्यक्त गरेको छ । यसका साथै उपन्यासमा श्रमको उचित मूल्य पाउन नसकेको स्थितिको अभिव्यक्ति पनि सशक्त रूपमा देखिन्छ । अति कम विकसित देशका मानिसहरूले श्रमलाई उचित सम्मान गर्न नसक्दा पछाडि पर्नु परेको अवस्था पनि उपन्यासमा देखिन्छ । जीवनका दुःखाइबाट सुखको साँचो अनुभूति हुने र सुखशान्तिको प्राप्ति गरिबीमा हुने कुराको खुलासा गरिएको छ । आत्मिक सुखको अगाडी भौतिक बस्तु तुच्छ रहेको धारणा पनि यस उपन्यासमा पाइन्छ ।

**यमपुरीको महल** आप्रवासीहरूको जीवन भोगाइ, आन्तरिक पीडा, विचलन, परवसता, एक्लोपना अनि मानसिक भय र त्रास देखाउने ऐना हो । मनका आकांक्षा तथा भौतिक आवश्यकता पूर्तिका लागि ठूलो सपना बोकेर अमेरिका वा त्यस्तै अन्य विकसित देशमा पसेका र बसेका परादेशीयहरूको कथा र व्यथाका माध्यमबाट जीवनबोध गराउने ध्येय यस उपन्यासभित्र देखिन्छ । परादेशीय जीवनले भौतिक सुख सम्पन्नतामा जति नै सघाउ पुऱ्याए पनि समग्रतामा मानसिक सन्तुष्टि दिन सक्दैन भन्ने तितो यथार्थ पस्कन उपन्यास सफल देखिन्छ । सुख सम्पन्नताको लागि मातृभूमिबाट भागेर कहिल्यै मुक्ति पाइन्न, सच्चा मुक्ति त जन्मभूमिका कसिंगरहरूलाई फालेर र बदलेर मात्र मिल्दछ, स्वर्ग वा नरक कहीं छैन त्यो त मानिसको कल्पना मात्र हो । यदि आफ्नो वरिपरि नरक देखिन्छ

भने त्यसबाट भागेर होइन त्यसलाई सफा गरेर वा स्वर्गमा बदलेर आफू अनुकुल बनाउन पर्दछ भन्ने भाव यस उपन्यासको  देखिन्छ ।

स्वप्न अभिव्यक्तिको माध्यमबाट जीवनका निरासा, निरर्थकता र निस्सारता देखाउन उपन्यास सफल देन्खिन्छ भने यिनै निस्सारता, निरर्थकता र निरासा भित्रैबाट जीवनको उज्यालो भेटिन्छ भन्ने कुरा उपन्यासकारले यस उपन्यासमा प्रेमको माध्यमबाट यसरी व्यक्त गरेका छन् -

> मलाई लाग्थ्यो म वर्षौंदेखि त्यो मृत्युशचयामा निदाइरहेको त छैन ! के म जिउँदो छु ? मृत शव हुँ ! तैपनि म सोचिरहेको थिएँ । त्यो वस्तु जगतलाई साक्षात्कार गरिरहेको थिएँ । मलाई आश्चार्य लाग्यो, अचानक म श्मशान घरमा खरानी खरानी भइरहेको थिएँ । जलहंस पन्छीको आकृतिको यमपुरीको महल भित्र हातखुट्टा फालिरहेको थिएँ (पृ. १३५) ।

यी अभिव्यक्तिले जीवनको अँध्यारो पक्षलाई उजागर गरेका छन् भने यही दर्दनाक भोगाइबाट खारिएर यस उपन्यासको पात्र प्रेम भन्दछ -

> छायाँ जस्तै गरी तगालामा उभिएको सेतो घोडा हेर्न कुद्दा म एउटा छाँगाबाट खसेँ । धेरैबेरदेखि गुनगनाहट सुनिरहेको थिएँ - सपनामा होइन, विपनामा बाँच्ने गर, कलाबाट कल्पिने मात्र होइन, स्वयं कुद्ने गर, स्वर्गमा भाग्ने होइन नरकलाई बदल्ने गर । आऊ भित्र, बाहिर अँध्यारो भइसक्यो.....। शनै..शनै..भित्र पसेर दियो बाल्ने गर (पृ., १३६) ।

नरकलाई बदल्ने गर र दियो बाल्ने गर भन्ने अभिव्यक्तिले नैराश्य र परवसतामा जीवन भेटिन्न जीवनका अँध्यारा पक्षहरू धेरै छन् तर तिनीबाट भाग्ने होइन अँध्यारोलाई चिर्न एउटा सानो दियो नै पर्याप्त भए जस्तै मुलुकको अँध्यारो चिर्न सानै प्रयास पनि गहकिलो हुन्छ भन्ने गहन सन्देश यस उपन्यासमा देखिन्छ । यहि अभिव्यक्ति नै उपन्यासको मुख्य विचरणीय पक्ष रहेको छ भने उपन्यासको अन्त्यमा आएका निम्न लिखित उद्गारहरूले नेपालको वर्तमान यथार्थलाई बोल्न सफल देखिन्छन् :

> हामीहरू अरुहरूको रगतले पोतिएका छौँ ।
>
> हामीहरू अरुहरूको प्रतिवाद गर्न प्रतिवद्ध छौँ ।
>
> हामीहरू यो यमपुरीको महल भोग्न अभिशप्त छौँ (पृ., १३८) ।

### ४.४. यमपुरीको महल उपन्यासको भाषाशैली

भाषा अनुभूति र अभिव्यक्तिको माध्यम हो । यसबाट नै उपन्यासकारले आफ्ना कुरा पाठक समक्ष राख्न सक्छ । उपन्यासमा कथावस्तुको विस्तार तथा उपन्यासकारको विचार पनि भाषाद्वारा नै सम्प्रेषित हुन्छ । यमपुरीको महलको भाषा काव्यात्मक रहेको छ । एकै व्यक्तिको आन्तरिक कथा र व्यथालाई प्रस्तुत गर्न एकलापीय शैली र वर्णनात्मक पद्धति अपनाइएको भएतापनि भाषाको कवितात्मक शैलीले पाठकलाई सजिलै आकर्षण गर्दछ । परादेशिय भई बाँच्नु पर्दाको आन्तरिक छटपटी र मनोउद्‌वेगहरूलाई जस्ताको तस्तै राख्दा धेरै ठाउँमा वाक्यहरू अपूर्ण छन् र खाली ठाउँ (....) ले भरिएका छन् ।

- .... उनको अनुहारमा के कुनै रगत बचेको छ ? .... कति पँहेला भएका ? ....त्यो रोशनी कहाँ गएको ?....किन त्यो रुन्चे अनुहार ?....के भर्खरै गुन्टा बाँधेर जहाजमा चढ्न थालेको ?....किन ठिङ्ग उभिएर मलाई हेरिरहेका ? ....म त नागरिक हैन व्यक्ति हुँ ! (पृ., ८)
- .... जुन बाटो जाँदै गइन्न त्यस बाटोको सोधसाध नै नगर्नु भन्छन् तर यो मेरो रोग हो कुन्नि ? म मरे....यहाँ छु.... ऊ ....त्यहीँ ....उनकै अन्तर कुन्तरमा लुकेर चिहाइ रहेछु । त्यति ठूला खुला मेरा आँखा.... ठाडा ठाडा परेका मेरा कान..... किन समाउन नसकेका .... हेर वागमतीको किनारमा .... आर्यघाटको नजिकै.....पहेंलो रङ्गले पोतिएको यमपुरीको महलमा म ठिङ्ग उभिएको छु ..... नखोज मलाई यमपुरीको महल छोडेर ! (पृ., १३०)

उपन्यासमा आएका यस्ता वाक्यहरू कहीँ आपसमा जोड्न नसकिने अर्थहीन प्रलाप जस्ता मात्र पनि लाग्दछन् । यस्तै वाक्यहरू नै उपन्यास भरी छरपष्टिएका छन् । यही शैलीलाई लेखक स्वयम् वाष्पचेतना पद्धति भन्दछन् भने डा. गोविन्दराज भट्टराईले यसलाई चेतना प्रवाह शैली भनेका छन् ( भूमिका लेखन, यमपुरीको महलः २०६४) । उनका अनुसार यो शैली पात्रको सोचाइको वास्तविकता प्रकट गर्ने उपयुक्त तरिका हो । यसै शैलीले उपन्यासको पात्र प्रेमको आन्तरिक व्यक्तित्व खुल्ला किताब जस्तो छर्लङ्ग देखाएको छ । उसको सोचाइ, प्रतिक्रिया, विचार र अनुभूतिको प्रस्तुतिको लागि उपयुक्त रहेको छ ।

अमेरिकामा बसोबास गरेको प्रेमको अन्तर्लाप भएकोले उपन्यासलाई यथार्थ जस्तो देखाउन धेरै ठाउँमा अंग्रेजी शव्दहरूको प्रयोग गरिएको छ तर त्यस्तो प्रयोगमा दुरुहता नभइ चलनचल्तीकै शब्दहरूको बाहुल्यता भेटिन्छ जस्तैः- गिनिपिग, थ्रिपिस सुटटाई, ग्रोसरी स्टोर,बसस्टप, ड्राइभ, सबवेस्टेसन, ग्रिनकार्ड, सौरी, वारेन्टेड, अरेस्टेड, रिपोर्ट, रेल्वे प्लेटफर्म, कस्टमर, क्राइम, पासपोर्ट राइट, टिप्स, फस्टक्लास, वेसमेन्ट, थ्याङ्क्यू, डाडी,

सोपिङ् सेन्टर, गर्लफ्रेन्ड । यस्ता थुप्रै अंग्रेजी शव्दहरू प्राय अनुच्छेद नै पिच्छे भेटिन्छन् । जसले कथाको यथार्थतालाई दरिलो बनाउन मद्दत गरेका छन् ।

अंग्रेजी शब्दको थुप्रो लागे पनि पात्रको स्वदेश प्रेम झल्किने नेपाली अनुकरणात्मक शब्द, उखान र तुक्का अनि सँस्कृतका श्लोकहरूको मिठो प्रस्तुतिले भाषामा नेपाली सरसता थपेका छन् ।

अनुकरणात्मक शब्द - छताछुल्ल, भ्याँभ्याँ भिँपी, टप्प चुहाइन, सुटुक्क, छङ्छङाउँदै ।

उखान तुक्का - जसको सिङ्ग छैन उसको नाम तिखे !, के खोज्छस काना आँखो, तपले मान्छे तपस्वी बन्छ, मर्न भन्दा बहुलाउन निको, यौटै वारीका मूला त हुन नी ।

श्लोकहरू - "जननी जन्मभूमिश्च स्वर्गादपी गरीयसी", "उत्पाद्यन्ते प्रलीयन्ते दरिद्राणां मनोरथा :.."

प्रतीकात्मक र विम्बात्मक भाषिक प्रयोग यस उपन्यासको अर्को शक्तिशाली पाटोको रूपमा देखिएको छ । यस्तो भाषा नै उपन्यासको चुम्बकीय शक्ति बनेको देखिन्छ जसले पाठकलाई उपन्यास पढौं पढौं जस्तो बनाइ दिन्छ । सायदै कुनै पृष्ठ नहोला जहाँ बिम्ब र प्रतीकको प्रयोग नभएको होस् ।

" भण्डारले रित्तो कालो मुख देखाइरहेको थियो ।" (पृ., १)

"दुर क्षितिजमा घेरा हाली पहरा दिएका ती डाँडाकाँडाका पर्खाल भित्रको कारागारबाट मुक्त हुने कुनै बाटो नपाइ निरासाले पीडित म विस्तारामै पल्टिरहन्थें ।" (पृ., २)

"मेरो झुट बहसले मलाई नै चिथोर्न थाल्दैनन् र ?" (पृ., ३)

"पञ्चपरमेश्वर जस्ता नानीहरू "(पृ., १८)

"कस्तो मध्य भागमा भाँचिएर पनि फेरि टुसाएको जिन्दगी "(पृ. १८)।

"त्यो समाजमा म मरेपनि यहाँ अङ्कुराउँछु "(पृ. ३५) ।

डायरी शैलीको ठाउँ-ठाउँमा प्रयोग गरिएको छ । पात्रका धेरै खालका विचारहरूलाई समेट्न यस्तो प्रयोग गरिएको देखिन्छ । यस्तो डायरी पनि शिलशिलाबद्ध मिलेको देखिँदैन । यस पद्धतिले पात्रको मनोलोकको यथार्थ तस्विर उतारेको छ । मुसाफिरखाना, तबतक जस्ता हिन्दी र फारसी शब्दहरूको पनि ठाउँ - ठाउँमा प्रयोग भएको भेटिन्छ भने नेपाली तत्सम् शब्दहरूको पनि प्रशस्त प्रयोग भएको छ । तर यस्ता शब्दहरूले भाषामा कुनै क्लिष्टता ल्याएका छैनन् । जस्तैः- दर्पण, द्वार, पावन, नेत्र, अश्रुप्रवाह, जलधारा, पुलकित आदि ।

अत्याधिक मात्रामा एकोहोरो वा दोहोरो उद्धरण र प्रश्नचिन्हहरू पनि यस उपन्यासका विशेषता बनेर आएका छन् । कतिपय ठाउँमा प्रश्नका थुप्रा लागेका छन् ।

तिनमा कतिपय उत्तरित छन भने कतिपय अनुत्ततिर र व्यङ्ग्यात्मक समेत रहेका छन् । जस्तै:

"लक्ष्मीप्रिया र ती केटाकेटीहरूले मलाई किन चिहाइ रहेका थिए ? कहाँ गए? किन गए ? किन लोप भए ? किन एकमा अर्कोको प्रतिरूप देखे ? मेरो संसार पूर्णत अव्यवस्थित थियो । यो अवश्थामा सानोतिनो ट्यावलेटले मेरो कपाल दुखाइ शान्त हुन्न थियो ।"

उपन्यासकारले एकलापीय शैलीभित्र पनि बार्तालापको प्रयोग गरी उपन्यासलाई नाटकीय समेत तुल्याएका छन् ।

" म डाडी हुँ "

मेरो आवाजको प्रतिध्वनी साथ उनीहरू त्रासले आमा आमा भन्दै चिल्लाएको प्रतिध्वनी गुञ्जीयो । " लक्ष्मीप्रीया ! मलाई चिनिनौ ?"

प्रतिध्वनिमा गुञ्जिएको थियो । म दुई हात फैलाएर उनीहरूतिर बढेँ उनी भयले कुर्लिन र कान्छो छोरो छातीमा च्यापेर भाग्न थालिन ।

"आऊ......आऊ....."

"म अगाडी बढिरहेको थिएँ ।" ( पृ., २८)

उपन्यास भित्र आएको वर्णनात्मक प्रस्तुतिमा सुवेदीको अनुपम कला रहेको देखिन्छ । उनको वर्णनात्मक शैलीको उदाहरण-

> डिसीको डाउनटाउनमा सिरिरर स्याँठ चलेको थियो । नेपाल र तिब्बतको सीमा प्रान्तमा बहने वायुको तीब्र वेग नै यहाँ हुर्रिएको जस्तो लाग्यो । जमिन भरि तीन फिट हिमपात भएको थियो । म लुगलुग कामिरहेको थिएँ, मेरा हातमा न पञ्जा थिए न गरम टोपी थियो न ऊनी ओभरकोट । जे थिए ती सबै जीर्ण भइ सहस्रौं दुला परेका थिए । प्रत्येक कोणबाट प्रकृतिले मलाई नै आक्रमण गरिरहेको थियो । हिउँभित्र जुत्ता गाडिए । काट्टीएका हातले निकाल्न पनि सकेन । कठ्याङ्ग्रिएका खुट्टासित म चौध नम्बरको गल्लिमा हिँडिरेको थिएँ । (पृ.,२६)

प्रतीकात्मक र विम्बात्मक भाषा, कवितात्मक शैली यस उपन्यासको शक्तिशाली पक्ष रहेको छ । आप्रवासीको अन्तर्मनलाई बिस्कुन लगाउनको लागि चेतना प्रवाह पद्धतिद्वारा स्वप्न वर्णन उत्कृष्ट देखिन्छ । उपन्यासको परिवेश अनुसारको अङ्ग्रेजी शब्दहरूको प्रयोगले उपन्यासलाई यथार्थपूर्ण बनाउन थप बल प्रदान गरेको छ । देश प्रतिको सद्भाव देखाउने नेपाली उखान र तुक्का अनि अनुकरणात्मक शब्दले उपन्यासमा थप मिठास थपेका छन् । एकलापीय पद्धतिभित्र पनि वर्णनात्मक प्रस्तुती र नाटकीय शैली उपन्यासकारको अनुपम

विशेषता देखिन्छ । समग्रमा उपन्यासको भाषा शैलीले पाठकलाई चुम्बकले तानेसरी तान्न सफल रहेको छ ।

### ४.५ निष्कर्ष

**यमपुरीको महल** उपन्यासको सम्पूर्ण कथावस्तु यस उपन्यासकै मुख्य पात्र प्रेमको स्वप्न वर्णनमा आधारित छ । प्रेम नै यस उपन्यासको मुख्य पात्र र कथयिता पनि भएकोले यस उपन्यासमा स्पष्ट रूपमा 'म' पात्रको प्रयोग भएको छ । 'म' पात्रले यस उपन्यासका सम्पूर्ण घट्ना र विचार म र मेरो कै रूपमा व्यक्त गरेको हुनाले यस उपन्यासमा केन्द्रीय आन्तरिक दृष्टिविन्दुको प्रयोग भएको छ । प्रथम पुरुष केन्द्रीय आन्तरिक दृष्टिविन्दु यस उपन्यासको दृष्टिविन्दु रहेको छ । जटिल भाषालाई पनि कवितात्मक शैलीले सिंगारिएको यस उपन्यासमा अत्याधिक बिम्व र प्रतिकको प्रयोगले यो उपन्यास शब्द चित्रको रूपमा रहेको छ भन्दा अत्युक्ति हुँदैन । उपन्यासकारको अनुपम वर्णन क्षमता, उपन्यासमा देख्न सकिन्छ । संस्कृतका श्लोकहरु र नेपाली उखान टुक्काको प्रयोगले उपन्यास अझ सुन्दर बनेको छ । खाली ठाउँहरू (....) ले उपन्यासकारको विचारलाई पाठकले पूर्णता दिने मौका दिएका छन् । उपन्यासको परिवेश अनुसारका 'अंग्रेजी' शब्दहरूले उपन्यासलाई थप यथार्थ बनाउन मद्वत गरेका छन् ।

**यमपुरीको महल** उपन्यासको मुख्य उद्देश्य गाँस र बासको खोजी गर्दै भौतारिएर विदेश लागेका व्यक्तिहरूका अवस्था र मनस्थितिको चित्रण गर्ने रहेको देखिन्छ भने त्यसको माध्यमबाट अतिकम विकसित देशको राजनैतिक, आर्थिक, सामाजिक अवस्था र त्यसले निम्त्याउने भयंकर संकटको संकेत गराउनु पनि रहेको बुझिन्छ । विश्वका संभ्रान्त मानिएका मुलुकहरूले गरिब मुलुकका बासिन्दालाई अर्थोपार्जन गर्ने थलोको रूपमा लोभ्याएर उनीहरूमाथि गरिएका विभिन्न खाले शोषणको प्रस्तुति पनि यो उपन्यासको भाव रहेको भेटिन्छ । माटो प्रतिको ममता, सङ्घर्ष र परिश्रमविना सम्पन्नता प्राप्त गर्न नसकिने अभिव्यक्ति, असह्यीय संकटबाट जीवनको वास्तविक पक्ष देखिने पक्षको उद्घाटन, यथार्थ वा विपनामा बाँच्ने शक्तिको सञ्चय गर्नुपर्ने सन्देश र जन्मभूमि आदर्श र कर्मभूमि यथार्थ रहेको अभिव्यक्ति यस उपन्यासका गहनीय पक्ष हुन् । समग्रतामा आप्रवासीहरूको जीवन भोगाइ, आन्तरिक पीडा सांस्कृति अन्तमिश्रण तथा भञ्जन, विचलन, माटो प्रतिको अनुराग यस उपन्यास भित्रको मुख्य भाव हो भने स्वप्न मनोलोकको विचरण मानसिक रूपमा निर्वासित भएको अनुभूति, जीवनको असुरक्षाको चिन्ता, द्वैध सांस्कृतिक चेत, आत्म पहिचान, स्वप्नको खोजीको प्रसङ्ग, आफ्नो संस्कृतिबाट टाढिन नसक्ने अवस्थाको अभिव्यक्ति तथा प्रवासी पीडा यस उपन्यासका मूलभूत विशेषता भएर आएका छन् (लामिछाने, २०६८ :१३१) ।

## पाँचौ परिच्छेद

## यमपुरीको महल उपन्यासका वैशिष्ट्य

### ५.१. विषय परिचय

यमपुरीको महल उपन्यासको वस्तुविधान, पात्र विधान, परिवेश विधान, विचार तत्व, दृष्टिविन्दु र भाषाशैलीको बारेमा अघिल्ला शीर्षक अन्तर्गत विश्लेषण गरिसकिएको छ । यस सोधको पाँचौ परिच्छेदमा यमपुरीको महलका महत्त्वपूर्ण विशेषताको बारेमा चर्चा गरिएको छ । विभिन्न विद्वान् तथा समालोचकहरूले यस उपन्यासलाई डायस्पोरिक उपन्यासको साक्ष्यमा राखेर चर्चा परिचर्चा, व्याख्या र विश्लेषण गर्ने क्रम जारी छ । यस परिच्छेदमा डायस्पोरिक उपन्यासको रूपमा यमपुरीको महलको अध्ययन विश्लेषण गरिएको छ । यसका साथै उपन्यासको विशिष्ट शैली ( चेतनाप्रवाह) का बारेमा पनि विश्लेषण गरिएको छ ।

होमनाथ सुवेदीका अन्य उपन्यासमा पाइने मार्क्सवादी सौन्दर्य सिद्धान्तको छाप यस उपन्यासमा पनि भेट्न सकिन्छ । यसैको आधारमा मार्क्सवादी सौन्दर्य सिद्धान्तको साक्ष्यमा राखेर पनि यस उपन्यासलाई पर्गेल्ने चेष्टा गरिएको छ ।

### ५.२. डायस्पोरिक उपन्यासको रूपमा यमपुरीको महल

डायस्पोरा शब्द उत्पत्तिको सन्दर्भ हेर्ने हो भने बेबिलोनियाबाट मुक्त यहुदीहरू जो विभिन्न ठाउँमा छरिए, उनीहरूलाई बुझाउने विशोष शब्दको रूपमा भएको देखिन्छ । समयको क्रमसँगै आज यस शब्दको अर्थ विस्तार भई आफ्नो जन्मभूमि वा जन्मस्थान छाडेर फरक मुलुक वा स्थानमा बसोबास गर्न पुगेका जुनसुकै मुलुक वा स्थानका व्यक्ति वा समुदायलाई डायस्पोरा भनिन थालिएको छ । (भट्टराई, २०६४: ङ) डायस्पोरा विभिन्न तरिकाले निर्माण हुने गर्दछन् । युद्धबन्दी, शरणार्थी, सैन्य, दास, विद्यार्थी, बन्दी आदि विभिन्न बाध्यताबाट र धेरै जसो नयाँ सपना बोकेर हिँड्नेहरूले डायस्पोरा निर्माण गर्दछन् । यस्ता डायस्पोरामा रहनेहरूको मन आधा जन्मभूमि र आधा कर्मभूमिमा रहने गर्दछ । तिनलाई जहिले पनि असुरक्षा, भय, संन्त्रास, मानसिक पीडा, अपरिचय, बिरानोपना वा पराइपना आदिका साथै मातृभूमि र आफन्तजनको संझना वा अतित स्मरणले सताइ रहन्छ । यस्तै अनुभूति र मनस्थितिबाट उत्पन्न साहित्य डायस्पोरिक साहित्य बन्दछ । डायस्पोरिक साहित्यको सम्बन्ध कथ्य वा अनुतिसँग हुन्छ । आत्म पहिचानको संकट, गृह बिरह, भय, त्रास, असुरक्षा, आफू र आफ्नो सत्व हराएको अनुभुति आदि अभिव्यक्त गरिएका साहित्यलाई डायस्पोरिक साहित्यमा दर्न सकिन्छ ( लुइँटेल, २०६४: ६०) । उहाँका अनुसार डायस्पोरिक साहित्य खास साहित्य हो र त्यसमा खास विशेषता हुनै पर्दछ । त्यसै गरी प्रसिद्ध लेखक तथा समालोचक होमनाथ सुवेदी डायस्पोरिक साहित्य र मूलधारको साहित्यमा फरक हुने र डायस्पोरिक साहित्य बन्न निम्न विशेषता रहनु पर्ने बताउनु हुन्छ ।

- नयाँ घर अजिव लाग्नु ।
- पुरानो घरको यादले सताउनु ।
- द्वैध चेतना र अनिश्चिततामा बाँधिनु ।
- मातृभूमिमा फर्किने चाह, विस्थापित ठाउँको पून प्राप्तीको चाहना ।
- अपेक्षया नयाँ ठाउँमा स्थाई काम र मूल थलो द्वैध चेतनाका निरन्तरता ।
- नयाँ राष्ट्रमा बसे पनि मूल राष्ट्रबाट अस्त हुन नचाहनुको पीडा ।
- परदेशीय कम्युनिटी ( स्रष्टा र डिजिटल वार्ता, २०६६: २७२ ) ।

नेपाली डायस्पोरिक साहित्यका अनुसन्धानकर्ताको रूपमा चिनिने वरिष्ठ समालोचक डा. गोविन्द राज भट्टराई डायस्पोरिक साहित्य बन्न अभिघात, साँस्कृतिक चेतनाको द्वैधवृत्ति, ऐकान्तिकता, परिचयहीनता, सीमान्तकृत हुनुले असुरक्षाको अनुभूति हुनु र साँस्कृतिक द्वैधता र अतित स्मरणले पात्रलाई सताइरहनु जस्ता विशेषता साहित्यमा रहनु पर्दछ भन्नुहुन्छ । (सुवेदी, २०६४ : च,छ,ज)

समग्रमा हेर्दा डायस्पोरिक उपन्यास बन्नको लागि त्यस उपन्यासमा प्रस्तुत विशेषता हुनु पर्ने देखिन्छ र त्यसैको आधारमा यस यमपुरीको महल उपन्यासको विश्लेषण गरिएको छ :

### ५.२.१ पुर्ख्यौली भूमि र इच्छित भूमिप्रतिको चिन्ता र चासो

आफू जन्मे हुर्केको भूमि पुर्ख्यौली भूमि र मातृभूमि दुवै हो । विविध कारणबाट वा अनेकन सपनाहरू बोकी अन्य भूमि वा देशमा गइ बस्नुलाई इच्छित भूमि मानिन्छ । इच्छा वा रहरले वरण गर्ने भूमि नै इच्छित भूमि हो । **यमपुरीको महल** उपन्यासको प्रमुख पात्र प्रेम हो । प्रेमको पुर्ख्यौली भूमि नेपालको पश्चिमाञ्चल क्षेत्रको म्याग्दी जिल्ला अर्न्तगत पर्ने राखु गाउँ हो । बि. एड. सम्म पढेलेखेको शिक्षित प्रेम शिक्षक रहेको र शिक्षक हड्तालका कारण उसको शिक्षण पेशा सरकारबाट खोसिएको छ । बेरोजगारीको पीडाले सताइएको प्रेम कमाइ नहुँदा आफू तिरस्कृत भएको अनुभूति गर्दछ “निकालिएको छोरो म ! ओढापैह्नी गर्न नसकेर मुमा र बुबा मेरो गाउँको सालिक जस्तै छन् ! बिना लाजधिन पनि मानिस बाँच्नै पर्दोरहेछ । म किन मर्न नसकेको ? म हुँदा हुँदै पनि मेरो परिवार किन नग्न भएको ?” ( पृ., १)

उपर्युक्त अभिव्यक्तिले प्रेमको घरको दयनीय र रुग्ण अवस्था देखिन्छ । आफ्नो बाबुआमा र छोराछोरीलाई न्यूनतम पारिवारिक सुविधा दिन नसकेकोमा आफूलाई कमजोर ठान्दछ । यसबाट केही गर्नुपर्दछ र आर्थिक अवस्था सुधार्नु पर्दछ

भन्ने लाग्दछ । ऊ त्यसबाट मूक्त हुनको लागि प्रयासरत छ र अन्त्यमा अमेरिका जाने निर्णय गर्दछ ।

"छ न त म पीडित युवक प्रेम बिपनामा नेपालमा थिएँ तर अमेरिकाको सपना देखें ।" (पृ. ५)

प्रेम सधैं तिरस्कृत भएर बाँच्न चाहँदैन । आफ्नो अस्तित्वका लागि विदेश रोज्न बाध्य हुन्छ । उसले इच्छाएको विश्वको सम्भ्रान्त देश अमेरिकाको सपना देख्दछ । त्यसैको कल्पनामा भङ्कीरहन्छ । जसरी भएपनि पुख्यौली भूमिलाई त्यागी समग्र उन्नतिको लागि अमेरिका जानुपर्दछ भन्ने लाग्दछ । अमेरिका जान लाग्दा पनि उसलाई आफ्नो मातृभूमि त्याग्न धेरै गाह्रो भएको देखिन्छ । "म त मातृद्रोही हुँ....मैले धौराली काटें ! सदा सदाको लागि विदा देऊ !" (पृ. १०) भन्दै कल्पिएको छ । उसमा मातृभूमिको मोह चरम रहेको देखिन्छ तर पनि भत्किएको घर, अभावले जीर्ण बनेको परिवार र आफ्नो उन्नतिको लागि विदेशिन बाध्य छ । उसका तृष्णाहरू अनन्त छन र तृष्णा पूर्तिका लागि इच्छित भूमि अमेरिका रोजेको छ ।

विश्वको संभ्रान्त मुलुक अमेरिकाको सौन्दर्य र मनमोहक नदी किनारले प्रेम मुग्ध बनेको देखिन्छ र त्यसलाई ऊ स्वर्ग भन्न थाल्दछ भने त्यहाँको जीवनशैली, भिन्न परिवेश र सँस्कृति आदि कारण उसले आफूलाई दिनदिनै नितान्त एक्लो महशुस गर्न थाल्दछ । जेवन भिसाबाट ऊ वैधानिक रूपले बस्न पाउँदैन त्यसैले लुकेर बस्न बाध्य छ । आफ्ना सम्पूर्ण मौलिक हक गुमाएर हीनदास भई बसेको छ । अमेरिकामा भूमिगत भई बस्नु पर्दा उसलाई नेपालमा राखु र घरपरिवारको चिन्ता र सम्झनाले सताउँछ र भन्दछः " यो स्वर्गै भए पनि बस्दिन " (पृ., १२) । फेरि ऊ आफ्नो मित्र यामबहादुरसँग पैसा नकमाई घर गएर पनि के गर्ने न घरको न घाटको गधा भएर बस्नु पर्दछ । दुखजिलो गरेर भए पनि ससम्मान नेपाल फर्कने इच्छा राख्दछ । यसरी प्रेम पुर्ख्यौली भूमि र इच्छित भूमिको द्वन्द्वमा रुमल्लिरहेको देखिन्छ । यस उपन्यासको पात्र प्रेम दुई भूमिबीच कुनलाई छोड्ने र कुनलाई ग्रहण गर्ने भन्ने द्विविधामा रहेको छ । यहाँ प्रेम डायस्पोरिक पात्रको रूपमा देखिएको छ । यस्ता पात्रहरू पुर्ख्यौली भूमिबाट फूक्लिनु र इच्छित भूमिमा नजोडिनुको संघारमा बाँचिरहन्छन् । (भट्टराई, २०६४: च) । यस्तै मानसिक पीडाको द्वन्द्वमा यमपुरीको महल उपन्यासको पात्र प्रेम रहेको छ ।

## ५.२.२ अल्पसंख्यक तथा सीमान्तीकृत हुनुको पीडा

प्रवासमा डायस्पोरिक पात्रहरू अल्पसंख्यक रहन्छन् । अल्पसंख्यक हुनुको व्यथा निकै पीडादायी हुन्छ । बहुसंख्यकले अल्पसंख्यकमाथि दमन, शोषण गरेको हुन्छ । अल्पसंख्यकलाई सीमान्तीकृत तुल्याइएको हुन्छ । अमेरिकामा आप्रवासी बनेको **यमपुरीको महल** उपन्यासको

पात्र प्रेम पनि त्यस देशमा अल्पसंख्यक तथा सीमान्तीकृत वर्गमा पर्ने पात्र हो । अमेरिका जस्तो मानवअधिकार भएको देशमा पनि गोरा जातिले काला जातिमाथि तथा अल्पसंख्यक आप्रवासीमाथि दमन गरेको उसले देखेको छ । यस प्रकारको चरम पीडा भोग्न प्रेम पनि बाध्य छ । आप्रवासी अमेरिकी नेपालीमाथि भएको शोषण भोग्ने मध्येको प्रतिनिधि पात्र प्रेम पनि एक हो । त्यहाँका गोराले जति दमन गरेपनि प्रतिवाद गर्न नसक्नु सीमान्तीकृत हुनुको पीडा हो । स्नोमूभर भएर काम गर्दा उचित पारिश्रमिक पाएको छैन । ३.५ पाउण्ड पाउँदा पनि चुप नै लाग्नुपरेको छ । बिनाकारण डेभिडले जागिरबाट निष्कासित गर्दा चुपचाप सहनु परेको छ । प्रेम अमेरिकामा अवैध भएर बसेको छ । अवैध हुनु, ग्रीनकार्ड पाउन नसक्नुले ऊ भूमिगत जीवन बिताउन बाध्य छ । भरत र हीराबाट ग्रीनकार्डको आश्वासन मिलेको छ तर त्यो केवल आश्वासनमा मात्र सीमित भएको छ । ऊ भन्छ - "म अवैध छु । न्यायको लागि मेरो वैध प्रविधि को सकाउँछ ? मैले पनि अपनाउन सक्नु पर्दछ अवैध तरिकाहरू ! तर खोई म मा त्यो सहास !" (पृ., ८४) विशाल अमेरिकामा प्रेम नाङ्गो छ । उसमाथि अन्यायको वाण वर्षा भएका छन् । ऊ अधिकार खोसिएको निरीह प्राणी जस्तै मृत्युको प्रतीक्षामा स्वर्गको धर्तीमा बरालिएको छ । ऊ अनुभव गर्दछ जति मानव अधिकारका नियम फलाके पनि दु:खी, गरिब, अल्पसंख्यक र सीमान्तीकृतले न्याय पाउन नसकेको ऊ नै उदाहरण हो । प्रेम भन्छ - "त्यति ठूलो व्यापारीले यौटा वियर र पाजी कुकुरको मासु दिएको भए के सकिन्थ्यो र ? ....म सोच्थेँ, तर जाडोले हात बजेका हुन्थे । एकबार होइन कैयौँबार म काम, माम र बासको लागि बाहिर निस्कैँ , सिलो खोजेँ । कहीँ कुनै दिशामा मेरो लागि बाटो भेटिएन" (पृ., २३) ।

अमेरिकाको धनाढ्य व्यापारीबाट पाजी कुकुरको मासु पनि पाउन नसकेको प्रेम त्यहाँ मानवता खोज्दछ । ऊ कैयौँ दिनदेखि भोकै छ । ऊ प्रति दया भाव देखाउने कोही पनि छैन । काम र मामको लागि निकै भौँतारिएको छ तर कहीँ उपयुक्त काम पाउन सकेको छैन । यो उसको गरिब, असाहय र सीमान्तीकृत हुनुको पीडा हो ।

### ५.२.३ अभिघात अभिव्यक्ति

अभिघात भन्नाले भय, चिन्ता, अपरिचिता तथा डरलाग्दो असुरक्षासँग सम्बन्धित अनुभूति हो । यसले मान्छेको मनमा पर्ने गहिरो चोटलाई प्रतिविम्बित गर्दछ । आफू जन्मेको र हुर्केको थातथलो छोडेर बाध्यता तथा रहरले बिदेशिएका व्यक्ति र उनीहरूको जीवन भोगाइलाई केन्द्र मानेर सिर्जना गरिएका डायस्पोरिक रचनामा अभिघात अभिव्यक्ति पाइन्छ । गोविन्दराज भट्टराई लेख्छन् - "डायस्पोराको सम्बन्ध अभिधातसँग हुन्छ - भय, चिन्ता, अपरिचितता र अन्त्यमा भयङ्कर असुरक्षा - चेतनासँग" ( भट्टराई, २०६४: च) ।

यस उपन्यासको पात्र प्रेमले अमेरिका यात्राको स्वप्न वर्णन गरेको छ । उसलाई पहिलो दिनदेखि नै भय र त्रासले ससंकित बनाएको छ । अवैध रूपमा अमेरिका छिरेको प्रेम अरुबाट छलिन भूमिगत बाटोमा लुकेको अवस्था पनि कम भयग्रस्त छैन । कसैले देखेभने ? भन्ने आशङ्काले पिरोलिरहँदा ऊ झन भयभित भएको देखिन्छ । बाटोमा हिँड्दा कसैले देख्लान भनेर फटाफट हिँड्ने प्रेम भूमिगत रेल स्टेसन न्यूक्यारोल्टन प्रहरी देखेपछिको भयलाई उसले यसरी व्यक्त गरेको छ -

> अँध्यारो एउटा कुनामा गइ पल्टें .. म तर्सिएँ । मामाहरूले पदपदमा बिनाकारण लट्ठीको प्रहार गरी तर्साइएको व्यक्ति म चर्किएँ ........ । वारेन्टेड ! अरेस्टेड डिपोर्टको मलाई त्रास थियो । कहीँ यो मृत देहलाई पूनः मातृभूमिका लागि देखाउन नपरोस म झटपट उठेर अर्को दिशातिर लागेँ (पृ., २०) ।

यी अभिव्यक्तिबाट प्रेमलाई असुरक्षाको त्रासले सताएको छ । पक्राउ परिने डरले ऊ मर्माहत भएको देखिन्छ । त्यस्तै गरी उपन्यासको प्रारम्भदेखि नै त्रासद भावनाले प्रेमलाई ग्रस्त बनाएको देखिन्छ । अस्पतालमा उसको उपचारमा रहेका डाक्टर देखि पनि ऊ भयग्रस्त देखिन्छ । यस्ता अभिव्यक्तिले यस उपन्यासमा अभिघात अनुभूति रहेको स्पष्ट हुन्छ ।

### ५.२.४ द्वैध मानसिकता तथा सांस्कृतिकता

प्रस्तुत उपन्यासको नायक प्रेमको मानसिकता दुईतिर बाँडिएको छ । अमेरिकामा अनेकौं दुःख खप्दै पैसा कमाउन खोज्दछ, यमपुरीको महल निर्माण गर्न खोज्दछ तर उसले सोचेजति केही पनि गर्न सक्दैन । उत्पद्यन्ते प्रलीयन्ते हरिप्राणा : मनोरथाः (दुःखीहरूको मनमा अनेक आशा पलाउँछन् तर ती तुरुन्त विलीन हुन्छन्) भन्दै आफूलाई दुःखी पीडित र बेकम्मा मुसाफिर भएको परिकल्पना गर्दछ । पत्नी र सन्ततिको लागि प्रवासी बनेको प्रेम आफ्नो पीडा उनीहरूले नबुझ्दा दोधारमा परेको देखिन्छ । ऊ भन्छ -

> मेरो यो सानो ज्यान कति जनालाई विलो लगाउने हो कुन्नी ? म हिसाब गर्न सक्दिनँ । ....मेरो कोमल मन विदीर्ण भएर पनि आँसु नचुहाइ छोड्दै छोड्दैन् । कसरी गरु संयोजन ! खण्डित त छँदै छु ! मेरा अनन्त समस्याले अझै राखुदेखि डिसीसम्म डलरको कार्पेट ओछ्याउने माग गरिरहेछन् ! म छु अझै राखुमै मानिसले मलाई चन्द्रमामा बसाउने योजना गरिरहेछन् ! (पृ., ९४)

प्रेममा घर परिवारको संझना र अमेरिकाको मोह बरावर रहेको छ । नयाँ सँस्कृति वरण गर्दा उत्पन्न भय र चिन्ताले प्रेम निसासिएको देखिन्छ । अमेरिकामा हीराको सम्पर्कमा रहनु पनि पर्ने अनि आफ्नी पत्नी लक्ष्मीप्रियाको स्मरणले पनि सताएको छ । आफ्ना छोराछोरी र पत्नीको स्मरण र उता हीराप्रतिको मायामा देखिने द्वैधता नै प्रेमको चिन्ताको विषय बनेको छ । ऊ कुनै कुरामा केन्द्रित हुन सक्दैन । कहिले नेपाल नै ठिक थियो भन्छ

भने कहिले गरिबीले सताइएर गरि खान नसक्ने गैताल भनि आफूलाई ठान्दछ । अमेरिकामा पुगेर पनि ऊ सुखको अनुभुति गर्दैन । त्यहाँ अनेक दुःख सहन गर्न तत्पर हुन्छ तर नेपाल फर्कन चाहँदैन फेरी क्षण क्षणमा स्वदेशको माया र परिवारको सम्झनामा तड्पिरहन्छ । ऊ सँधै अनिर्णित भएर भन्छ - "कुन सत्य हो ? स्वर्ग वा नरक ? अमेरिका वा नेपाल ? प्राचीन वा आधुनिक ? चीन वा भारत ? जीवन वा मृत्यु ? मर्त्यमै छु म द्वन्द्वमै पुगेर स्वर्गमा पनि म छु बाँचेको केवल नरकमै " (पृ., ८२) ।

सत्य के हो भन्ने सम्बन्धमा प्रेम अनिर्णित छ । स्वर्ग नेपाल हो वा अमेरिका यसमा पनि ऊ अनिर्णित देखिन्छ । आफू डलर फल्ने देश अमेरिकामा पुगेर पनि नरकमै भएको अनुभुति गर्दछ । यसरी प्रेम यस उपन्यासमा प्रेम द्वैध मानसिकता र सांस्कृतिकताले पिरोलिएको देखिन्छ । यो डायस्पोरिक पात्रको मानसिक विशेषता हो ।

### ५.२.५ अतीतको स्मरण

डायस्पोरिक पात्रहरूमा प्रवासी जीवनमा दुःखका क्षणहरू आउँदा, एक्लो अनुभूति हुँदा, मानसिक तनावमा पर्दा अतीतको मोहले सताउने गर्दछ । जन्मभूमिको अतीत दुःखद भएपनि यस्ता पात्रहरूले त्यसलाई सुखद रूपमा वरण गरेका हुन्छन् । आफ्नो मातृभूमिमा आनन्दले बिताएको जीवन उनीहरूलाई मुक्तिको मार्ग जस्तो लाग्छ । अतीतको झझल्को रहि नै रहन्छ । उपन्यासको पात्र प्रेमले पनि अमेरिकामा भोगेको कष्टकर जीवनको प्रत्येक क्षणमा अतीतलाई सम्झिएको छ । वासिङ्टन डिसीमा हिउँको रास उठाउँदा राखुको खेतको धानलाई सम्झिन पुग्छ । अनेकन सपनाको बीचमा गन्तव्यहीन हुँदा म्याग्दीको सिमानामा पर्ने तिव्वतको र नेपालको सिर्सिरे चिसो हावालाई सम्झिएको छ । "डि.सी.को डाउनटाउनमा सिट्टी स्याँठ चलेको थियो । नेपाल र तिब्बतको सीमा प्रान्तमा बहने वायुको तीब्र वेग नै यहाँ छुटिएको जस्तो लाग्यो" (पृ. २६) । हीराले उनको घरमा लगि बेसमेन्टमा वास दिँदा गाउँको कान्लामुनिको ओडारमा घर बनाई बाल्यकालमा खेलेको संझन पुगेको छ । अमेरिकामा पर्स्यौला सोर्ने काम गर्दा ऊ भन्दछ - "म अमेरिकामा पुगेर पनि नेपालको कुनै मालिकको भित्तामा खोरिया फाँड्दै छु" (पृ. ३६) । साँझ, बिहान, हरेक पल गाउँ घर आफन्तजनको यादमा प्रेम जिएको छ । उसको जिउने साहरा नै अतीतको सम्झना भएको छ ।

### ५.२.६ अस्तित्व बोधका लागि एक सूत्रताको खोजी

डायस्पोरिक पात्रहरूमा बिरानो देशमा रहेर परादेशीय हुनुको पीडा एकातिर हुन्छ भने त्यस्तो पीडालाई अर्कातिर पन्छाएर आफू बलियो हुनका लागि एकताको खोजी गर्ने प्रवृत्ति देखिन्छ । विरानो ठाउँमा आफू कमजोर नदेखिन अस्तित्वको खोजीमा लाग्नु अस्तित्व बोधका लागि एक सुत्रताको खोजी गर्नु हो । नेपालीहरूको सन्दर्भमा हेर्ने हो भने

एन.आर.एन. जस्तो संस्था अस्तित्व बोधका लागि स्थापित संस्थाको एक सशक्त उदाहरण हो । यस उपन्यासमा प्रेमले अनेकन दुःख र कष्ठ खेपेको छ । ऊ हारबाट विचलित भएजस्तो देखिए पनि वास्तवमा ऊ विचलित भएको छैन । विसंगत जीवनलाई संगत बनाउने अनेकन सम्भावनाहरू उसले देखेको छ । जीवन भोगाइको क्रममा अनेकन घुम्तीहरू पार गर्नुपर्दछ । जीवन भन्नु नै संघर्ष हो यसबाट विचलित हुनु हुँदैन भन्ने धारणा प्रेमको देखिन्छ । यस उपन्यासको मूल सार पनि अस्तित्व बोध हुनको लागि सपनामा कुद्ने होइन यथार्थलाई भोग्नु पर्दछ भन्ने नै देखिन्छ । प्रेमले रेल स्टेसनमा बेल्चा समातेर हिउँ सोहर्ने बेला भेटिएकी भारतीय हीराले उसलाई माया गरी आश्रय दिनु वा पाकिस्तानीले टुरिष्ट भिसा पठाइदिने कुरा गर्नु दक्षिण एसियाली एकता सुत्रको खोजी हो ।

सूचना प्रविधि र यातायातको चरम विकासले विश्व एउटा गाउँ जस्तो बन्दै गएको छ । यसै परिवेशमा जुनसुकै देशका नागरिकहरू आफ्नो बाध्यताका साथै चाहनाका प्वाँख फिँजाउँदै जुनसुकै देशका कुनामा पुगेर आफ्नो सानो परिवेश खडा गर्ने क्रम पनि उत्तिकै बढिरहेको छ । यही क्रममा नेपालीहरूले पनि विश्वका कुनै पनि कुनामा सानो परिवेश खडा गर्ने क्रम बढिरहेको देखिन्छ । यस्तो डायस्पोरिक परिवेशमा रहने मानिसहरूका इच्छा, आकाँक्षा, भावना र अनुभूति फरक रहेका हुन्छन्, चाहे जुन कुनै मुलुकका व्यक्ति जहाँ सुकै रहेका हुन उनीहरूको डायस्पोरिक अनुभूति साझा हुन्छ । यही साझा अनुभूतिलाई पोखिएको कृति डायस्पोरिक कृतिका रूपमा कहलिन्छ । त्यस्तै यमपुरीको महल पनि डायस्पोरिक विशेषता बोकेको एक विशिष्ट उपन्यासको रूपमा रहेको छ । डायस्पोरासँग सम्बन्धित अभिघात वा भय, चिन्ता, अपरिचितता, अतितको स्मरण, द्वैध मानसिकता तथा साँस्कृतिकता, सिमान्तीकृत हुनुको पीडा वा पुर्ख्यौली भूमि र इच्छित भूमिप्रतिको द्वैध चिन्ता र चासो जस्ता विशेषताहरू यस उपन्यासमा रहेका छन् । यमपुरीको महलमा डायस्पोरिक साहित्यले प्रस्तुत गर्ने सारा चरित्र छन् । (भट्टराई, २०६४ : त) । यो उपन्यास डायस्पोरिक जीवन भोगाई, त्यस भित्रका आशा, निराशा, आन्तरिक पीडा, विचलन, परवसता, एक्लोपना अनि मानसिक भय र त्रास देखाउन सफल छ । मनका आकाँक्षा तथा भौतिक आवश्यकता पूर्तिका लागि ठूलो सपना बोकेर अमेरिका वा अन्य त्यस्तै विकसित देशमा पसेका र बसेका परादेशीयहरूको कथा र व्यथाको माध्मबाट जीवनबोध गराउने ध्येय यस उपन्यासको देखिन्छ । यसमा निहित कष्टकर मानसिक सँघर्ष, संत्रासमय भविष्य, परिचयको संकट, अतीतको मोह आदिलाई डायस्पोराकै भुक्तभोगी भएको कारण उपन्यासकार स्यम् सुवेदीले बढी मार्मिक र यथार्थ तवरले प्रस्तुत गरेका छन् र यो उपन्यास नेपाली भाषाको एक सफल डायस्पोरिक उपन्यासको रूपमा रहेको देखिन्छ ।

## ५.३ यमपुरीको महल उपन्यासको शैली र शिल्प

यमपुरीको महल उपन्यास प्रस्तुति र शिल्पका दृष्टिले नौलो देखिन्छ । यस उपन्यासको पात्र प्रेम आफ्नो घरको आगनमा सुतेको छ । सुतेको चार-पाँच घण्टाको बीचमा सपना देखेको छ । उसको चेतन र अवचेतन मन यथार्थ र सपनामा बिभाजित छ । सपनाको मनोलोकमा विचरण गर्दै अमेरिकामा पुग्छ र कहिले आफूलाई राखुमा पाउँछ । यसरी उपन्यासमा स्वप्नलाई चेतना प्रवाहको रूपमा प्रयोग गरिएको छ (भट्टराई, २०६४ : ट) । प्रेमका मनमा धारणा, विचार र भावनाको अटुट प्रवाह देखिन्छ । उपन्यासको पात्र प्रेमको कथनलाई एकलापीय शैलीमा प्रस्तुत गरिएको छ । प्रेमले अनुभूति गरेको विचारलाई मनोविज्ञानको चेतना प्रवाह शैलीमा विशृङ्खलित रूपमा प्रकट गरिएको छ । प्रेमले आफ्नो परिचय आफैँ दिन्छ । आफू जन्मिएको ठाउँ, बाबुआमा, बाल्यकाल, पत्नी, सन्तति, आफ्नो शिक्षा, व्यवसाय, घरको आर्थिक अवस्था, बेरोजगारी हुँदाको दुर्दशा, दुई पटक अमेरिका प्रस्थान, अमेरिकी आप्रवास र त्यससँगको बसाइका दुःखद क्षण, पीडा, वेदना, मृत्युबोध, मातृभूमि, स्वजनको स्मृति आदि कुरालाई क्रम नमिलाई विशृङ्खलित रूपमा प्रस्तुत गरिएको छ । उपन्यासको दृष्टिविन्दु पात्र प्रेमको कथन क्रमभंग विशृङ्खलित र आवेग प्रधान छ । उसको जीवन विसंगत देखिन्छ । विसंगति बोधबाट डायस्पोरिक पात्रहरू विक्षुब्ध बन्नुपरेको वर्तमान परिस्थितिलाई प्रेमको माध्यमबाट व्यक्त गराईएको छ । आप्रवासी नेपालीको संत्रस्त, अनिश्चित, भ्रमपूर्ण र द्विविधा युक्त जीवनशैलीलाई प्रस्तुत गरिएको छ । कथानक कार्यकारणले युक्त घटना र कार्यको शृङ्खलामा आवद्धता पाइँदैन । यसलाई जहाँबाट आरम्भ र अन्त्य गर्न सकिन्छ । यसको संरचना छरिएको देखिन्छ । उपन्यासको मञ्चीय पात्र प्रेम मात्र छ । अन्य पात्र नेपथ्यमा देखिन्छन् । उपन्यासमा प्रयुक्त परिवेश प्रेमका मानसिक संचरणमा छन् । चेतना प्रवाह, आन्तरिक एकालापीय शैलीको प्रयोग यसको घटना वर्णन प्रक्रिया अटुट र विश्रामहीन रहेको छ । यस्तो प्रवाह उपन्यासको सम्पूर्ण रचना प्रक्रियामा देखिन्छ ।

डायस्पोराका पात्र मनोविज्ञानसँग सम्वन्धित हुन्छन् । त्यो पक्षलाई प्रेमले देखेको सपना र उसको चेतन, अर्धचेतन र अवचेतन मनका तहलाई वाष्पचेतना पद्धतिका आधारमा उपन्यासको पात्र प्रेम मार्फत विशृङ्खलित रूपमा प्रस्तुत गरिएको छ । डायस्पोरिक पात्रका आचरण, क्रियाकलाप अभिघातसँग सम्वन्धित हुन्छन् । उपन्यासमा प्रवासी भूमिमा प्रेमले आफूलाई असुरक्षित पाउँदा उसका मनमा उत्पन्न भएका भय, आतङ्क, असुरक्षा, चिन्ता आदिलाई उसैको मुखबाट एकलापीय शैलीमा व्यक्त गराइएको छ । डायस्पोरिक पात्रहरूले पराभूमिमा भिन्न संस्कृतिमा समायोजित हुँदा भोग्नु परेका बिवशताहरू उपन्यासमा भेटिन्छन् । यहाँ विधा मिश्रणको रूप पनि भेटिन्छ । प्रेमले व्यक्त गरेका घटनाहरूको शृङ्खलामा दैनिकी, संस्मरण, कविता, संवाद आदि छन् । उपन्यासको

भाषा आलंकारिक छ । परिच्छेदको विभाजन र पूर्व परिच्छेदले पश्च परिच्छेदलाई दिने सूचना संकेत भेटिन्छ भने कतै कतै अमेरिकी आप्रवासी नेपालीले प्रयोग गर्ने भाषा देखिन्छ । उपन्यासमा आएका कतिपय वाक्यहरू अपूर्ण छन् । ती वाक्यहरू खाली ठाउँ (....) ले भरिएका छन् । वाक्य गठनमा जटिलता पाइन्छ । उपन्यासका विषयवस्तु र प्रस्तुति विविधतायुक्त छ । डायस्पोरिक कोणबाट प्रयोग हुने प्रायः सबै रूप र पक्षको उचित प्रयोग हुनुले यसको शैलीमा उत्कृष्टता रहेको छ ।

मोहमा जकडिएको प्रेम पहिलो पटक टुरिष्ट भिसामा अमेरिका पुगी फर्केर आएको छ । ऊ नेपाल बस्न चाहन्छ, देशप्रेमी छ, शिक्षित छ तर छेउछाउका अरुहरूको नजरमा अगतिलो ठानिएपछि उसको स्वाभिमानमा ठेस पुग्दछ । मान्छे समाजमा बसेपछि आफ्नो स्वतन्त्र अस्तित्व सहित रम्न नसक्ने रहेछ भन्ने उसलाई लाग्दछ । समाजको नजरमा अगतिलो ठानिएपछि निर्वासन चित्तले त्यस ठाउँमा आफ्नो अस्तित्व रक्षाको लागि उसले गरेका संघर्ष र भोगेका पीडाले भौतिकवादी सुखको पछि लागेर विदेशीनेहरूको मनमा हजारौं प्रश्नहरू तेर्स्याउन सफल हुन्छन् । विदेशमा जस्तोसुकै निकृष्ट अवश्थामा रहेपनि ऊ आफ्नो देशको शिर नझुकोस भनी चाहना राख्ने सच्चा देशभक्त हो । आफ्नो हविगत जस्तोसुकै भएपनि देशप्रेम वास्तवमै उच्च हुन्छ भन्ने कुरा उसले आफू असाध्यै हीन अवश्थामा रहेको वेला हीरालाई म नेपालको हैन पाकिस्तानको हो भनी चिनाउनुले प्रष्ट हुन्छ ।

## ५.४ यमपुरीको महलमा मार्क्सवादी सौन्दर्य चेतना

मार्क्सवादी सौन्दर्य चेतना साहित्यिक समालोचनको एक विशिष्ट पक्षको रूपमा रहि आएको छ । मार्क्सवादी सौन्दर्य चेतनालाई प्रगतिवादी चेतना पनि भनिन्छ । यो मार्क्सवादको साहित्यिक रूपान्तरणको रूपमा रहेको छ । मार्क्सवाद जीवन जगतको वैज्ञानिक किसिमले व्याख्या गर्ने र जीवन जगतलाई बदल्न चाहने, जीवन जगतका परम्परागत स्वरूपलाई बदलेर नयाँ रूप दिन चाहने दर्शन हो । यसको मूल मेरुदण्डको रूपमा मार्क्स एङ्गेल्सद्वारा प्रतिपादित द्वन्दात्मक भौतिकवादी दृष्टि अनुसार यथार्थ जगत गतिशील छ, यो कुनै परमसत्ताद्वारा निर्मित नभएर स्वसत्ता सम्पन्न छ अनि मानव चेतना देखि यसको स्ववतन्त्र आफ्नै अस्तित्व छ । मान्छेको चेतनाले उसको अस्तित्वको निर्धारण गर्दैन, सामाजिक चेतनाले नै उसको अस्तित्व निर्धारण गर्दछ (गौतम, २०४९ : २९) वस्तुको स्वतन्त्र अस्तित्वलाई स्वीकार गर्ने द्वान्दात्मक भौतिकवादले प्रकृतिका सबै वस्तु परिवर्तनशील छन र त्यस्तो परिवर्तनको आधारचाहि पदार्थ भित्र अन्तर निहीत विरोधी तत्वहरू वीचको द्वन्द्व वा सङ्घर्ष नै हो भन्ने ठान्दछ (पाण्डेय, २०५६ : १) यसले पदार्थ भित्र अन्तरनिहीत विरोधी तत्त्वहरू बीचको द्वन्द्व वा सङ्घर्षलाई विनाशको सूचक नठानेर विकासको सुचक ठान्दछ । ऐतिहासिक भौतिकवाद अनुसार समाज विकासको मूल आधार

भौतिक साधनको उत्पादन हो र समाज विकास भनेको भौतिक साधनको उत्पादनको द्दविकास हो । समाज विकासको क्रममा उत्पादन सम्वन्ध र उत्पादन शक्ति वीच श्रम सङ्घर्ष चल्दछ जसले वर्ग सङ्घर्षको रूप लिन्छ । यो वर्ग सङ्घर्ष नै समाज विकासको मूल कारण बन्न पुग्दछ । यसलाई स्पष्ट पार्दै मार्क्स - एङ्गेल्स भन्दछन् - अहिले सम्म अस्तित्वमा रहेका सवै समाजहरूको इतिहास वर्ग सङ्घर्षको इतिहास हो (बराल, २०६३ : २४) । यसरी समाजलाई वर्गीय दृष्टिले हेर्ने र वर्ग सङ्घर्षलाई नै समाज विकासको प्रमुख आधार मान्ने द्वान्द्वात्मक ऐतिहासिक भौतिकवादलाई नै प्रगतिवादले आफ्नो मूल सैदान्तिक आधार बनाएको छ । द्वान्द्वात्मक तथा ऐतिहासिक भौतिकवादमा आधारित साहित्य चिन्तन भएकोले यो यथार्थ विरोधी नभई यथार्थलाई द्वन्द्वात्मक सन्दर्भमा हेर्ने विशिष्ट साहित्य सिद्धान्त हो । समाजलाई वर्गीय दृष्टिले हेर्ने हुँदा प्रगतिवादी साहित्य पनि वर्गीय हुन्छ र त्यो शोषित सर्वहारा वर्गको मुक्तिका लागि केन्द्रित  हुन्छ ।

होमनाथ सुवेदी मार्क्सवादी सौन्दर्य चेतनामाथि झुकाव राखी साहित्य सृजना गर्ने साहित्यकारको रूपमा चिनिन्छन् । उनका अघिल्ला उपन्यासहरूमा मार्क्सवादी सौन्दर्य चेतनाको स्पष्ट स्वरूप भेट्न सकिन्छ । उनका उपन्यासहरूले निरीह र निमुखाहरूको पक्ष लिएका छन् । सुवेदी मार्क्सवादी चिन्तनबाट प्रभावित हुनाले उनका उपन्यासमा निम्न वर्गप्रति सहानुभूति पाइन्छ र तिनका संघर्षपूर्ण जीवनको वकालत गरिएको हुन्छ (एटम, २०६७ : ३७) । अघिल्ला उपन्यासहरूमा मार्क्सवादी सौन्दर्य चेतनाको प्रखर प्रयोग गरिसकेका सुवेदीले यस उपन्यासमा फरक ढङ्गवाट प्रगतिवादी चेतनाको स्वर मिसाएका छन् । यो उनको यस उपन्यासको छुट्टै विशेषताको रुमपा रहेको देखिन्छ । यो उपन्यास विदेशी वसाई र भूक्त भोगाइको अवस्थालाई प्रस्तुत गरिएको वैदेशिक पीडाको संगालोको रूपमा देखिए पनि उपन्यास भित्र जीवन जगतका आसावादी स्वरहरू पनि उत्तिकै रूपमा ससक्त रहेका छन् । मार्क्सवादी चेतनाको प्रखर स्वर मुख्य रूपमा मुखरित नभएपनि मार्क्सवादी सौन्दर्य चेतना यस उपन्यास भित्र स्पष्ट देख्न सकिन्छ ।

मार्क्सवादी साहित्य सिद्धान्तले कुनै पनि कृतिमा समाज परिवर्तनको माग गरेको हुन्छ । समाजमा चलेको नकारात्मक प्रवृत्तिलाई निरुत्साहित गरि समाज रूपान्तरण यसको मुख्य ध्येय हुन्छ । यस उपन्यासको मुख्य ध्येय पनि त्यही देखिन्छ । साहित्यले यथार्थ देखाई समाज बदल्ने साहास राख्नु पर्ने विचार यहाँ प्रकट भएको छ । यस उपन्यासमा बाह्य देशमा रहँदा भोग्नु परेका पीडाहरूलाई यथार्थ रूपमा देखाइएको छ र त्यस्ता पीडाहरूको माध्यमबाट आँखा चिम्लेर विदेशी मोहमा जाकिने होइन स्वदेशलाई बदल्ने हिम्मत राख्नु पर्ने चाह देखिन्छ । नेपाली समाज अझैपनि पराइ देशको कल्पना गर्दा सुन फल्ने देश भनेर आँखा चिम्लेर त्यता कुद्न मरिमेट्छन् तर यथार्थ असाध्यै तितो हुने कुरा यस उपन्यासमा देखाइएको छ । जसको माध्यमबाट विदेश जान चाहनेहरूले आफ्नो सोचाइमा परिवर्तन

ल्याउनु पर्ने सन्देश देखिन्छ । उपन्यासमा व्यक्त "सपनामा होइन बिपनामा बाँच्ने गर, कलाबाट कल्पिने मात्र होइन, स्वयंमा कुद्ने गर (पृ., १३६)" भन्ने जस्ता अभिव्यक्तिले यथार्थ जगतमा उत्रि समाजका नकारात्मक सोचहरूलाई बदल्ने र सुन्दर समाज निर्माण गर्ने अभिव्यक्ति दिएका छन् ।

मार्क्सवादी सौन्दर्य सिद्धान्तले साहित्यमा सामाजिक यथार्थको चित्रण गर्दै समाजवादी आदर्शको संयोजन गर्नु पर्ने कुरामा जोड दिएको हुन्छ । वास्तवमा मार्क्सवादी उपन्यासको प्रमुख उद्देश्य वस्तुगत यथार्थको सक्रिय प्रतिविम्बन गर्दै निश्चित सौन्दर्यात्मक आदर्श प्रस्तुत गर्नु हो र यो काम उपन्यासकारले कुनै नायकको निर्माणद्वारा नै गर्दछ (बराल, २०६३ : १३५) । यस्ता साहित्यमा समाजको जे जस्तो स्थिति छ र समाज जे जसरी चलेको छ त्यसको वस्तुगत चित्रण गर्दै समाजिक आदर्शको संकेत गरिएको हुन्छ । यस दृष्टिले यमपुरीको महललाई हेर्दा उपन्यासको सुरुमा शिक्षित नेपाली युवाहरूको सामयिक नियतिलाई प्रस्तुत गरिएको छ । ६० को दशकमा नेपालमा देखिएको राजनीतिक अस्थिरता, आर्थिक संकट र सामाजिक अवस्थाको तड्कारो चित्रण यस उपन्यासमा गरिएको छ । बि.एड्. पास गरेको नेपाली युवक, गाउँको बसाइ, शिक्षक जागिर त्यो पनि शिक्षक आन्दोलनका लागेको कारण समाप्त हुनु र एउटा शिक्षित युवक गाउँमा त्यतिकै बस्ता गाउँलेले गर्ने खिसिट्युरी तत्कालिन नेपाली समाजका यथार्थ हुन भने नेपाली युवाहरूको आर्थिक दुरावस्था र त्यसबाट मुक्ति पाउने अभिलाषा र योग्यता अनुसारको कामको खोजी र त्यसको अभाव पनि समसामयिक नेपाली यथार्थ नै हुन् । "योग्यता अनुसारको कामबाट उपार्जित माम नै सायद मेरो खोज थियो क्यारे ! यदा कदा बाटो नपाएर राहुलका चारबेद र मार्क्सका दास क्यापिटल पल्टाएर झोक्रिएर मात्र के गर्नु ? आफ्नो स्थायी काम नभएपछि" (पृ. ३) । यस उपन्यासको नायक प्रेम वि.एड्. पास गरेको शिक्षित युवक भएपनि उसको आर्थिक यथार्थता उपन्यासमा यसरी देखिएको छ -"आर्थिक स्रोतको कुनै द्वार खुल्ला थिएन । .... मेरो सानो भएको शिक्षक पेशा पनि शिक्षक हड्तालमै छिनियो । जतिसुकै ध्याउन्न गरेपनि काम पाउन सकेको थिइनँ । न त त्यो अँध्यारोलाई चिर्ने कुनै प्रकाश ल्याउन मै मतैक्य पाएँ । म के गर्न सक्थे ? उही वाक्क लाग्दो जीवन (पृ. ३) ।

पढेलेखेको मानिसले पैसा नकमाए त्यो काम नलाग्ने हुन्छ भन्ने नेपाली समाजको बुझाइलाई यस उपन्यासले यसरी व्यक्त गरेको छ । "तेरै दाँवली दिलिपले काठमाडौंमा घर बनाइसक्यो खोइ के गरिस तैंले ? तँ त अगतिलो रहेछन् !(पृ. १७)

तात्कालीन माओवादी द्वन्द्व र सात दल बीच भएको राजनीतिक सम्झौता स्पष्ट उल्लेख उपन्यासमा गरिएको छ भने नेपाली युवाहरूको मनमा उब्जिएको राजनीतिक अविश्वास पनि उपन्यासमा उल्लेख भएका हीरा र प्रेम बीचका यी संवादले स्पष्ट पारेका

छन : - “च्यालन छपन्नमा सगरमाथा टिभीले भनेको सुने .... नेपालमा सात दल र माओवादीको बीच हिजो सम्झौता भयो । अब नेपालमा शान्तिको सम्भावना छ ।

हीरा - “गजब भो । तिमी पनि नेपाल जान्छौ कि अब” मैले विस्तारै भने - “यो बुढो शरीर **यमपुरीको महल** भइसक्यो । मलाई व्यङ्ग्य नगर ।”

म हाँसिन र शान्त स्वरमा जवाफ दिएँ - “यो सामचार हिजै मैले बिबिसीमा सुनिसके । नेपाली पोस्टडट्कम, नेपाल जापान डटकम, फ्रि नेपाल डटकम सबैले दिइसके ।” उपन्यासको प्रमुख पात्र प्रेम नेपालको राजनीतिक सहमतिबाट सन्तुष्ट छैन किनकी नेपालको अविश्वासनीय राजनीतिक अवस्था नेपाली युवाहरूले भोगेको यथार्थ हो । उसले यसलाई राम्ररी अनुभव गरेको स्पष्ट हुन्छ । यसरी यस उपन्यासमा नेपालको सामाजिक, आर्थिक र राजनीतिक यथार्थलाई स्पष्ट उल्लेख गरी त्यसवाट युवाहरूलाई जागरुक हुने संकेत गरेको छ ।

मार्क्सवादी सौन्दर्यशास्त्रको लागि उपन्यास सामाजिक अन्तर्सम्वन्ध र वर्ग द्वन्द्वलाई अभिव्यक्त गर्ने सबभन्दा महत्त्वपूर्ण विधा हो (बराल, २०६३ : १०९) । यसरी मार्क्सवादले समाजलाई वर्गीय दृष्टिले व्याख्या गर्दछ जस अनुसार समाज स्पष्ट रूपमा दुई वर्गमा बिभाजित भएको हुन्छ - एउटा पूँजीवादी वर्ग र अर्को सर्वहारावादी वर्ग । यी दुई वर्गबीचमा हुने द्वन्द्व र सङ्घर्षबाट नै समाज विकसित भइ रहेको हुन्छ । पूँजीवादी वर्गले जहिले पनि शासन सत्तालाई आफ्नो हातमा लिएर सर्वहारा वर्ग माथि शोषण र दमन गरिरहेको हुन्छ भने सर्वहारा वर्ग शोषण र दमनबाट मुक्तिको प्रयासमा लागिरहेको हुन्छ । यस्तो अवस्था जुनसुकै समाजमा व्यक्त हुन्छ । यो उपन्यास अमेरिकी परिवेशमा लेखिएको ले झन पूँजीपतिको मुलुक मानिने अमरिकामा किन नहुने ? त्यहाँको सेभन एलेभनमा काम गर्ने स्थानीय कर्मचारी ईश्वरी र प्रेमबीच भएको द्वन्द्वले वर्गीय रूप स्पष्ट देखाएको छ । इश्वरी वैध भएको कारण शासन सत्ताको नजिक छ भने प्रेम उनीहरूको नजरमा अवैध भएको कारण शोषित बनेको छ । त्यसैले ईश्वरीले प्रेमलाई अनेक तरहले निम्न देखाउने र हेला होचो गर्ने काम गर्दछ । मार्क्सवादले यथास्थितिमा विश्वास राख्दैन द्वन्द्व र संघर्षबाटै सामाजले अग्रगामी निकास प्राप्त गर्दछ भन्ने कुरामा विश्वास राख्दछ तसर्थ समाजमा शोषणको यथास्थिति सदैव रहिरहन्छ भन्ने छैन । यस उपन्यासमा पनि ईश्वरीले ठूलाबडाको प्रतिनिधित्व गरेको छ भने निरीह र श्रमिकको प्रतिनिधित्व प्रेमले गरे पनि वर्गीय विभेदको चेतना प्रेममा देखिएको छ । ऊ इश्वरीका हरेका नराम्रा पक्षलाई सधैं सहेर नबस्ने अठोट गर्दछ । उ भन्दछ

..... सेभेन एलेभेनमा काम गर्ने भाडाको टट्टु इश्वरीले मलाई किन डम भन्ने ? डम भनोस हाँसो ठट्टामा तर किन ती राता राता तीखा तीखा आँखाले मलाई हेरेको ? के उ मैनेजर हो ?

यस कारणले जे गर्न पनि हुन्छ ? हो ठूलावडाको आदर गर्नु पर्दछ । के सानोलाई सदा हेला गरिरहनु पर्दछ (पृ.,४४) ।

उपन्यासमा स्पष्ट रूपमा पूँजीपति र सर्वहारा वर्गको बीचको निर्णायक युद्धमा त उपन्यास पुगेको छैन तापनि मुख्य पात्र प्रेमले इश्वरीलाई मुक्का हानेको र उसँग नझुकेको देखाएबाट निरीहहरूको पक्षमा उपन्यास उभिएको छ । शोषितहरू सदैव सहेर बस्दैनन भन्ने आशावादी स्वर यहाँ देखिन्छ - "एक दिन होइन, दुई दिन होइन, एकजना होइन दुईजना होइन हर एक दिन व्यक्तिले अमानवीय निर्मम कठोर प्रहार कति सहिरहनु (पृ. ४५) ?

प्रगतिवादी चेतनाले कुनै पनि कुराको विकासमा निश्चित प्रक्रिया र समयको भूमिकालाई स्वीकार गर्दछ । त्यसैले यस्तो चेतना दिने कृतिमा कुनै पनि कुराको अप्रत्याशित वा चामत्कारिक विकासलाई ठाउँ हुदैन, न त कोरा भावुकता नै हुन्छ । यस उपन्यासमा पनि प्रेमले अमेरिका भासिनु पर्ने परिस्थिति क्रमैसँग आएको छ । एउटा शिक्षित युवकको जागिर खोसिएको अवस्था, आफ्ना छोराछोरी भइसकेका र तिनीहरूको उचित शिक्षा दीक्षाको जिम्मेवारी बोध, आर्थिक संकट, देशको राजनीतिक अस्थिरता, नयाँ कामको बाटो नदेखिनु, स्वदेशमै राम्रो अवशर र संभावना नभेटिनु, एक पटक टुरिष्ट भिसामा अमेरिकाका पुगीसक्नु र त्यहींको भौतिक मोहले तानिरहेको अवस्था हुनु जस्ता घट्नाले प्रेमलाई अमेरिका तिर तानीरहेका छन् भने अमेरिकाको वास्तविक जीवन भोगाइले उसको आफ्नो चेतनामा विकास ल्याउने मौका पाएको छ । जसरी ऊ स्वप्निल संसार अमेरिका हो भनेर दौडिएको थियो, त्यहाँ पुगेर भोगेको यथार्थले आफूमा परिवर्तन वा विकास ल्याएको छ । अन्त्यमा ऊ आफ्नो मुलुकबाट भाग्ने होइन त्यहीका किसानसँग मिली संघर्ष गर्ने निचोडमा पुगेको छ । सपनामा महल बनाउने होइन यथार्थमा हिड्ने सन्देश यस उपन्यासले दिएको छ ।

मार्क्सवादी साहित्य जहिल्यै पनि सर्वहारावर्गको पक्षमा रहन्छ । यसले मान्छेमाथि मान्छेद्वारा गरिने सबै प्रकारका शोषणको विरोध गर्दै स्वच्छ, स्वस्थ्य र सुन्दर समाजको निर्माणका लागी क्रियाशील हुन आह्वान गर्दछ (बराल, २०६३ : ९५) । धार्मिक आडम्वर, अन्धविश्वास, पाखण्डी भाग्यवाद र ईश्वरमा होइन, श्रम र चेतना तथा भौतिक जगतप्रति विश्वास राख्दछ (बराल, २०६३ : ९५) । यस उपन्यासमा प्रेम अमेरिकामा जब भोकै पर्दछ र एउटा रेष्टुरेन्टको खाना उठाउन बाध्य भएको छ, चोरीको अभियोगमा त्यही रेष्टुरेन्टको मालिकले उसको खाना खोस्दा उसमा भएको मानवीय आत्मा विद्रोही भएको छ । मानव भएको नाताले खान पाउने अधिकारको खोजी उसको चेतनाले गरेको छ । "धर्म, दर्शन र ऐन कानुन त केवल पुग्ने मानिसको सभ्यको लागि मात्र हुन् ।" असाहयलाई कसैले पनि हेर्दैन त्यसैले आफ्नो हकको लागि सङ्घर्षमा होमिन तयार हुनु पर्दछ भन्ने उसको भनाइ छ । "म कुनै पनि बेला कुनै पनि प्रकारको सङ्घर्षमा होमिन तयार थिएँ । जिते यौटा धरती हारेपनि दुःखकै समाप्ति । मेरो केही जाने थिएन (पृ. २३) ।"

यस उपन्यासको पात्र प्रेम बरु ढुङ्गा मूढा बोक्न तयार छ वा भोक भोकै मर्नको लागि तयार हुन्छ तर मन्दिरमा पुजारी बनेर बस्न चाहाँदैन । भौतिक जगतलाई वा यथार्थलाई विश्वास गरी श्रममा रमाउन सिकाउने मार्क्सवादी साहित्य सिद्धान्तले मन्दिरको पुजारी बन्नु संसार हारे जस्तो लाग्नु सरह मान्दछ त्यसैले प्रेम भन्छ - "म भोक भोकै मर्छु बरु ढुङ्गा मूढा वोक्छु, म पुजारी बनेर पैसा खान्न । पूजा गरेर ग्रिनकार्ड मलाई चाहिन्न । म नफर्कुला, तर ग्रिनकार्डको पूजामा अमेरिका बेचिन्नँ ।" श्रममा विश्वास राख्ने चेतनशील चरित्रको उदाहरण हो यो ।

मार्क्सवादी साहित्यिक सिद्धान्त श्रम सौन्दर्यको सिद्धान्त हो । भाग्यवादको विरोध गर्दै श्रममा विश्वास राख्न र श्रमकै पूजा गर्नु यसको ध्येय रहेको हुन्छ । यस उपन्यासमा पनि प्रेम श्रम गर्न पाएकोमा खुसी देखिन्छ भने श्रमको उचित मोल नपाएकोमा खिन्न छ यो मार्क्सवादी चेतना हो । श्रम गर्ने श्रमिकले श्रमको मूल्य पाउनु पर्दछ भन्ने चेतनाको बोध उसमा रहेको छ । ऊ भन्छः

> साना कामहरूलाई काम नगन्ने मेरो संस्कारगत कूविचारको फल मैले यही बेहोर्नु पर्दछ । म जति पटक हिउँ फाल्थे, उति पटक प्रयश्चित गरेको अनुभव गर्थे । गर तँ अझै काम । मरे हुन्छ तैंले ? हिउँको ठूलो रास बाहिर थुपार्दा मेरो शरीरमा पसिनाको खोलो बगेको थियो । त्यो ठन्डी थिएन । अपराधको सजायँ पाएकोमा म खुसी नै थिएँ (पृ. २७) ।

यसरी श्रम गर्न पाउँदा खुसी भएको प्रेम श्रमको उचित मोल नपाउँदा चिन्तित देखिन्छ । उपन्यास भित्रका यी पङ्क्तिहरू हेरौँ :

> हेर ! लक्ष्मीप्रिया ! तिमीसित साख्खै भएर मेरा दुर्गुणको बखान गरी फाइदा उठाउन कतिपय महाजन आउलान । भन्लान त्यो कस्तो बेकारको । हेर तिमीलाई धोका दिएर रुवाएर हिँडेको ! मौन बस स्वीकार तर मन खिन्न नबनाऊ । मैले सागरमा खुट्टा हालेको छु त्यस भित्र लुकेको **यमपुरीको महल** उद्घाटन गर्नलाई । तिमी जुध सगरमाथालाई मैदान बनाउनका लागि संकल्प पुरा गर्नको लागि । युद्धको मैदानमा नउत्री जिउन पाउँला भन्ने त तिमीले कल्पनै नगर । यदि तिमी त्यसरी जिउन चाह्यौ भने सायद तिमीलाई मृत्यु लोकमै पनि ठाउँ मिल्ने छैन । युद्ध बिना कुनै पनि कुनामा कसैले सास फेर्न पाउन्न । यदि तिमी खेती गर्दै छौ भने खेतमा पानी लगाउँदा सँधियार सित कलहमा समर्पित होउ, कुलोमा नै तेर्सौ परी सुत । यदि तिमी शिक्षण गर्दै छौ भने तिम्रो शिक्षण विधिमा आक्षेप गरिरहने अरु शिक्षकको पनि दोष पत्ता लगाएर बाभ्क हाल्न तयार भइराख, यदि तिमी पार्टीमा छौ भने बाहिरी शत्रु भन्दा पार्टी भित्रकै शत्रुसित जुध्न तयार भइराख अन्यथा तिमीले एक पाउ पनि धरती पाउने छैनौ (पृ. २७ ) ।

यहाँ समाजको द्वन्द्व, त्यसमा हार नखाने र अघि बढ्ने प्रेरणा, बर्गीय संघर्ष आदि जस्ता सवै किसिमका मार्क्सवादी सौन्दर्यका मूलभूत पक्षहरू देख्न सकिन्छ ।

**यमपुरीको महल** आफैमा मार्क्सवादी सौन्दर्य सिद्धान्तको पक्षमा लेखिएको वा वैचारिक सम्पूर्णता नै प्रगतिवाद भएको कृतिको रूपमा नरहे पनि यस उपन्यास भित्र माक्सवादी सौन्दर्य पक्ष भने रहेको भेटिन्छ । यस उपन्यासले मार्क्सवादी सौन्दर्यलाई स्थान दिएको छ भन्न सकिन्छ ।

## ५.५ निष्कर्ष

आफ्नो जन्मभूमि वा जन्मस्थान छाडेर फरक मुलुक वा स्थानमा बसोबास गर्न पुगेका जुनसुकै मुलुक वा स्थानका व्यक्ति वा समुदायलाई डायस्पोरा भनिन्छ भने त्यस्ता व्यक्तिहरूले सोही ठाउँको अनुभूति व्यक्त गरेर लेखिएका साहित्यहरु डायस्पोरिक साहित्यका रूपमा चिनिन्छन् । यस आधारलाई हेर्दा यमपुरीको महल डायस्पोरिक अनुभूति व्यक्त गर्न सफल उपन्यासको रूपमा रहेको छ । यसमा आएको चेतनाप्रवाह शैलीले डायस्पोरिक अन्तर्मनलाई उजागर गर्न थप सहयोग गरेको छ । डायस्पोरामा बस्नेहरुका साझा अनुभूति मानिने अभिघात अनुभूति, द्वैध मानसिकता, परिचयहीनता, सीमान्तीकृत हुनुको अनुभूति साँस्कृतिक द्वैधता र अतित स्मरणले पात्रलाई सताइरहने जस्ता डायस्पोरिक उपन्यासमा हुनुपर्ने प्रवृत्ति तथा विशेषताहरु यस उपन्यासमा स्पष्ट रूपमा देखिएकाले यो उपन्यास डायस्पोरिक उपन्यास हो भन्न सकिन्छ ।

उपन्यास विश्लेषणको अर्को महत्त्वपूर्ण पक्षको रूपमा रहेको मार्क्सवादी सौन्दर्य सिद्धान्तबाट पनि यस उपन्यासको विश्लेषण गर्दा मार्क्सवादी उपन्यासको विशेषताको रूपमा देखिने वर्गीय द्वन्द्व तथा चेतना, शोषितहरुको अवस्था, उनीहरुमा आउने जागरण, शोषितहरुकै पक्षधरता, श्रमप्रतिको निष्ठा र विश्वास, स्वदेशप्रतिको अभूतपूर्व प्रेम, धार्मिक आडम्वरीप्रतिको विरोध यस उपन्यासमा व्यक्त भएका छन् । यही आधारमा यस उपन्यासभित्र मार्क्सवादी सौन्दर्यको छाप भेट्न सकिन्छ ।

# छैटौँ परिच्छेद

# उपसंहार र निष्कर्ष

## ६.१ उपसंहार

**यमपुरीको महल उपन्यासको कृतिपरक अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र जम्मा छ परिच्छेदमा संरचित छ । पहिलो परिच्छेदको शोध परिचय र छैठौ परिच्छेदको उपसंहार तथा निष्कर्ष शोधपत्रका अनिवार्य खण्ड हुन । दोस्रो परिच्छेद उपन्यासको सैद्धान्तिक विश्लेषण हो भने तेस्रो, चौथो र पाँचौ परिच्छेद शोधका प्रायोगिक खण्डका रूपमा रहेका छन् ।

उपन्यासकार होमनाथ सुवेदीले वि.सं. २०२५ को 'हिमाल साहित्यिक यात्रा' पत्रिकामा प्रकाशित अविवेक कथावाट आफ्नो साहित्यिक यात्रा सुरु गरेका हुन् । २०२५ देखिको उनको साहित्य यात्राले आजसम्म आइपुग्दा कहिल्यै विश्राम लिएको पाइँदैन । जीवनको यात्रामा पनि नेपालको पश्चिमाञ्चल जिल्ला म्याग्दीदेखि काठमाडौं र सात समुद्र वारि पारि गरिरहने सुवेदीको हालको स्थायी वसोवास अमेरिका रहेको छ । बाह्य जीवनको यात्रा जस्तो उनको साहित्य यात्राले पनि सुरुमा नेपाली परिवेशको सजीव चित्र उतार्न सफल भएको देखिन्छ भने पछि नेपालदेखि बाहिर रहेका नेपाली साहित्यकार र तिनीहरूको साहित्यको श्रीबृद्धिमा लागेको देखिन्छ, जसले नेपाली साहित्यमा नयाँपन दिइरहेको छ । होमनाथ सुवेदी नेपाली साहित्यका प्रायः सवै विधामा सिद्धहस्त भइसकेका छन् । कथा, कविता, चिठी, डायरी, लोक साहित्य तथा समालोचना जस्ता सवै विधामा उनको कलम चलेको छ । यसको साथै आख्यान विधाको रूपमा रहेको उपन्यास विधामा उनको विशेष दक्षता देखिन्छ । आठ वटा उपन्यास प्रकाशित गरिसकेका छन् भने अरु पनि प्रकाशनको चरणमा रहेको थाहा हुन आएको छ । **यमपुरीको महल** उनको आठौं उपन्यासको रूपमा रहेको उपन्यास हो । यसले विदेशी परिवेशमा नेपाली मनको सजीव चित्र उतार्न सफल देखिन्छ ।

शोधको दोस्रो परिच्छेदमा उपन्यास सिद्धान्तको वारेमा स्पष्ट पारिएको छ । उपन्यास विश्लेषणको आधार यही समसामयिक विधा सिद्धान्तलाई लिइएको छ । औपन्यासिक विधा सिद्धान्तमा उपन्यासको कथावस्तु, कथानक, पात्र विधान, परिवेश विधान, विचार तत्त्व, दृष्टिविन्दु र भाषाशैलीलाई विशेष जोड दिइ उपन्यास विश्लेषणको आधार तयार गरिएको छ भने यही आधारमाथि टेकेर प्रस्तुत उपन्यासको विश्लेषण गरिएको छ । यसका साथै यो शोध उपन्यासको कृतिपरक अध्ययन भएकोले यसमा भएको औपन्यासिक वैशिष्ट्यको वारेमा पनि प्रकाश पार्ने जमर्को गरिएको छ ।

**यमपुरीको महल** २०६४ होमनाथ सुवेदीको आठौं उपन्यासको रूपमा देखिएको छ। सुवेदीको डायस्पोरिक बसाइ र भुक्त भोगाइको सफल चित्रको रूपमा यस उपन्यासलाई

लिन सकिन्छ । यो उपन्यास सुवेदीले अमेरिका बसाइको क्रममा लेख्नु भएको नेपाली-अमेरिकी परिवेशको उत्कृष्ट उपन्यास हो । यस उपन्यासको कथावस्तु घट्ना वर्णनमा आधारित नभएर त्यसको नायक प्रेमका अनुभूतिसँग बढी सम्वन्धित छ । प्रेमका स्वप्न वर्णनका आधारमा आएका प्रसङ्गहरूलाई १ देखि १८ औं खण्डमा विभाजित गरिएको छ । त्यसमा प्रेमको नेपाल बसाइ, नेपालको तात्कालिन परिवेश, आर्थिक संकट, त्यसवाट मुक्ति पाउनको लागि अमेरिका प्रस्थान, अमेरिकाको सघंर्षपूर्ण जीवन, त्यहाँको कठोर परिश्रम, ग्रीनकार्डको चाह, **यमपुरीको महल** बनाउने धोको र अन्त्यमा दुःखद मृत्युवोध र मातृभूमि प्रतिको अनुराग यस उपन्यासमा कथा वस्तुका रूपमा रहेका घट्ना हुन् । आदि, मध्य र अन्त्यको सिलसिलेवार प्रस्तुति उपन्यसामा नेदेखिए पनि प्रेमको अमेरिका प्रस्थानसम्मको घटनालाई आदि, अमेरिकामा गरेको संघर्षलाई मध्य र त्यहाँ उसले अनुभव गरेको भंयकर मृत्युवोधलाई उपन्यासको अन्त्यको रूपमा लिइएको छ भने उसको किसानको पक्षमा लागि संघर्ष गर्ने चाहलाई उपसंहारको रूपमा लिइएको छ ।

यस उपन्यासको परिवेश प्रेमको मानसिक परिवेशसँग सम्वन्धित हुँदै राखुदेखि अमेरिका सम्मको प्रवासमा भोगेका क्षणहरूमा स्थापित छ । प्रेमको स्वप्नमा अनुबन्धित हुन पुगेका नेपालका राखु, आर्यघाट, वानेश्वर तथा अमेरिकाका भर्जिनिया, लुरेक्याभर्न, स्काइल्याण्डड्राइभ, ग्लिवरोडको एक घर, सबवे मेट्रोसेन्टर एडिसन रोड, वासिङ्टन डी.सी. लगायतका अन्य थुप्रै स्थानगत परिवेश चित्रित छ । यी विभिन्न परिवेशको सेरोफेरोमा प्रत्यक्षरूपमा प्रेमको मनले मात्र परिभ्रमण गरेको छ भने उसैको स्मृतिमा आएका अन्य पात्रहरू लक्ष्मीप्रिया, हीरा, मदन बहादुर, ईश्वरी जस्ता पात्रहरूले उपन्यासलाई गति दिन सहयोग गरेका छन् । उपन्यासको मुख्य चरित्र प्रेमको मन र शरीर विभाजित छ । विभ्रान्त अवस्थामा झै मनोलोकमा विचरण गर्दै उसको आत्मा अमेरिकामा पुग्छ, फेरी म्याग्दीको राखुमा हुन्छ । नेपालमा वेकामे भएको प्रेम अमेरिका पुगेर अरुका निम्ति भएपनि महल निर्माण गर्ने स्वप्न देख्छ । परदेशमा अवैध कामदार भएकै कारण पराधीन हुँदै श्रम शोषण भएको थाहा पाएर पनि चुप लाग्न विवश छ । उसलाई जन्मभूमि नेपाल र कर्मभूमि अमेरिका दुवैले तानेका छन् । जन्मभूमि विगतका रूपमा अएको छ भने कर्मभूमि वर्तमान रूपमा देखापरेको छ । प्रेमले जन्मभूमि छाड्न चाहेर होइन त्यहाँको वेरोजगारीले अमेरिका पुगेको छ तर मन भने नेपालमै पुगिरहन्छ ।

उपन्यासको चौथो परिच्छेदमा प्रस्तुत उपन्यासको दृष्टिविन्दु, विचार तत्त्व र भाषा शैलीको विश्लेषण गरिएको छ । समसामयिक औपन्यासिक विधा तत्त्वको आधारमा यस उपन्यासको दृष्टिविन्दु केन्द्रीय आन्तरिक बनेको छ । स्पष्ट रूपमा  म पात्रको प्रयोग र म पात्र मार्फत नै उपन्यासको सम्पूर्ण घटना विवरण प्रस्तुत गरिएकोले केन्द्रीय आन्तरिक दृष्टिविन्दु स्पष्ट हुन्छ ।

उपन्यासको परिवेश पराइ देश रहेको छ भने त्यही परादेशीय परिवेशमा रहने आप्रवासीहरूको मनोदशाको विश्लेषण यस उपन्यासको मुख्य विषय वस्तु देखिन्छ । उपन्यासको मुख्य पात्र प्रेमको माध्यमबाट अमेरिकी होस् या अन्य नेपाली आप्रवासीहरूको आत्म पहिचानको खोजी र चाहना यस उपन्यासको मुख्य उद्देश्य रहेको छ । उपन्यासको भाव परदेशीय पीडा हो भने यसैको माध्यमबाट अति कम विकसित देशको राजनैतिक अस्थिरता, सामाजिक शोषण, आर्थिक दुरवस्थाबाट त्यस्ता देशका नवयुवाहरूको पलायनवादी प्रवृत्ति पनि प्रस्तुत भएको छ । अति कम विकसित देशहरू शक्तिशाली राष्ट्रका आर्थिक, सामाजिक , सांस्कृतिक र भाषिक उपनिवेश बन्दै गएको यथार्थ पनि उपन्यासले समेटेको छ ।

प्रस्तुत उपन्यासमा विदेशमै भएपनि प्रेमले श्रमको मोल खोजेको देखिन्छ । विनाकारण आफूलाई हेप्न खोज्ने इश्वरीलाई झापड हान्न पुगेको छ । अमेरिकैबाट भए पनि आफ्नी श्रीमती लक्ष्मीप्रियालाई जीवनमा नहारी सङ्घर्ष गर्न सिक भनेर उत्प्रेरित गरिरहन्छ यस कोणबाट यस उपन्यासमा माक्सवादी सौन्दर्य सिद्धान्तको छाप भेटिन्छ । 'युद्ध विना कुनै पनि कुनामा कसैले सास फेर्न पाउन्न'भन्ने अभिव्यक्तिले प्रगतिवादी चेतनालाई ठाउँ दिएको छ ।

उपन्यासमा स्वप्न अभिव्यक्तिको माध्यमबाट जीवनका निरासा निरर्थकता र निस्सारता देखाउँदै यिनै निस्सारता, निरर्थकता र निरासा भित्रैबाट जीवनको उज्यालो भेटिने कुरा उपन्यास भित्र पाइन्छ । जीवनमा अँध्यारा पक्षहरू रहेका हुन्छन् तिनीहरूबाट भाग्ने होइन अँध्यारोलाई चिर्न एउटा सानो दियो नै पर्याप्त भए जस्तै मुलुकको अध्यारो चिर्न सानै प्रयास पनि गहकिलो हुन्छ भन्ने गहन सन्देश यस उपन्यासमा देखिन्छ ।

उपन्यासको भाषाशैली मनमोहक रहेको छ । सुवेदीका तुकबन्दीयुक्त वाक्य, कवितात्मक शैलीले उपन्यासलाई सरस र सहज तुल्याएका छन् । जटिल वाक्य योजना भएपनि उनको कवितात्मक शैलीले उपन्यास लयात्मक बनेको छ । आप्रवासीको अन्तर्मनलाई बिस्कुन लगाउनको लागि चेतना प्रवाह पद्धतिद्धारा स्वप्न वर्णन उत्कृष्ट देखिन्छ ।

उपन्यासको पाँचौ परिच्छेदमा **यमपुरीको महल** उपन्यासको वैशिट्यहरूको बारेमा प्रकाश पर्ने प्रयास गरिएको छ । उपन्यासको अध्ययनबाट यसलाई विशेष शिल्प र शैलीले युक्त, वाष्प चेतना पद्धतिको प्रयोग गरिएको उपन्यासको रूपमा विश्लेषण गरिएको छ । यो उपन्यासमा उपन्यासको मुख्य पात्र प्रेमले ३-४ घण्टा घरमा सुतेको समयको मात्र वर्णन गरेको हो । त्यति छोटो समयमा उसको मनले ५२ वर्ष व्यतित गरेको प्रसंग छ । चेतना प्रवाह पद्धति भनेको मानिसको मनमा आउने क्रमहीन भावनाहरू जसलाई मानिसले लेखाइमा टिप्न सक्दैनन् त्यसैले उपन्यासकारले यस उपन्यासमा सोही पद्धति प्रयोग गरेका

कारण प्रेमका अभिव्यक्तिहरू धेरै ठाउँमा खाली ठाउँ (....) ले भरिएका छन् । नेपाली उपन्यास परम्परामा यही पद्धतिलाई नयाँ पद्धति भनि वरिष्ठ समालोचक डा. गोविन्दराज भट्टराई तथा नेत्र एटमले भनेका छन् । यस अर्थमा नेपाली उपन्यास परम्पारमा सुवेदीको यो उपन्यासले नयाँ छाप दिन सफल बनेको देखिन्छ ।

**यमपुरीको महल** विदेशी परिवेशमा नेपालीहरूको मनस्थिति उतार्न सफल देखिएको छ । नेपाली साहित्यमा भित्रिदै गरेको डायस्पोरिक सिद्धान्तलाई आधार मानेर लेखिएको पहिलो उपन्यास हो भनेर समालोचकहरूले विभिन्न ठाउँमा चर्चा परिचर्चा पाइरहेको उपन्यास हो **यमपुरीको महल** । नेपाली साहित्यमा डायस्पोरा सम्वन्धी खोज गर्ने समालोचक गोविन्द राज भट्टराईले डायस्पोरा बन्नको लागि साहित्यमा अभिघात, दैध मानसिकता, पुर्ख्यौंली भूमि र इच्छित भूमि प्रतिको चिन्ता र चासो सीमान्तीकृत हुनुको पीडा, अतीत मोह जस्ता विशेषता हुनु पर्ने भनी बताउनु भएको छ यिनै विशेषताको आधारमा **यमपुरीको महल** लाई विश्लेषण गर्दा डायस्पोरिक उपन्यासमा हुने सम्पूर्ण तत्त्वहरू वा गुणहरू यसमा रहेकोले यो नेपाली उपन्यास परम्परामा प्रथम डायस्पोरिक उपन्यास बन्न सफल रहेको भनेर भट्टराइले लेख्नु भएको छ ।

होमनाथ सुवेदी स्वय डायस्पोराका भुक्तभोगी  भएको कारणले उनको मुख पात्र जस्तो बनेको छ यस उपन्यासको पात्र प्रेम । प्रेमबाट अभिव्यक्त भएका भावनाहरूले यस उपन्यासलाई यथार्थ बनाउन बढी मद्दत पुगेको देखिन्छ । पराईदेशमा भोग्नु परेका पीडा, भय, आशा, निरासालाई मार्मिक ढङ्गले उतारिको छ । यस उपन्यासले भूमण्डलीकरणको वर्तमान विश्व परिवेशमा विभिन्न कारणले देश छाडेर विदेशमा बस्न वाध्य आप्रावासीहरू वा सुनौलो सपना बोकेर अमेरिका भासिएका अवैध मजदुरहरूको जीवनको यथार्थ र तिनको अनुभूतिलाई उद्घाटित गर्न पुगेको छ ।

प्रवासी जीवन बिताउँदा पाइने दुःख कष्ट, भय, चिन्ता, एकाङ्कीपन, असफलता अनिश्चितता, स्वदेश र स्वजनसँगको बिछोडको पीडा र अमेरिकामा बेवारिसे भएर खान नपाई बाँच्नु पर्दाको वेदनालाई उपन्यासले समेटेको छ । यही आप्रवासी चेतनालाई उजागर गर्दै प्रेमले मानवका रूपमा जीउन गरको सङ्घर्षको पाटोबाट नियाल्दा आस्तित्विक चेतनायुक्त मानवीय शारीर कामना, बासना, इच्छा र तृष्णाले तानीरहेको एउटा नर्क लोक हो जस्तो देखिन्छ, जुन मान्छेको अध्यारोपक्षको जीवनको प्रक्षेपण हो, त्यसको अर्को पाटोमा कोल्टे परेर जीवन दर्शन गर्नसके स्वतन्त्र र संयमित मानव समाजको उज्यालो देख्न पाइन्छ । यसै सन्दर्भलाई लिएर डा.गोविन्दराज भट्टराईले यमपुरीको महललाई नेपाल बाहिर बसेर नेपाली डायस्पोरिक कम्युनिटी निर्माण गरेर त्यहाँको अनुभवमा लेखिएको नेपाली साहित्यको पहिलो डायस्पोरिक उपन्यास हो भनेका छन् ।

प्रस्तुत उपन्यासको मुख्य विशेषता सहित्यमा डायस्पोरिक प्रस्तुति भएपनि मार्क्सवादी सौन्दर्य सिद्धान्तको छाप देखिन्छ । उपन्यास लेखनको सुरुवातमा मार्क्सवादी सौन्दर्यबाट प्रभावित भएका सुवेदीको यस उपन्यासमा पनि प्रगतिवादी चेतनाको स्वरूप भेट्न सकिन्छ । प्रगतिवादी साहित्यका मुख्य विशेषताहरूको रूपमा रहेका बर्गीय धारणा, सामाजिक यथार्थ, समाज परिवर्तनको सोच, धार्मिक आडम्बरको बिरोध जस्ता कुराहरू तथा संकेतात्मक रूपमा कम विकसित मुलुकहरू विकसित मुलुकका आर्थिक, सामाजिक तथा सांस्कृतिक उपनिवेशको रूपमा रूपान्तरण भइरहेको सन्दर्भ र त्यसबाट बिउँझने सन्देश पनि यस उपन्यासले दिएको छ ।

समग्रमा विदेशी परिवेशमा नेपाली अर्न्तमनको चित्रणका साथै बाह्य अवस्थाको वर्णन गरिएको उत्कृष्ट उपन्यास हो । यसमा आप्रवासी नेपालीहरूले विदेशमा भोग्नु परिरहेका दुःख, एक्लोपना, अनिश्चितता, बिफलताको कथा तथा स्वदेश र आफन्तजनसँगको बिछोडको पीडाबोध र तिनीहरूको मानसिकतालाई नवीन ढङ्गले प्रस्तुत गरिएको छ ।

परम्परागत औपन्यासिक विषयवस्तुमा नभै अत्याधुनिक सामाजिक, आर्थिक तथा सांस्कृतिक परिवेश समेट्ने विषयवस्तु समेटिएको यस उपन्यासमा आप्रवासी नेपालीहरूको स्वतन्त्र जीवनका साथै तिनका मनोदशा तथा पीडाको उद्घाटन गरिएको यस **यमपुरीको महल** उपन्यास नेपाली उपन्यासको क्षेत्रमा स्थापित भएको छ ।

## ६.२ निष्कर्ष

उपन्यासकार होमनाथ सुबेदी प्रवासमा रहेर नेपाली साहित्यको उन्नतिका लागि निरन्तर लागि पर्ने आप्रवासी नेपाली साहित्यकार तथा समालोचक हुन् । यमपुरीको महल सुवेदीको आप्रवासमै लेखिएको आप्रवासी मानसिकता देखाउन सफल उपन्यास हो । अठार वटा परिच्छेदमा विभाजित प्रस्तुत उपन्यास **यमपुरीको महल**को कथावस्तु वृतकारीय ढाँचामा लेखिएको जटिल कथावस्तु भएको उपन्यास हो । एकल पात्रको एकलापीय शैलीमा लेखिएको यस उपन्यासभित्र धेरै पात्रहरूको नाम उल्लेख भएपनि ती सबै पात्रहरू मुख्य पात्रकै मनस्थितिका उपज हुन् । उनीहरूको आफ्नो स्वतन्त्र अस्तित्व छैन तर पनि उपन्यासलाई सफल बनाउन उनीहरूको भूमिका महत्त्वपूर्ण देखिन्छ । नेपालको पश्चिमाञ्चल क्षेत्रको म्याग्दी जिल्लादेखि राजधानी काठमाडौं र अमेरिकाका मुख्य सहरहरूसम्म यसको बाह्य परिवेश विस्तारित भएको देखिन्छ भने नेपालको वर्तमान सामाजिक, आर्थिक, राजनीतिकका साथै आप्रवासीहरूको अन्तर्मनको अवलोकन मुख्य रूपमा यसको आन्तरिक परिवेश हो । प्रस्तुत उपन्यासको खास समय २-४ घण्टाको सपना वर्णन रहे पनि यसले विगत दशकौंदेखि आगामी दशकौं वर्षसम्मको समयलाई प्रतिविम्बित गर्न सक्दछ । यमपुरीको महल उपन्यासमा कथाकार स्वयं कथा वाचकको रूपमा आई प्रमुख

पात्रको रूपमा मुख्य भूमिका निभाएकोले प्रथम पुरुष आन्तरिक दृष्टिविन्दुको स्पष्ट रूपमा प्रयोग भएको छ । बाह्य परिवेशमा नेपाली अन्तर्मनको स्थिति र अवस्थालाई चित्रण गर्नु यस उपन्यासको मुख्य उद्देश्य देखिन्छ भने वर्तमान नेपाली शिक्षित युवाहरूको विदेश पलायनको लहड र त्यसबाट बिउँझने सन्देश पनि यस उपन्यासले दिएको छ । प्रस्तुत उपन्यासको कथावस्तु जटिल भए पनि यसभित्र रहेका प्रतिकात्मक र बिम्वात्मक शैली उपन्यासका सुन्दर पक्ष हुन् । उपन्यासमा आएका शब्दचित्रले उपन्यासलाई कलात्मक बनाएका छन् । डायस्पोरिक उपन्यासको रूपमा देखिने विशेषताहरू यस उपन्यासमा भेटिएकाले यसलाई नेपाली डायस्पोरिक उपन्यास भन्न सकिन्छ । मार्क्सवादी साहित्यिक सौन्दर्य सिद्धान्तका रूपमा रहेका वर्ग द्वन्द्व, निमुखाप्रतिको पक्षपोषण, सामाजिक यथार्थता जस्ता विशेषताहरूले यस उपन्यासलाई मार्क्सवादी सौन्दर्य सिद्धान्तबाट प्रभावित बनाएको छ । समग्रमा जटिल कथावस्तु, एकल पात्रको एकलापीय शैली र वृहत परिवेशमा अन्तर्मनको यात्रामा हिँडेको डायस्पोरिक पात्रको कथा हो यमपुरीको महल । यो काल्पनिक महल भए पनि यसका पात्र, घटना, काल, उत्पत्ति र प्रकृति सबै भौतिक संसारसँग गाँसिएका छन् ।

## सन्दर्भसामग्री सूची


अधिकारी, बालाकृष्ण. २०६८."डायस्पोरा : नेपाली साहित्यमा अनुकूलनका समस्या र कारण ". **गरिमा** २९ : ६ पृ. ८८-९४ ।

उपाध्याय, केशवप्रसाद. २०५९. **साहित्य प्रकाश** छै.सं.. ललितपुर : साझा प्रकाशन ।

एटम, नेत्र. २०६७. **नेपाली डायस्पोरा र अन्य नेपाली समालोचना.** काठमाडौं : एकता बुक्स ।

गौतम, देवीप्रसाद. २०४९. **प्रगतिवाद परम्परा र मान्यता.** काठमाडौं : श्रीमती मुना गौतम ।

प्रधान, कृष्णचन्द्रसिंह. २०६१. **नेपाली उपन्यास र उपन्यासकारः** चौं.सं. ललितपुरः साझा प्रकाशन

पाण्डे, ताराकान्त. २०५६. **प्रगतिवाद र कविता.** काठमाडौं : शीला योगी ।

बजगाई, कृष्ण (सम्पा.).२०६६. **स्रष्टा र डिजिटल वार्ता**. वाशिङ्टन डी.सी.: अन्तराष्ट्रिय नेपाली साहित्य  समाज ।

बराल, ऋषिराज. २०६३. **उपन्यासको सौन्दर्यशास्त्र**. दो.सं. ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम. २०५८. **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** दो. सं. ललितपुर : साझा प्रकाशन ।

भट्टराई, गोविन्दराज. २०६२. **उत्तर आधुनिक ऐना.** काठमाडौं : रत्न पुस्तक भण्डार ।

-----------.२०६४. विधा सिद्धान्त र समालोचना **उत्तर आधुनिक विमर्श**. काठमाडौं : मोडर्न बुक्स ।

रेग्मी, मुरामी प्रसाद. २०६५. असार, साउन, भदौ. "यमपुरी महल उत्तरआधुनिक मनोविश्लेषणात्मक समालोचना" **भृकुटी.** १:३, पृ. ८ - १६

लामिछाने, यादवप्रकाश. २०६८. 'डायस्पोरिक कोणबाट यमपुरीको महल उपन्यासको विश्लेषण" **एजुकेशन क्वाटर्ली**, भोलम **१**, डीनको कार्यलय, शिक्षा शास्त्र विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर. पृ. १२० - १३१

शर्मा, बालकृष्ण. २०५६.**होमनाथ सुवेदीको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन.** अप्रकाशित शोध, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल. २०६३. **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त** दो. सं.काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, दयाराम. २०५९. **साहित्यको इतिहास सिद्धान्त र सन्दर्भ.** काठमाडौंः त्रिकोण प्रकाशन ।

सुवेदी, गोरखनाथ.२०६५. होमनाथ सुवेदीको उपन्यासकारिता.त्रि.वि. नेपाली केन्द्रीय विभाग, कीर्तिपुर अप्रकाशित शोधपत्र ।

सुवेदी, राजेन्द्र. २०६४. **नेपाली उपन्यास : परम्पारा र प्रवृत्ति.** ललितपुर : साझा प्रकाशन ।

सुवेदी, होमनाथ. २०६५. **समुद्रपारका समालोचना.** वाशिङ्टन डी.सी.: अन्तराष्ट्रिय नेपाली साहित्य समाज ।

सुवेदी, होमनाथ. २०६८. **अन्तर्राष्ट्रिय नेपाली डायस्पोरा प्राज्ञिक अध्ययन.** वासिङ्टन डी.सी.: अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज ।

सुवेदी, होमनाथ. २०६८. **यमपुरीको महल** दो. सं. ललितपुर : साझा प्रकाशन ।